# नेपाली बालबालिकाको स्थिति २०७०

# The State of Children of Nepal 2013



'बालबालिकाका
कुरा सुनौं:
बाल दुर्व्यवहार
अन्त्य गरौं'







नेपाल सरकार

**महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय**

**केन्द्रीय बालकल्याण समिति**

हरिहरभवन, ललितपुर

# नेपालमा बालबालिकाको स्थिति, २०७०

# The State of Children of Nepal, 2013

नेपाल सरकार

**महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय**

**केन्द्रीय बालकल्याण समिति**

हरिहरभवन, ललितपुर

**प्रकाशक**

नेपाल सरकार
महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय
केन्द्रीय बालकल्याण समिति
हरिहरभवन, पुल्चोक, ललितपुर

**प्रकाशन सहयोग**

युनिसेफ, नेपाल

प्लान नेपाल

सेभ द चिल्ड्रेन इण्टरनेशनल

टेरे डेज होम्स, नेपाल

वर्ल्ड भिजन इण्टरनेशनल, नेपाल

**विश्लेषण तथा सम्पादन**

उद्धबराज पौड्याल

**तथ्याङ्क प्रविष्ट, प्रशोधन तथा लेखन**

| | |
|---|---|
| सुनीता शाह | (बालअधिकार अधिकृत, काठमाडौं) |
| जयराम कर्माचार्य | (बालअधिकार अधिकृत, काभ्रेपलाञ्चोक) |
| संन्तोष थापा | (बालअधिकार अधिकृत, भक्तपुर) |
| आशीष बज्राचार्य | (बालअधिकार अधिकृत, ललितपुर) |
| झनहरि भट्टराई | (परामर्शदाता, के.बा.क.स., काठमाडौं) |

**प्रकाशन मिति**

२९ भाद्र, २०७० राष्ट्रिय बाल दिवस

**सर्वाधिकार**

केन्द्रीय बालकल्याण समिति, ललितपुर

Government of Nepal

Hon'ble Riddhi Baba Pradhan
Minister
MINISTRY OF WOMEN, CHILDREN & SOCIAL WELFARE

Ph. : 4200280
Fax: 4200116
Website: www.mowcsw.gov.np
E-mail: mail@mowcsw.gov.np

**Private Secretariate**
Singha Durbar, Kathmandu

Ref No.

## शुभकामना

बालअधिकारसम्बन्धी महासन्धी, १९८९ लाई नेपालले सन् १९९० सेप्टेम्बर १४ मा अनुमोदन गरी महासन्धीको पक्ष राष्ट्र भएको छ । बाल बचाउ, बाल विकास, बाल संरक्षण र बाल सहभागिता जस्ता बालअधिकारका हरेक पक्ष राष्ट्रले सुनिश्चित गर्नुपर्ने महासन्धीमा व्यवस्था भए अनुरुप नेपालले पनि बालबालिकाको हक हितको संरक्षण, शारीरिक, मानसिक र बौद्धिक विकास तथा बालअधिकार संरक्षण र सम्बर्धनका लागि बालबालिकासम्बन्धी ऐन, २०४८ लागू गरेको छ । यसैगरी बालश्रम (निषेध र नियमित) ऐन २०५६, बालबालिकासम्बन्धी नियमावली २०५१, बालश्रम (निषेध र नियमित) नियमावली २०६२, बालन्याय (कार्यविधि) नियमावली २०६३, बालबालिकासम्बन्धी राष्ट्रिय नीति २०६९, आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड २०६९ र बालबालिकाका लागि राष्ट्रिय कार्ययोजना (२०६१/६२-२०७१/७२) लगायतका विविध नीतिगत व्यवस्थाहरु गरिएका छन् । बालअधिकारका निम्ति सरकारी र गैर सरकारी क्षेत्रबाट विभिन्न प्रयासहरु र परिणामदायी कार्यहरु भई आएका छन् । यद्दपी गर्न पर्ने कार्यहरु अझै धेरै छन् ।

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ३२ उपदफा ५ मा प्रत्येक जिल्ला बालकल्याण समितिले जिल्लास्तरमा सञ्चालित बालकल्याणकारी क्रियाकलापको सन्दर्भमा बैशाख मसान्तसम्ममा केन्द्रीय बालकल्याण समिति समक्ष वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने र जिल्ला बालकल्याण समितिहरुबाट प्राप्त प्रतिवेदन लगायतका आधारमा केन्द्रीय बालकल्याण समितिले बालबालिकासम्बन्धी राष्ट्रव्यापी प्रतिवेदन तयार गरी नेपाल सरकार समक्ष पेश गर्नुपर्ने कानून व्यवस्था रहेको छ । बालबालिकाको हक हित संरक्षणको लागि विभिन्न निकाय, संघसंस्थाबाट प्रत्येक जिल्लामा सञ्चालित बालबालिकासम्बन्धी कार्यक्रमहरुले ल्याएको मूल परिणाम सहित विभिन्न अध्ययन, अनुसन्धानका प्रतिवेदनहरु समेतको विश्लेषण गरी राष्ट्रिय बाल दिवसको शुभ अवसरमा केन्द्रीय बालकल्याण समितिले **नेपालमा बालबालिकाको स्थिति २०७०** प्रकाशन गर्न लागेकोमा मलाई अत्यन्त खुशी लागेको छ ।

यस बार्षिक स्थिति प्रतिवेदनले समग्र नेपाली बालबालिकाको अवस्था तथा बालअधिकारको क्षेत्रमा भएगरेका प्रगति तथा परिवर्तनलाई बाल बचाउ, बाल विकास, बाल संरक्षण र बाल सहभागिताका शिर्षकहरु अन्तरगत यथार्थपरक ढङ्गले प्रस्तुत गर्ने प्रयास गरेकोले बालबालिकासम्बन्धी सरोकार भएका सरकारी निकाय, गैरसरकारी संघसंस्था एवं शिक्षक, अभिभावक, विद्यार्थी, संचार माध्यम लगायत सर्वसाधारण सबैलाई बालबालिकाको हितसंरक्षणका निम्ति आ-आफ्नो कार्यक्षेत्रमा निरन्तर अगाडि बढ्न मार्गदर्शन एवं प्रेरणा प्रदान गर्नेछ भन्ने अपेक्षा गरेकी छु ।

अन्त्यमा, यस प्रतिवेदनलाई वार्षिक रुपमा प्रकाशन गर्ने केन्द्रीय बालकल्याण समिति, सो कार्यमा सहयोग गर्ने सम्पूर्ण जिल्ला बालकल्याण समितिहरु, बालकल्याण समितिका पदाधिकारीहरु, प्रतिवेदन तयारी समुह र कर्मचारीहरुलाई धन्यवाद दिदै आगामी दिनहरुमा पनि यस प्रकाशनको निरन्तरताका लागि शुभकामना व्यक्त गर्दछु । **"बालबालिकाका कुरा सुनौः बाल दुर्व्यवहार अन्त्य गरौं"** भन्ने मूल नारा सहित यसवर्ष मनाईरहेको राष्ट्रिय बाल दिवसको शुभ अवसरमा सम्पूर्ण नेपाली बालबालिकाको उज्ज्वल भविष्यका लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

भदौ २०७०

माननीय ऋद्धि बाबा प्रधान
मन्त्री
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

नेपाल सरकार

# महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

सिंहदरवार, काठमाडौं

पत्र संख्याः

फोन : ४२४१८१६, ४२४१८६८

च.नं.:

४२४१६१३, ४२४१७२८

फ्याक्स : ४२४१५१६

## शुभकामना

राष्ट्रिय बाल दिवसको अवसरमा केन्द्रीय बालकल्याण समितिको बार्षिक प्रकाशन नेपालमा बालबालिकाको स्थिति २०७० प्रकाशित हुन लागेकोमा मलाई खुशी लागेको छ । यस प्रतिवेदनले नेपालमा बालबालिकाको सन्दर्भमा भए गरेका प्रयासहरु र त्यसले समग्र बालबालिकाको स्थितिमा ल्याएको प्रगति र विद्यमान बालबालिकाको अवस्थाका बारेमा एक झलक प्रदान गरेको छ ।

बालबालिकाको विषय समाजका सबै अङ्गसंग सम्बन्धित हुन्छन् । सबैको प्रभावकारी समन्वय र सहयोगमा नै बालबालिकाका सबै विषयहरुलाई सम्बोधन गर्न सकिनेछ र यसकार्यमा सहजिकरण गर्नु सरकारको दायित्व हो । पचहत्तरै जिल्ला बालकल्याण समितिबाट प्राप्त प्रतिवेदन लगायत यस क्षेत्रका पछिल्ला सूचना, जानकारीहरुको विश्लेषण गरी प्रकाशित गरिएको यस प्रतिवेदनले हाम्रा प्रयासहरुबाट बालबालिकाको अवस्थामा के सुधार आएछ र अबका दिनहरुमा हामी सबैले के कस्ता कुराहरुमा प्राथमिकता दिनु पर्ने आवश्यकता छ भन्ने सन्दर्भमा सरकारी निकाय तथा गैर सरकारी क्षेत्र सबैलाई सहयोग पुऱ्याउने छ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, यस प्रतिवेदनलाई राष्ट्रिय बाल दिवसको सन्दर्भमा नियमित रुपमा प्रकाशन गर्ने केन्द्रीय बालकल्याण समिति र मातहतका सम्पूर्ण जिल्ला बालकल्याण समितिहरु, प्रतिवेदन तयारगर्ने समुह र सम्लग्न कर्मचारीहरुलाई धन्यवाद दिदै "बालबालिकाका कुरा सुनौः बाल दुर्व्यवहार अन्त्य गरौं" भन्ने मूल सन्देश सहितको यस वर्षको राष्ट्रिय बाल दिवसको शुभ अवसरमा सम्पूर्ण नेपाली बालबालिकाको प्रगतिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद !

भदौ, २०७०

(दिनेशहरि अधिकारी)
सचिव
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

नेपाल सरकार

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

# केन्द्रीय बाल कल्याण समिति

# Central Child Welfare Board

हरिहरभवन, पुल्चोक, ललितपुर

पत्र संख्या :

चलानी नं. :

मिति.........................

केन्द्रीय बाल कल्याण समिति हरिहरभवन, ललितपुर

**शुभ-कामना !**

बालबालिका काँचो माटो जस्तै हुन्, यिनीहरुलाई असल मानव बनाउनुपर्छ । बुबा-आमा, परिवार, समाज र विद्यालयबाट बालबालिकालाई जस्तो संस्कार, शिक्षादीक्षा, पालनपोषण र व्यवहार गऱ्यो त्यस्तै सिक्छन् र व्यवहार गर्छन् । बालबालिका देशका कर्णधार भएकाले बाल्यावस्थामा नै घरपरिवार, समाज र राष्ट्रले बालबालिकाको उचित स्याहार, रेखदेख, पालनपोषण र शिक्षादीक्षा प्रदान गर्नुपर्छ । संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धी, १९८९, नेपालको अन्तरिम संविधान, २०६३, बालबालिकासम्बन्धी ऐन, २०४८ र बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ लगायतका कानूनी र नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा सरकारी निकाय, स्थानीय निकाय, गैरसरकारी संघ-संस्था, नागरिक समाज र अभिभावक स्वयम्‌को चासो र प्राथमिकता हुनुपर्छ । राजनीतिक दल, दलका भातृ संघ-संगठन, शिक्षक, प्राध्यापक, डाक्टर, कानून व्यवसायी, उद्योगी व्यवसायी, व्यापारी, पत्रकार र आम नागरिकको दायित्व बालबालिकाको उचित पालनपोषण र संरक्षण गरी बालअधिकार सम्वर्धन गर्नु हो ।

हाम्रो देश बालअधिकारसम्वन्धी महासन्धीको पक्ष राष्ट्र भएकोले महासन्धीमा उल्लेख गरिएका बाल बचाउ, संरक्षण, बिकास र सहभागिता जस्ता बालअधिकारका पक्ष र बालबालिकाको सर्वोत्तम हित, गैरविभेदीकरण, सर्वाङ्गिण विकास र अर्थपूर्ण सहभागिताजस्ता सिद्धान्तलाई आत्मसाथ गर्न अझै विस्तृत योजना तथा कार्यक्रमको आवश्यकता रहेको छ । प्रजातान्त्रिक मुलुकमा विधिको शासनको लागि प्रचलित कानूनको प्रभावकारी कार्यान्वयन हुनै पर्ने हुन्छ । यदि कुनै पनि देशमा कानूनको फितलो कार्यान्वयन हुन्छ भने त्यसबाट सबैभन्दा बढी बालबालिकानै प्रभावित, पीडित र शोषित हुन्छन् । त्यसकारण, कानूनी शासनमा बालमैत्री वातावरणको सृजना गरी बालअधिकार सुनिश्चित गर्नु हामी सबैको साझा दायित्व हो ।

सिमित स्रोत र साधनका बाबजुद पनि केन्द्रीय बालकल्याण समितिले बालअधिकार संरक्षण तथा सम्वर्धन गर्दै वि.सं. २०६३ साल देखि बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ३२ उपदफा ५ बमोजिम बालबालिकासम्बन्धी राष्ट्रिय वार्षिक प्रतिवेदन प्रकाशन गर्दै आएको छ । यस वर्ष पनि **राष्ट्रिय बाल दिवस**को शुभ अवसरमा **नेपालमा बालबालिकाको स्थिति, २०७० राष्ट्रिय प्रतिवेदन** समितिले प्रकाशन गर्न पाउँदा खुशी लागेको छ । यसले बालबालिकासम्बन्धी सरोकार भएका सरकारी निकाय, गैरसरकारी संघ-संस्था, शिक्षक, अभिभावक तथा विद्यार्थीवर्गहरु सबैलाई आ-आफ्नो क्षेत्र र लक्ष्यमा सधैं निरन्तर अगाडि बढ्न ठूलो प्रेरणा दिने छ भन्ने पूर्ण विश्वास गरेको छु ।

अन्त्यमा, यस प्रतिवेदनलाई वार्षिक रुपमा प्रकाशन गर्ने कार्यमा विभिन्न प्रकारले आवश्यक सहयोग पुऱ्यानु हुने सरकारी निकाय, गैरसरकारी संघ-संस्था, विकासका साझेदार, नागरिक समाज, बालकल्याण समितिका पदाधिकारी, विशेष गरी समितिका कार्यकारी निर्देशक र कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । राष्ट्रिय बाल दिवस -२०७० को मूल नारा **"बालबालिकाका कुरा सुनौः बाल दूर्व्यवहार अन्त्य गरौं"** लाई सार्थक बनाउन सबैको सहयोगको अपेक्षा सहित राष्ट्रिय बाल दिवसको शुभ अवसरमा सम्पूर्ण नेपाली बालबालिकाको उज्जवल भविष्यका लागि हार्दिक शुभ-कामना व्यक्त गर्दछु ।

धन्यवाद !

डिल्ली राम गिरी

अध्यक्ष

२९ भदौ २०७०


फोन नं. : ५०१००४५, ५०१००४६, ५५३९२११ फ्याक्स : ९७७-१-५५२७५९१ E-mail : contact@ccwb.gov.np

Tel. : 5010045, 5010046, 5539211 Fax : 977-1-5527591 Website : ccwb.gov.np

# प्रकाशकीय

केन्द्रीय बालकल्याण समितिले बिगत आठ वर्षदेखि नेपाली बालबालिकाको अवस्था कस्तो छ भन्ने बारेमा एकिकृत तथ्याङ्क, सूचना र जानकारीहरु सहितको बार्षिक प्रतिवेदन प्रकाशित गर्दै आएको असल परम्परालाई यस वर्ष पनि नेपालमा बालबालिकाको स्थिति-२०७० प्रकाशन गरेर निरन्तरता दिन पाएकोमा हर्षानुभूति भएकोछ ।

धैरै अगाडी देखि हामीले बालबालिका भविष्यका कर्णधार हुन् भन्दै-सुन्दै आएका छौ, तर यसलाई पूर्णता दिन बालबालिका वर्तमानका हिस्सेदार पनि हुन् भन्ने कुरा स्मरण गरिरहनु जरुरी छ । तसर्थ बालबालिकालाई सवल र सक्षम नागरिक बनाउनका लागि आज नै उनिहरुको सुखद बाल्यकालको सुनिश्चितता गर्न सके मात्र बालबालिका प्रति राज्यको तर्फबाट जिम्वेवारी र दायित्व पुरा गरेको ठहर्छ । यस प्रतिवेदनले समग्रमा बालबालिकाको अवस्थालाई बालअधिकारको आँखाबाट नियाल्ने प्रयत्न गरेकोछ । बालबालिकाको हक हितको संरक्षणको अवस्था, बालबालिकाको विकासको स्थिति, राज्यको बालसंरक्षण प्रणाली र यसको कार्यहरुबारे जानकारी र हालका उपलब्धिबारेमा एकसरो जानकारी पाउन यसबाट मद्धत पुग्ने छ ।

राज्यले बालबालिकाका प्रति देखाएको राष्ट्रिय तथा अर्न्तराष्ट्रिय प्रतिवद्धताको मापन गर्ने एउटा माध्यमका रुपमा पनि यस प्रतिवेदनले काम गर्नेछ । यो बालबालिकासम्बन्धी सरोकार राख्ने सरकारी निकाय, गैरसरकारी संघसंस्था, स्वयम् बालबालिका तथा अभिभावक लगायत सबै सरोकारवालालाई आगामी दिनमा बालबालिकाको विषयमा आवश्यक यो जना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्नका लागि दिशानिर्देश गर्न सहयोगी हुनेछ भन्ने हाम्रो विश्वास रहेकोछ । सचेतना र संवेदनशिलता बढाउँदै प्राथमिकता निर्धारणमा पनि यसले सघाउ नै पुऱ्याउनेछ । यस प्रतिवेदनको प्रकाशनले हाम्रो जिम्मे वारीलाई अझ बढाएको पनि छ । यसले औल्याएका प्रभावकारी र सफल प्रयासहरुलाई एकातिर अझ व्यापक बनाउनु पर्नेछ भने अर्कोतिर विद्यमान रहेका थुप्रै समस्याहरु र हालसम्म हाम्रो पहुँच नपुगेका कतिपय विषय र क्षेत्रहरुमा पुग्नु पर्ने चुनौती पनि संगै रहेका छन् । तसर्थ हामीले हरेक बालबालिकाको संरक्षण र समग्र विकासका निम्ति अवधारणागत स्पष्टता सहित समन्वयात्मक ढंगबाट क्रियाशिलतालाई बढाउन आवश्यक छ । बालअधिकारको संरक्षण र प्रवर्द्धन गर्नु राज्यको दायित्व हो, हामी सबैको जिम्मेवारी हो ।

साधन श्रोतका अभावमा पनि भएसम्मका तथ्याङ्क पठाउने पचहत्तरै जिल्लाका जिल्ला बालकल्याण समिति, उपलब्ध भएसम्मका तथ्याङ्क र जानकारीहरुको विश्लेषण गरी प्रतिवेदन तयार पार्ने समुह, यसको लेखन, व्यवस्थापन, प्रकाशनमा सहयोग गर्ने यस समितिका पदाधिकारीहरु, कर्मचारीहरु, विज्ञहरु, बालबालिकाको अधिकार संरक्षण तथा प्रर्वद्धन क्षेत्रमा क्रियाशिल सबै निकाय तथा संघसंस्थाहरुबाट प्राप्त सहयोग र योगदान प्रशंशनीय रहेकोछ । यस प्रतिवेदनका सिमितताहरु धैरै छन् र आगामी दिनमा सबैको सहयोग तथा समन्वयमा गुणस्तर वृद्धि हुने विश्वास रहेको छ । "बालबालिकाका कुरा सुनौः बाल दुर्व्यवहार अन्त्य गरौं" भन्ने सन्देश सहित मनाइएको यस वर्षको राष्ट्रिय बालदिवसले बालअधिकारको संरक्षण र प्रवर्द्धन गर्न सबैमा थप हौसला मिलिरहोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

**तारक धिताल**
कार्यकारी निर्देशक
केन्द्रीय बालकल्याण समिति

# सारसङ्क्षेप

बालबालिका सम्बन्धी ऐन, २०४८ मा व्यवस्था गरिए बमोजिम जिल्ला बालकल्याण समिति तथा केन्द्रीय बालकल्याण समिति समेतबाट तयार गरिएका प्रतिनिधिमूलक सूचना, तथ्याङ्कका साथै बालबालिकासँग सम्बन्धित राष्ट्रिय स्तरका सूचना, जानकारी, तथ्याङ्कहरूलाई समायोजन प्रशोधन र विश्लेषण गरी यो बालबालिकाको स्थिति-२०७० प्रतिवेदन प्रकाशित गरिएको छ।

बिभिन्न निकायहरूबाट मागभए बमोजिम नेपाल सरकारले बालबालिकाको अधिकार प्रत्याभूती दिलाउन बालबचावट, बालविकास, बालसंरक्षण र बालसहभागिताको प्रबर्द्धन र कार्यान्वयन गर्न २०६९ मा बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ जारी गरेको छ।

तेह्रौं योजनाले लक्षित गरेका उद्देश्य, रणनीति र कार्यनीति हासिल गर्न तर्जुमा गरिएको पहिलो वर्षको वार्षीक विकास कार्यक्रमले पनि बालबालिका तथा किशोर-किशोरीको हक-हित संरक्षण गर्न केही कार्यक्रमहरू वार्षीक विकास कार्यक्रम अन्तर्गत तय गरेको छ।

शिक्षा तथा स्वास्थ्य सेवाहरू कल्याणकारी सेवाहरू भएकाले बालबालिका केन्द्रित त हुन्छन नै तर यी सेवा सबैलाई उपलब्ध गराउनु राज्यको कर्तव्य पनि हुन्छ। यस वर्ष संघीय मामिला तथा स्थानीय विकास र शान्ति तथा पुनर्निर्माण मन्त्रालय अन्तर्गत बालमैत्री स्थानीय शासन र राहतका नियमित कार्यक्रमहरू बाहेक अरू उल्लेखनिय कार्यक्रम केही नभएको पाइएको छ।

नेपाल सरकारले पनि केन्द्रीय तहमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय मुख्य सरोकारवालाका रूपमा राखेको छ भने विषयगत रूपमा शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, स्थानीय विकास मन्त्रालय, श्रम मन्त्रालय, कानून मन्त्रालय, शान्ति तथा पुननिर्माण मन्त्रालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय आदि राखेको छ। यी मन्त्रालयहरूले आफुलाई सुम्पिएको काम तथा क्रियाकलाप गर्दछन्।

बालअधिकार हननका घटनालाई तत्काल सम्बोधन गरी आवश्यक कारवाही गर्न तथा बालबालिकाको आपत्कालीन उद्धार, राहत, परामर्श र संरक्षणका लागि सञ्चालित निःशुल्क फोन १०९८ (दश नौ आठ) सहितको एकीकृत सेवालाई १३ जिल्लामा विस्तार गरिएको छ । हराएका बालबालिका खोजतलास तथा समन्वयका लागि काठमाडौंमा निःशुल्क फोन नं. १०४ सहित बालबालिका खोजतलास केन्द्र सञ्चालनमा रहेको छ ।

गैरसरकारी क्षेत्रबाट बालबालिकाका बारेमा थुप्रै संघ-संस्था क्रियाशिल रहेकाछन् । यस्ता संस्थाको विषयगत राष्ट्रिय सञ्जाल पनि निर्माण भएका छन् । बालक्लबका पनि विभिन्न तहमा सञ्जाल निर्माण भएका छन् ।

बालबालिकाको बाँच्न पाउने अधिकार एक आधारभूत अधिकार हो र यस अधिकारको प्रत्याभूती गराउनु सबैको कर्तव्य पनि हो । यो अधिकार गर्भमा रहेदेखि जन्मसम्म नै सुरक्षित हुनु पर्छ, साथसाथै जन्मेपछि पौष्टिक आहार, स्वास्थय वातावरण, सफा पानी, खोप तथा प्राथमिक उपचार लगायतका आधारभूत सेवाको व्यवस्था गरिनु पर्दछ ।

नेपाल सरकारले जन्मिनअघि तथा जन्मेपछि मृत्युहुने (Neonatal mortality) बालबालिकाको दरमा कमी ल्याउन समुदायमा आधारीत नवजात शिशु स्याहार कार्यक्रम (Community Based Newborn Care Programme, CB-NCP) कार्यान्वयन गरीरहेको छ र यसले बालबचावटमा धेरै मद्दत पनि पुऱ्याएको छ ।

सुत्केरी गराउदा गरिने स्याहार सेवाहरूको पहुँच पनि नवजात शिशुको मृत्यु दर कम गर्नमा सहयोगी हुने भएकोले नेपाल सरकारले सुत्केरी स्याहार सेवाको शुरूवात गरेको छ । नेपालले २०१५ सम्म कम्तीमा पनि ६० प्रतिशत सुत्केरी दक्ष स्वास्थ्य जनशक्तिबाट गराउने प्रतिबद्धता गरेकोले यी सेवाहरूको बिस्तार र गुणस्तर बढाउने लक्ष्य लिएको छ ।

नेपालले ५ बर्ष मुनिका बालबालिकाको मृत्यदर कम गर्ने विषयमा धेरै प्रगती गरेको पाइन्छ र यस कार्यको लागि नेपालले पुरस्कार पनि प्राप्त गरेको छ । जन्मदेखि ५ वर्ष मुनिका बालबालिकाको मृत्युदर (जन्मदेखि पाँचौ जन्म दिन भित्र हुने मृत्यु) ९१ बाट घटेर ५४ मा आइपुगेको छ ।

समुदायमा आधारित बालबालिकाको बृद्धि अनुगमन प्रणाली कुपोषण कम गर्न प्रभावकारी हुने अवधारणालाई दृष्टिगत गरी पोषणको कार्यक्रम कार्यान्वयन गरिएको छ । कुपोषणको घटनाहरूमा खास केही कमी आएको छैन र विगत तीन वर्ष देखि यो न बढेको छ न घटेको छ ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई ५७ वटा जिल्लाबाट प्राप्त विवरण अनुसार २०६९ सालमा जम्मा ७७,४६,९७१ जना बालबालिकाले जन्मदर्ता गराएको पाइन्छ जसमध्ये ४७.१ प्रतिशत बालिका र ५२.९ प्रतिशत बालक दर्ता भएको देखिन्छ । खासगरि हिमाली जिल्लाहरूमा जन्मदर्ताको संख्या न्यून छ ।

नेपालमा ५-१७ बर्ष उमेर समुहका बालबालिकाको संख्या ७७ लाख ७० हजार मध्ये ४०.४ प्रतिशत अर्थात जम्मा ३१ लाख ४० हजार बालबालिका रोजगारीमा (काममा) संलग्न देखिन्छन् । जसमध्ये १६ लाख बालबालिका (५१ प्रतिशत) बालश्रमको समूह भित्र पर्दछन्, जसले गर्दा उनिहरूको शिक्षामा अवरोध पुग्ने, स्वास्थ्य वा शारीरिक मानसिक, भावनात्मक, नैतिक वा सामाजिक विकासमा हानी पुग्ने सम्भावना हुन्छ ।

कुल प्रकाशमा आएका बालयौन दुर्व्यवहार र शोषण सम्बन्धी घटनामा ९५ प्रतिशत बालिका र ५ प्रतिशत बालक विभिन्न बहानामा यौन दुर्व्यवहारमा परेको देखिन्छ ।

विभिन्न आधारमा ७३ वटा विभेदका घटनाहरू प्रकाशमा आएको देखिन्छ, जसमा ७५ जना पीडित भएका छन् । जसमध्ये ७४.६७ प्रतिशत बालिका पीडित भएको देखिन्छ भने १७.३३ प्रतिशत बालक पीडित भएको देखिन्छ ।

बालबालिका खोजतलास समन्वय केन्द्र भृकुटीमण्डप, काठमाडौंको आ.व. ०६९/७० को विवरण अनुसार नेपालको पाँचै विकास क्षेत्रमा  कुल २८१ जान बालबालिका वेवारिस अवस्थामा फेला परेको देखिन्छ जसमा ६५.१२ बालक र ३४.८८ बालिका रहेको पाइन्छ ।

यस आर्थिक वर्षमा जम्मा १०३ मुद्दा दर्ता भएकोमा १३७ जना बालबालिका संलग्न भएको देखिन्छ जसमध्ये ४६.७१ प्रतिशत बालबालिका १४ वर्ष उमेर नपुगेका देखिन्छ भने ४९.६४ प्रतिशत बालबालिका १५ देखि १६ वर्ष उमेर भित्रका देखिन्छ त्यस्तै ३.३५ प्रतिशत बालबालिकाको उमेर नखुलेको देखिन्छ ।

यस वर्ष २७ जिल्लाका कारागारमा ८० जना बालबालिका आफ्ना अभिभावकसँग रहेका छन् । सबैभन्दा बढी १३ जना बालबालिका काठमाडौंमा रहेका छन् । यी बालबालिकालाई बैकल्पीक स्याहारको अवधारणा अनुसार पुनर्स्थापना गर्नु पर्ने देखिन्छ ।

२०६७/१०/६ गते समिति गठन भए पश्चात् हाल सम्म ५७ बालिका र २६ बालक गरी जम्मा ८३ जना बालबालिका बिदेशी नागरिकसँग धर्मपुत्र र धर्मपुत्रीको रूपमा गएका छन् । २०६६/०६७ देखि

आ.व.२०६९/०७० सम्म २२ जिल्लाबाट जम्मा २४१ जना बालबालिकालाई नेपाली नागरिकले धर्मपुत्र तथा धर्मपुत्रीको रूपमा लिएको देखिन्छ।

गृह मन्त्रालयको तथ्याङ्क अनुसार १७ वर्ष भन्दा मुनिका ४,७४१ जना बालिका र ५,०६३ जना बालक शरणार्थिका रूपमा रहेका देखिन्छ।

७५ जिल्लाबाट प्राप्त बालअधिकार अनुगमन सूचकाङ्क फाराम, २०७० बाट हालसम्म १०,२५७ जना बालबालिकाले अपाङ्गता परिचय पत्र लिएको देखिन्छ ।

सडकमा आश्रित बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाहरूको साझा सञ्जाल नाओस्क ९ल्बइक्त्रः० को सन् २०१२ को विवरण अनुसार २,९५८ जना बालबालिका सडकमा आश्रित बालबालिका देखिन्छ जसमध्ये ९२.६३ प्रतिशत बालक र ७.३७ प्रतिशत बालिका देखिन्छ। सडक बालिकाको प्रतिशत वा संख्या कम छन्।

७५ जिल्लाबाट प्राप्त जिल्लागत तथ्याङ्कका आधारमा जम्मा ३९,८८८ जना बालबालिका परिवारविहीन बालबालिकाका रूपमा रहेको पाइएको छ। जसमध्ये धेरै संख्यामा ८,१२५ जना पारिवारिक संरक्षणविहीन, २०,५४९ जना परिवारमा वयस्क नभई बालबालिकामात्र भएका र २,३१२ जना आफन्तको संरक्षणमा रहेकासमेत देखिएको छ।

४७ जिल्लाबाट केन्द्रीय बालकल्याण समितिलाई प्राप्त तथ्याङ्क अनुसार सबै प्रकारका गरि जम्मा ७९७ वटा बालगृहहरू सञ्चालनमा रहेको देखिन्छ। यी बालगृहहरूमा संरक्षित जम्मा १५,२१५ बालबालिका मध्ये ४७.२१ प्रतिशत बालिका र ५२.७९ प्रतिशत बालकहरू आश्रित रहेको पाइन्छ।

यस आ.व. मा बाल हेल्पलाईन सञ्चालन गर्ने जिल्ला मध्ये १० जिल्लाबाट प्राप्त विवरण अनुसार जम्मा १५७८ जना बालबालिकाले सेवा प्राप्त गरे जसमध्ये ४३.१० प्रतिशत बालिका, ५३.४२ प्रतिशत बालक र ३.४८ प्रतिशत लिङ्ग नखुलेका बालबालिका देखिन्छ।

यस बर्ष खुद भर्नादर वृद्दि भई प्राथमिक तहमा ९५.३ प्रतिशत (गत वर्ष ९५.१), निम्नमाध्यमिक तहमा ७२.२ प्रतिशत (गत वर्ष ७०.०),तथा आधारभूत तहमा ८७.५ प्रतिशत (गत वर्ष ८६.६), माध्यमिक तहमा ५४.३ (गत वर्ष ५२.१), उच्च माध्यमिक तह १०.४ प्रतिशत (गत वर्ष ९.४) पुगेको छ।

विद्यालय छाड्ने दर प्राथमिक तहमा गत वर्षको ५.४ प्रतिशतबाट केही घटेर ५.२ प्रतिशत रहेकोछ भने निम्नमाध्यमिक तहमा ६.५ बाट केही घटेर ६.१ प्रतिशत रहेकोछ।

सामुदायिक विद्यालयमा पूर्ण तालिम प्राप्त शिक्षकहरू प्राथमिक तहमा ९४.५ प्रतिशत, निम्नमाध्यामिक तहमा ८२.१ र माध्यामिक तहमा ९१.५ प्रतिशत छन् ।

नेपालमा ५१ वटा बालक्लब स्तरीय पुस्तकालय (गत वर्ष २८), ३०४ वटा सामुदायिक स्तरमा (गत वर्ष ९८), ४१४५ वटा विद्यालयस्तरीय (गत वर्ष १७३३) र २४ वटा अन्य प्रकारका (गत वर्ष १६) गरी जम्मा ४५२४ वटा पुस्तकालय रहेको प्राप्त सूचनाले प्रष्ट पार्दछ । पुस्तकालयको संख्यामा निकै वृद्धि भएको प्राप्त तथ्याङ्कले देखाउँछ ।

१६ जिल्लाहरूमा मनोरञ्जनकास्थल जम्मा ५७ (गत वर्ष ५४) रहेका छन् । बालबालिकाको समग्र विकासका लागि यस्ता मनोरञ्जनकास्थल अझ धेरै खुल्न पर्ने देखिन्छ ।

बालबालिकाको सङ्गठित हुने अधिकारको उपभोग गर्दै नेपालमा १७,८६४ को संख्यामा बालबालिकाका समूह, क्लब, बालअधिकार मञ्चहरू क्रियाशील रहेका छन् । जसमा करिब ४ लाख ३५ हजार ५३ बालबालिका आबद्ध भएका पाइन्छ ।

७३ वटा जिल्ला बालकल्याण समितिमा हालसम्म १०,९२५ बालक्लवहरू आवद्ध भएका छन् भने ६,९३९ वटा बालक्लवहरू आवद्ध हुन बाँकी छन् ।

क्षेत्रगत आधारमा आवद्ध भएका बालक्लवहरूको तथ्याङ्क हेर्दा, पश्चिमाञ्चलमा सवैभन्दा धेरै (४,७९८) बालक्लवहरूको स्थापना भएको देखिन्छ भने सुदूर पश्चिमाञ्चलमा सवैभन्दा कम बालक्लवहरू स्थापना भएका छन् ।

जिल्ला स्तरमा ६१ ओटा बालसंजालमा ५८९० बालक्लवहरू, इलाका स्तरका ५५ बालसंजालमा २६९ बालक्लवहरू र गा. वि. स. स्तरमा ११२४ बालसंजालमा ६६०४ वटा बालक्लवहरू आवद्ध रहेको तथ्याङ्क पाइन्छ ।

♦

# विषय सूची


शीर्षक पेज नं.

**सारसङ्क्षेप**

**परिच्छेदः १**

१. परिचय १

१.१ नेपाल सरकारको बालबालिका सम्बन्धी नीति ३

१.२ नेपाल सरकारको २०७०/७१ का मुख्य कार्यक्रमहरू ५

१.३. राष्ट्रिय संरचना तथा संयन्त्रहरू १२

**परिच्छेदः २**

२. बालबचावट १५

२.१ गर्भ र जन्मको अवस्था १६

२.२ जन्मदेखि ५ वर्ष उमेरसम्म १७

२.२.१ मृत्यु दर १८

२.२.२ खोप १९

२.२.३ पोषण २०

२.२.४ जन्मदाको तौल २२

२.२.५ बाल्यकालमा हुने बिरामी २२

**परिच्छेदः ३**

३. बालसंरक्षण २४

३.१ जन्म दर्ता २६

३.२ बालश्रम २८

३.३ बालबालिका विरूद्ध परिलक्षित अपराध तथा दुर्व्यवहार ३४

३.२.१ यौन दुर्व्यवहार, बेचबिखन ३४

३.२.२ यातना, दण्ड तथा कठोर सजायसम्बन्धी घटना तथा उजुरी ३५

३.४ सामाजिक विभेद ३६

३.४.१ अन्य विभेदका घटनाहरू ३७

३.५ हराएर फेला परेका र वेवारिस बालबालिका ३८

३.६ कानूनको विवादमा परेका बालबालिका ४०

३.६.१ बालसुधार गृहमा रहेका बालबालिकाः ४५

३.७ कारागारमा आश्रित बालबालिका ४९

३.८ एच.आई.भी., एड्स र बालबालिका ५०

३.९ सुर्ती, मादक तथा लागूपदार्थ र बालबालिका ५०

३.१० सशस्त्र द्वन्द्व र बालबालिका ५१

३.११ धर्म सन्तान ५३

३.११.१ विदेशी नागरिकलाई धर्म सन्तान ५३

३.११.२ स्वदेशी नागरिकलाई धर्म सन्तान ५४

३.१२ शरणार्थी बालबालिका ५६

३.१३ अपाङ्गता भएका बालबालिका ५७

३.१४ सडकमा आश्रित बालबालिका ५८

३.१५ परिवारविहीन बालबालिका ६०

३.१६ बालबालिकाको उद्दार तथा पुर्नस्थापना ६१

३.१६.१ आपतूकालीन मानवीय राहत कोष ६२

३.१७ बालसंरक्षणका लागि केही संरचना तथा कार्यक्रमहरू ६३

३.१७.१ बालगृह ६३

३.१७.२ बालसंरक्षण तथा सम्बर्द्धन कार्यक्रम ६५

३.१७.३ बालहेल्पलाईन १०९८ (दश नौ आठ) ६८

३.१८ इन्टरनेट, अनलाइन र बालबालिका ७२

३.१९ स्थानीय स्वायत्त शासन र बालमैत्री अवधारणा ७२

३.१९.१ बालमैत्री गा.वि.स. ७२

३.१९.२. बालमैत्री स्थानीय शासन ७३

**परिच्छेदः ४**

४. बालविकास ७५

४.१ शिक्षा ७६

४.२ पुस्तकालय ८०

४.३ मनोरञ्जनस्थल ८३

**परिच्छेदः ५**

५. बालसहभागिता ८५

५.१. बालक्लब ८७

५.१.१. जिल्लागत बालक्लबको संख्या ८७

५.१.२. क्षेत्रगत आधारमा आवद्ध भएका बालक्लबहरू ८९

५.१.३. बालक्लबमा आबद्ध बालबालिका ९०

५.१.४. क्षेत्रगत आधारमा बालक्लबमा आवद्ध बालबालिका ९१

५.१.५ बालकल्बका आधार ९२

५.१.६ बालक्लबहरूको सहजीकरण ९३

५.१.७ बालक्लबहरूको सञ्जाल ९४

५.२. विभिन्न संरचनाहरूमा बालसहभागिता ९५

५.३. सूचना तथा सञ्चारमा बालबालिका ९६

**अनुसूची** ९७

अनुसूची १ ९९

सन्दर्भ सामग्रीहरू ९९

अनुसूची २ १०१

तालिका तथा चित्र सूचि १०१

# संक्षिप्त रूप

| | |
|---|---|
| AHW | Auxiliary Health Worker |
| CB-NCP | Community Based Newborn Care Programme |
| CB-IMCI | Community Based Integrated Management of Childhood Illness |
| DOHS | Department of Health Serivices |
| HA | Health Assistant |
| ILO | International Labour Organization |
| IPEC | International Programme on the Elimination of Child Labour |
| NAOSC | National Alliance of Organizations working for Street Children |
| NCASC | National Center for AIDS and STD Control |
| NDHS | National Demographic Health Survey |
| NLSS | Nepal Living Standard Survey |
| PMTCT | Prevention of Mother-to-Child Transmission of HIV |
| UNCRPD | United Nation Convention on the Rights of Person with Disability |
| VDC | Village Development Committee |
| आ.व. | आर्थिक वर्ष |
| के.त.वि | केन्द्रीय तथ्याङ्क विभाग |
| गा.वि.स. | गांउ विकास समिति |
| जि.वि.स. | जिल्ला विकास समिति |
| जि.वा.क.स. | जिल्ला बालकल्याण समिति |
| न.पा. | नगर पालिका |

परिच्छेद

१

# परिचय

बालबालिकालाई परापूर्व कालदेखि नै भविष्यका कर्णधार तथा धरोहरको रूपमा मान्दै आएको हाम्रो समाजले हालसम्म पनि उक्त अवधारणालाई कायम राख्दैआएको छ । यसै अवधारणालाई मनन् गरी सबै परिबारले आफ्ना बालबालिकालाई सकेसम्म राम्रो पालन-पोषण तथा शिक्षा दिलाउने कोशिस गर्दछन् । राष्ट्रले पनि यस कुरालाई मनन् गर्दै र अन्तर्राष्ट्रिय प्रतिबद्धताको प्रत्याभूति गराउने हेतुले बालबालिकालाई आवश्यक पर्ने आधारभूत कुराको उपयुक्त व्यवस्थापन गर्न बिगतका केही वर्षदेखि गैर सरकारी संस्थाहरू तथा निजी क्षेत्रको प्रत्यक्ष संलग्नतामा  विभिन्न कार्यक्रम कार्यान्वयन गर्दै आएको छ । नेपालको परिप्रेक्ष्यमा बालबालिकाका आधारभूत आवश्यकता भन्नाले स्वास्थ्य, सुरक्षा, पोषण, माया-ममता, स्याहार, शिक्षा, मनोरञ्जन र उचित संरक्षणजस्ता कुराहरू पर्दछन् । यी उल्लेखित कुराहरूको दिगो व्यवस्थापन गर्नु नै बालबालिकाका अधिकारको प्रत्याभूती गराउनु हो । राष्ट्रले बालबालिकाको अधिकारलाई प्रत्याभूती गराउने कोशिस हुँदाहुदै पनि देशमा हुने प्रायः सबै गतिविधिले बालबालिकालाई प्रत्यक्ष वा परोक्ष रूपमा प्रभावित पारिरहेको हुन्छ र यी गतिविधिहरूले बालबालिकाका अधिकारहरूको हनन् पनि गरिरहेका हुन्छन् । तसर्थ बालबालिकाको विषय राज्यको एक प्रमुख सरोकारको विषय हो भन्ने कुरामा विवाद छैन र यो क्रमशः स्थापित हुँदै गएको पनि छ । जनगणना २०६८ अनुसार देशको कुल जनसंख्याको ४४.४ प्रतिशत बालबालिका (१८ बर्ष मुनिका) छन् । जनसंख्यामा बालबालिकाको यस्तो बाहुल्य कमै

देशहरूमा हुन्छ । तसर्थ नेपाल सरकारले पनि यी बालबालिकालाई उनीहरूको अधिकारको प्रत्याभूति गराउन नीति, नियम तथा कार्यक्रमहरूको तर्जुमा गरी अघि बढिरहेको छ ।

यी माथिका सबै कारण र बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ३२(५) मा भएको प्रावधानलाई मूर्तरूप दिन राज्यले केन्द्रीय बालकल्याण समितिमार्फत नेपालमा बालबालिकाको स्थितिबारे एक प्रतिवेदन बालदिवसका दिन सार्वजनिक गर्ने प्रचलनले २०६३ सालदेखि निरन्तरता पाउँदै आएको छ । बालबालिका सम्बन्धी ऐन, २०४८ मा व्यवस्था गरिए बमोजिम जिल्ला बालकल्याण समिति तथा केन्द्रीय बालकल्याण समिति समेतबाट तयार गरिएका सूचना, तथ्याङ्कका साथै बालबालिकासँग सम्बन्धित राष्ट्रिय स्तरका सूचना, जानकारी, तथ्याङ्कहरूलाई समायोजन, प्रशोधन र विश्लेषण गरी यो "बालबालिकाको स्थिति,२०७०" प्रतिवेदन प्रकाशित गरिएको छ । यस प्रतिवेदनमा समाविष्ट तथ्याङ्क र सूचनाहरू जिल्ला बालकल्याण समितिबाट संकलित तथा विश्लेषित, अरू सरकारी तथा गैर सरकारी निकायहरूबाट संकलित र प्रकाशित प्रतिवेदन तथा पुस्तकहरूबाट उधृत गरिएका छन् । यस प्रतिवेदनमा उल्लेख गरिएका जानकारी, सूचना र तथ्याङ्कहरू विभिन्न स्रोतबाट संकलन गरिएको हुँदा सोको समयावधिहरूमा विविधता रहेका छन् । कतिपय नेपाली आर्थिक वर्षमा आधारित छन् भने कतिपय इस्वी सन्‌मा आधारित छन् । तसर्थ स्रोतका सन्र्दभहरूलाई जस्ताको तस्तै प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

बालबालिकाको स्थिति प्रतिवेदन विभिन्न तरिकाले प्रस्तुत गर्न सकिने भएकोले आ-आफ्नो तरिकामा प्रस्तुत गर्ने परम्परा रहि आएको छ । यस प्रतिवेदनलाई पनि बालअधिकार सम्बन्धी महासन्धिमा उल्लेख भएका मूलभूत अधिकारहरूको ढाँचामा पस्तुत गर्ने जर्मको गरिएको छ र प्रतिवेदन तयारी समूह यो रूपमा (बालबचावट, बालसंरक्षण, बालविकास र बालसहभागिता) प्रस्तुत गर्दा सबैलाई बुझ्न सजिलो हुनेछ भन्ने कुरामा विश्वस्त छ । यसरी प्रतिवेदन लेखन गर्दा यस वर्ष भए-गरेका कार्यहरूलाई बालअधिकारको दृष्टिकोणबाट समग्र उपलब्धि, कमी-कमजोरी बारे विवेचना गर्न सजिलो होला भनी सोहीअनुरूप नेपालमा बालबालिकाको स्थितिलाई बिश्लेषणसहित प्रस्तुत गरिएको छ । जिल्ला बालकल्याण समितिबाट प्राप्त सूचना त्यस जिल्लामा देखिएको या रिर्पोट गरिएका भएकोले यस प्रतिवेदनमा ७५ जिल्लाबाट प्राप्त भनिएको भएता पनि यस्ले समग्र देशको स्थिति नभई जिल्लाहरूमा देखिएका वा रिर्पोट गरिएका घटनाको प्रतिनिधीत्वमात्र गर्दछ ।

## १.१ नेपाल सरकारको बालबालिका सम्बन्धी नीति

नेपाली समाजमा बालबालिकासम्बन्धी नीति परापूर्वकालदेखि नै केही न केही रूपमा रहि आएको देखिन्छ । पछि बिभिन्न समयमा समयानुसार ती नीतिहरू परिमार्जन हुँदै आए र बालअधिकार महासन्धी १९८९ लाई अनुमोदन गरेपछि अझ बालबालिका केन्द्रीत नीतिहरूको विकास भएको पाइन्छ । नेपालमा नीतिगत दस्तावेजहरूमा संविधान, ऐन, नियमावलीदेखि कार्यविधि तथा निर्देशिका लगायतका हरेक तहका दस्तावेजबाट बालअधिकारको संरक्षणका प्रयासहरू भएको देखिन्छ । बालअधिकारको दृष्टिकोणले नेपालको अन्तरिम संविधान २०६३ निकै प्रगतिशील रहेको मान्न सकिन्छ ।

**नेपालको अन्तरिम संविधान, २०६३**

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २२ मा बालबालिकाको हक अन्तर्गत निम्न दफामा निम्न प्रावधानहरू रहेको पाइन्छः

(२) प्रत्येक बालबालिकालाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषणविरूद्धको हक हुनेछ । यस्तो शोषणजन्य कार्य कानूनद्वारा दण्डनीय हुनेछ र त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिइनेछ ।

(५) कुनै पनि नाबालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न पाइने छैन ।

नेपालको मूल कानूनको रूपमा रहेको अन्तरिम संबिधान २०६३ भन्दा पहिले अरू केही ऐन, कानून तथा निर्देशिकाहरू पनि जारी भए जुन आध्यावधिक रूपमा कायम नै छन् । तर बिभिन्न निकायहरूबाट माग भए बमोजिम नेपाल सरकारले बालबालिकाको अधिकार प्रत्याभूती दिलाउन बालबचावट, बालविकास, बालसंरक्षण र बालसहभागिताको प्रवर्धन र कार्यान्वयन गर्न २०६९ मा बालबालिकासम्बन्धी राष्ट्रिय नीति २०६९ जारी गरेको छ ।

**बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९**

नेपाल सरकारले बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ लागु गरेको छ । यस नीतिको दीर्घकालीन लक्ष्य "सरकारी निकाय, स्थानीय निकाय, अभिभावक, शिक्षक र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको समन्वयात्मक र सहकार्यमा सबै वर्ग र समुदायका बालबालिकाले बालअधिकारको पूर्ण उपभोग गर्दै सक्षम र योग्य नागरिकको रूपमा व्यक्तित्व विकास गर्नसक्ने वातावरणको सिर्जना गर्ने" रहेको छ ।

प्रत्येक बालबालिकाको अधिकार संरक्षण र प्रवर्द्धन गर्नु बालबालिकासम्बन्धी राष्ट्रिय नीतिको प्रमुख उद्देश्य रहेको छ र अन्य उद्देश्यहरूमा-

- सबै प्रकारका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौनदुर्व्यवहारबाट बालबालिकाको संरक्षण गर्ने,
- बालबालिका जन्मनुअघि र जन्मेपछि उनीहरूलाई आवश्यक स्याहार, पोषण सहयोग र शिक्षा प्रदान गरी बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने,
- आफ्नो धारणा बनाउन सक्षम बालबालिकालाई निजहरूसँग सम्बद्ध सबै विषयहरूमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अवसर दिई बालसहभागिता अभिवृद्धि गर्ने,
- बालबालिकाप्रतिको विभेद अन्त्य गर्ने, आदि रहेका छन् ।

यस अतिरिक्त बालबालिका सम्बन्धी ऐन, २०४८, बालश्रम (निषेध र नियमित) गर्ने ऐन, २०५६ बालबालिकाका निम्ति विशेष ऐनका रूपमा रहेका छन् भने मुलुकी ऐन लगायत अन्य धेरै ऐनहरूमा बालबालिका सम्बन्धी थुप्रै व्यवस्थाहरू भएको पाइन्छ । यस अतिरिक्त बालन्याय (कार्यविधि) नियमावली, २०६३, नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने सम्बन्धी शर्त तथा प्रक्रिया, २०६५, बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र कार्यान्वयन निर्देशिका २०६८, आवासीय बालगृहको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९, लगायतका अर्को तहका दस्तावेजहरू रहेका छन् । यसबाहेक पनि विभिन्न विषयगत कार्यविधि, निर्देशिकाहरू जस्तै बाल हेल्पलाइन सञ्चालन कार्यविधि, २०६४, बालबालिका शान्तिक्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका २०६८, लगायतका विभिन्न कार्यक्रमगत व्यवस्थाहरू मन्त्रीपरिषद्देखि मन्त्रालयसम्मका निर्णयहरूबाट कार्यान्वयनमा रहेकाछन् ।

बिगत केही वर्षदेखि सबै राष्ट्रिय योजनाहरूमा बालबालिकाका बारेमा बेग्लै परिच्छेद राखी बालअधिकारका विविध पक्षलाई समेट्ने गरेको पाइन्छ । यस अतिरिक्त बालबालिकाका लागि दश वर्षीय राष्ट्रिय कार्य योजना, बालश्रमसम्बन्धी गुरू योजना, सशस्त्र द्वन्द्वबाट प्रभावित तथा द्वन्द्वमा संलग्न भएका बालबालिकाको पुनःस्थापनाका लागि राष्ट्रिय कार्ययोजना लगायत केही विषयगत राष्ट्रिय कार्ययोजनहरू पनि बनेका छन् । जिल्लास्तर र गाउँस्तरसम्ममा बालबालिकाका निमित्त भनेर नै विविध नीतिगत निर्णय र कार्ययोजनाहरू बन्ने गरेको पाइन्छ । साथसाथै गाँउ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिलाई बालमैत्री स्थानीय शासन अवधारणा अन्तर्गत ती निकायहरूले बालबालिकाको बचावट, विकास, संरक्षण र सहभागिता प्रवर्द्धनगर्न ती निकायहरूको कुल बजेटको १५ प्रतिशत खर्च गर्नुपर्ने नीतिले स्थानीय स्तरमा बालबालिकाको हक-हित संरक्षण गर्न स्रोत परीचालन गर्ने मार्ग प्रशस्त गरेको छ ।

नेपाल सरकारले बालबालिकासम्बन्धी नीति, ऐन तथा नियम ल्याए पनि कार्यान्वयन पक्षमा भने धेरै कमी कमजोरीहरू रहेका छन् । यी कमी कमजोरीहरूलाई हटाउन सरकारी तथा गैर सरकारी संस्थाहरू निरन्तर लागि परेका छन् । विभिन्न मन्त्रालयहरू अन्तर्गत बालबालिकाका बिभिन्न बिषयहरू पर्दछन् । तर ती मन्त्रालयहरू बीच हुनुपर्ने संयोजन र सहकार्यहरू प्रभावकारी रूपमा हुन सकिरहेको छैन । मीथ उल्लिखित नीति तथा कार्ययोजनाहरूलाई सम्बन्धित निकायका नियमित कार्यक्रमभित्र समेटेर बजेट विनियोजन र्गनुपर्ने आवश्यकता रहेको सबै सरोकारवालाहरूले महसुस गरेको पाइन्छ । कार्यक्रममा दोहोरोपना र प्रभावकारी समन्वयको कमी पनि कार्यक्रमका कमजोर पक्ष हुन् भने निकायपिच्छे संयन्त्रहरू गठन भई तिनीहरू बीचको समन्वय गराउने जमर्को नहुनु पनि कार्यक्रमको फितलोपनाका कारण हुन् । राष्ट्रिय र जिल्ला तहमा बिगतका केही बर्षदेखि सरकारी तथा गैर सरकारी संस्थाहरू बीच समन्वयात्मक रूपमा कार्यक्रम अघि बढि रहेतापनि समुदाय स्तरमा समन्वय र सहकार्यको ठुलो खाँचो रहेको कुरालाई कसैले नकार्न सक्दैन । हालसम्मका नीति, नियम तथा कानूनहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न, सबै निकायहरूले समन्वयात्मक भूमिका खेलेर कार्यक्रम कार्यान्वयन गर्ने हो भने बालबालिकाका हक हित संरक्षण गर्न कुनै कमी नहुने कुरामा सबै एकमत रहेको पाइन्छ ।

### १.२ नेपाल सरकारको २०७०/०७१ का मुख्य कार्यक्रमहरू

नेपाल सरकारको २०७०/७१ को वार्षिक विकास कार्यक्रम राष्ट्रिय योजना आयोगले तयार पारेको तेह्रौं योजना (२०७०/०७१-२०७२/०७३) को आधारपत्रले तय गरेका सोंच, रणनीति

तथा कार्यनीतिलाई कार्यान्वयनमा ल्याउने गरी तयार गरिएको हो । उक्त योजनाले नेपाललाई सन् २०२२ सम्म अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने दीर्घकालीन सोँच राखेको छ । यो आधारपत्रले हासिल गर्न खोजेएको उद्देश्य, लक्ष्य तथा रणनीतिको यस बर्षको योजना पहिलो हो । तेह्रौं योजना (२०७०/७१-२०७२/७३) को आधारपत्रले बालबालिका तथा किशोर-किशोरीको लागि एउटा भिन्दै परिच्छेद राखेको छ । यस आधारपत्रले बालबालिका ऐन, २०४८ र अरू नीतिको कार्यान्वयनबाट बालबालिकाको समग्र विकासमा सकारात्मक नतिजा प्राप्त हुन थालेका कुरालाई मनन् गरेको छ । यस आधारपत्रले बालबालिकासम्बन्धी कार्यक्रमहरू छरिएर रहनु, बालश्रम उन्मूलन र बेचबिखन नियन्त्रणका क्षेत्रहरूमा उल्लेखनीय प्रगति हुन नसक्नुजस्ता समस्याहरूलाई पहिचान गरेको छ । नेपालको तेह्रौं योजनाको उद्देश्य, रणनीति तथा कार्यनीति निम्न रहेका छन् ।

**उद्देश्य**

- बालबालिकाको समग्र अधिकारहरूको संरक्षण र प्रवर्द्धन गर्ने ।
- बालबालिका तथा किशोर-किशोरी उपर हुने सबै प्रकारका हिंसा र दुर्व्यवहारलाई उन्मूलन गर्ने ।
- सबै किसिमको बालश्रमको उन्मूलन गर्ने ।

**रणनीति**

- बालबालिका तथा किशोर-किशोरीहरू विरूद्धका सबै प्रकारका शोषण, दुर्व्यवहार, भेदभाव र बहिष्करणको नियन्त्रण गरी बालबालिकालाई उनीहरूको अधिकारको प्रत्याभूति गर्ने ।
- गर्भावस्थादेखि जन्म पछिसम्म आवश्यक स्याहार तथा पोषण व्यवस्थाको सुनिश्चितता गर्ने ।
- बालबालिकाको शारीरिक, मानसिक र बौद्धिक क्षमता विकास गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।

**कार्यनीति**

- आफ्नो धारणा बनाउन सक्षम बालबालिका तथा किशोर-किशोरीलाई निजसँग सम्बद्ध सबै विषयहरूमा आफ्नो विचार अभिव्यक्त गर्न पाउने अवसर दिई बाल सहभागिता अभिवृद्धि गरिनेछ।
- विनाभेदभाव सबै किसिमका बाल अधिकार र आधारभूत स्वतन्त्रताको पूर्ण उपभोगको प्रत्याभूतिका लागि कानुनी एवम् संस्थागत व्यवस्थालाई प्रभावकारी बनाइनेछ।
- बेचबिखनमा परेका बालबालिका तथा किशोर-किशोरीका लागि राहत, पुनःस्थापना, पारिवारिक पुनर्मिलन र कानूनी तथा मनोवैज्ञानिक परामर्श सेवाका कार्यक्रमहरू लागु गरिनेछ।
- बालबालिकाको जन्मदर्तालाई अनिवार्य गरी प्रारम्भिक बालविकास प्रक्रियालाई व्यवस्थित गरिनेछ।
- गर्भावस्थामा शिशु र आमाको सुरक्षाका लागि पोषणसम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- सबै बालबालिकालाई आधारभूत शिक्षा प्रदान गरी तिनलाई विद्यालयमा टिकाई राख्न स्थानीय निकाय र समुदायसँग प्रभावकारी सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ।
- बालबालिका तथा किशोर-किशोरीलाई उनीहरूसँग सम्बन्धित विषयहरूमा शैक्षिक संस्थाहरूमा परामर्श दिने प्रणालीको थालनी गरिनेछ।
- बाल संरक्षण समिति र बाल क्लब सञ्चालन तथा परिचालनका लागि बाल क्लबहरूलाई सहयोग पुऱ्याइनेछ।
- किशोरकिशोरीहरूका लागि जीवन उपयोगी सीप प्रदान गर्न सरकारी, गैर सरकारी तथा निजी क्षेत्रलाई प्रोत्साहान गरिनेछ।

तेह्रौं योजनाले लक्षित गरेका उद्देश्य, रणनीति र कार्यनीति हासिल गर्न तर्जुमा गरिएको पहिलो वर्षको वार्षिक विकास कार्यक्रमले पनि बालबालिका तथा किशोर-किशोरीको हक हित संरक्षण गर्न केही कार्यक्रमहरू वार्षिक विकास कार्यक्रम अन्तर्गत तय गरेको छ। नेपालका बिभिन्न मन्त्रालय अन्तर्गत रहेका बालबालिकासम्बन्धी कार्यक्रमहरू तल प्रस्तुत गरिएको छ।

## महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय बालबालिकासम्बन्धी सबै मुद्दाहरू हेर्ने निकाय हो र यसले बालबालिकाको हक हित संरक्षण र सम्बर्धन गर्ने अख्तियारी पाएको छ । यस आर्थिक बर्षमा यस मन्त्रालय अन्र्तगत निम्न कार्यक्रमहरू रहेका छन् ।

तालिका नं. १.१ः महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय

| क्र.सं. | कार्यक्रम/आयोजना | प्रमुख प्रतिफल | आ.व. २०७०/७१ मा सञ्चालन हुने क्रियाकलाप |
|---|---|---|---|
| १. | बालकल्याण कार्यक्रम | • बालकल्याणसंग सम्बन्धित विभिन्न क्रियाकलापबाट समग्र बालबालिकाको स्थितिमा सुधार ।<br>• नेपालगञ्जमा निर्माणाधीन बालसुधार गृहको निर्माण सम्पन्न भएको हुने ।<br>• बाल सुधार गृह विराटनगरको कम्पाउण्ड वाल निर्माण भएको हुने ।<br>• बालकल्याण गृह विराटनगरको भवन निर्माण भएको हुने ।<br>• केन्द्रीय आपत्कालीन बाल उद्दारकोष मार्फत उध्दार कार्य सञ्चालन भएको हुने ।<br>• काठमाडौं उपत्यकामा सडक बालबालिकाको समस्या समाधान भएको हुने ।<br>• द्वन्द्ध पीडित बालबालिकाले सहयोग प्राप्त गरेको हुने ।<br>• बालकल्याण गृह (४ वटा) मापदण्ड बमोजिम सञ्चालन भएको हुने। | • नेपालगञ्जमा निर्माणाधीन बालसुधार गृहको निर्माण कार्यलाई निरन्तरता दिने ।<br>• बाल सूधार गृह विराटनगरको कम्पाउण्ड वाल निर्माण गर्ने ।<br>• बालकल्याण गृह मोरङको भवन निर्माण गर्ने ।<br>• केन्द्रीय आपत्कालीन बालउद्धार कोषमा थप अनुदान रकम राखी सञ्चालन गर्ने ।<br>• सिंहदरबार परिसरभित्र सञ्चालित दिवा शिशु स्याहार केन्द्रको सञ्चालक संस्थालाई महिला बालबालिका विभागमार्फत अनुदान निकासा दिने ।<br>• सार्वजनिक निजी साझेदारीमा काठमाण्डौ उपत्यकाका सडक बालबालिकाको पुनर्स्थापन गर्न अनुदान दिने ।<br>• द्वन्द्वमा परेका बालबालिकालाई प्रतिव्यक्ति मासिक रू.१२००।- का दरले दिंदै आइएको पुनर्स्थापन खर्च महिला तथा बालबालिका विभागमार्फत नेपाल बाल संगठनलाई अनुदान दिने ।<br>• बााल कल्याण गृहहरू (मोरङ, सप्तरी, पर्सा, रूपन्देही)लाई मापदण्ड अनुकुल बनाउने ।<br>• बालबालिका खोजतलास समन्वय केन्द्र (१०४) सन्चालनको लागि अनुदान दिने । |

| | | | |
|---|---|---|---|
| २. | बालकल्याण समिति | ● सरकारी तथा गैरसरकारी निकायहरूको समन्वय, सहयोग, सहजीकरण र सहकार्यमा बालअधिकारको संरक्षण तथा सम्बर्द्धन भएको हुने ।<br>● सरकारी र गैरसरकारी निकायको सहयोगमा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको बालअधिकार सुनिश्चित भएको हुने । बालबालिकासम्बन्धी तथ्याङ्क,अद्यावधिक भएको हुने ।<br>● जोखिममा रहेका बालबालिकाको संरक्षण भएको हुने ।<br>● बालअधिकारसम्बन्धी सूचना प्रचारप्रसार गरी बालअधिकार प्रवर्द्धन भएको हुने ।<br>● अध्ययनशील बालबालिकामा थप अध्ययनका लागि प्रोत्साहन र बादगृहहरूको सम्मान भएको हुने । | ● के.बा.क.स. तथा ७५ वटै जि. बा.क.समितिको संस्थागत विकास र सुदृढीकरण तथा नियमित कार्य सञ्चालन गर्ने ।<br>● केन्द्रीय तथा स्थानीय स्तरमा बाल संरक्षण प्रणाली तथा संयन्त्र स्थापना तथा सुदृढिकरण गर्ने ।<br>● राष्ट्रिय बाल दिवस भदौ २९ र अन्तर्राष्ट्रिय बालअधिकार दिवस नोभेम्बर २० मनाउने तथा सरोकारवाला निकायसँग समन्वय, सहकार्य, सहयोग र सहजीकरण गरी बालअधिकार संरक्षण तथा सम्बर्द्धन गर्ने ।<br>● विशेष संरक्षणको आवश्यकता भएका आश्रित बालबालिकाको पालनपोषण तथा संरक्षणमा सहयोग गर्ने<br>● २५ जिल्ला बालकल्याण समितिबाट सञ्चालित कार्यक्रमको, आवश्यकता हेरी बालगृह र बालअधिकार हनन्का आकस्मिक घटनाहरूको स्थलगत अनुगमन, निरीक्षण तथा अध्ययन गरिने ।<br>● ५२ जिल्लाका साविकका सूचना तथा स्रोत केन्द्रहरूलाई नियमितता दिई केन्द्र तथा २३ नयां जिल्ला बालकल्याण समितिको कार्यालयमा बालबालिकासम्बन्धी सूचना तथा स्रोत केन्द्र स्थापना गरी सञ्चालन गरिने ।<br>● हराएका, हराएर फेला परेका र बेवारिस फेला परेका बालबालिकाको उद्धार तथा संरक्षण गर्ने ।<br>● बाल हेल्पलाइन नं. १०९८ मार्फत बालबालिकाको बालअधिकार संरक्षण तथा सम्वर्द्धन तथा विस्तार गरिने । |

| | | | |
|---|---|---|---|
| | | | • सञ्चार माध्यमबाट बाल सन्देश प्रसारण गरी बालअधिकारसम्बन्धी महासन्धि र राष्ट्रिय कानूनबारे आम नागरिकमा सूचना पुऱ्याउने ।<br>• एस.एल.सी. परीक्षामा अञ्चल स्तरमा सर्वोत्कृष्ट अंक प्राप्त गर्ने र बालगृहमा आश्रित भएर एस.एल.सी. परीक्षामा प्रथम भएका बालक र बालिकालाई पुरस्कार प्रदान गरिने ।<br>• बाल श्रमिकहरूको उद्धार, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना (शैक्षीक, सीपमूलक तथा पारिवारिक सहयोग ) ।<br>• जोखिम (बाल श्रम, बाल विवाह, बाल दुर्व्यवहार, सडक बालबालिका, बेचविखन लगायतका अन्य बाल संरक्षणका घटनाहरू) मा परेका बालबालिकालाई उद्धार र पुनर्स्थापना तथा आपत्कालीन सहयोग ।<br>• केन्द्रीय बालकल्याण समितिको बोर्ड बैठक सञ्चालन- ३ बटा । |
| | | | • संस्थागत स्याहारमा रहेका द्धन्द्ध प्रभावित बालबालिकाको पहिचान पश्चात निसंस्थाकरण तथा पारिवारिक सहयोग<br>• जोखिम अवस्थामा रहेका बालबालिकाको उद्धार र पुनएर्कीकरण तथा सहयोग<br>• वाल अधिकार संम्वर्द्धन कार्यक्रम<br>• वाल सहभागिता सम्वन्धी कार्यक्रम<br>• योजना अनुगमन , मूल्याङ्कन प्रतिवेदन र सूचना व्यवस्थापन<br>• राष्ट्रिय तथा जिल्ला स्तरमा बालकल्याण कार्यक्रम ।<br>• घटना व्यवस्थापन सम्बन्धी बाल अधिकार अधिकृतहरूलाई मोडुल १ र २ तालिम बाल संरक्षण प्रणाली सम्बन्धी प्रपोजल र कार्ययोजनाको विकास |

**श्रम तथा रोजगार मन्त्रालय**

बालश्रमको रोकथाम तथा अनुगमनको अख्तियारी श्रम तथा रोजगार मन्त्रालयले पाएको छ र बालश्रम निवारणबारे गुरू योजनाको कार्यान्वयन गर्ने मन्त्रालय पनि यही नै हो । तेह्रौं योजनालाई योगदान पुऱ्याउन यस वर्षको वार्षिक विकास योजनामा निम्न कार्यक्रम रहेको पाइन्छ ।

**तालिका नं.१.२: श्रम तथा रोजगार मन्त्रालय**

| क्र.सं. | कार्यक्रम/आयोजना | प्रमुख प्रतिफल | आ.व. २०७०/७१ मा सञ्चालन हुने क्रियाकलाप |
|---|---|---|---|
| | बालश्रम निवारण तथा सुधार आयोजना | • तर्जुमा भई कार्यान्वयन भएको हुने ।<br>• बालश्रम निवारण सम्बन्धी कार्यक्रम सञ्चालन भएको<br>• बालश्रम निरीक्षण तथा अनुगमन गरिएको ।<br>• बालश्रम विरूद्ध चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको ।<br>• बालवालिका विकास तथा पुनर्स्थापना कोष, बालश्रम निवारण कोष, वालश्रमिक पुनर्स्थापनाका लागि स्थानीय निकायलाई अनुदान प्रदान गरिएको हुने ।<br>• सूचना व्यवस्थापन भएको । | • बालश्रम सम्बन्धी गुरू योजना अन्तर्क्रिया गर्ने ।<br>• बालश्रम विरूद्ध जनचेतनाको लागि श्रव्यदृष्य निर्माण तथा प्रचार-प्रसार (पत्रपत्रिका, रेडियो, टेलिभिजन आदि) ।<br>• बाल श्रम निवारण सम्वन्धी जनचेतना गोष्ठी/अन्तरक्रिया कार्यक्रम गर्ने ।<br>• स्वास्थ्य परीक्षण कार्यक्रम सन्चालन गर्ने ।<br>• बालश्रम पुनर्स्थापना केन्द्र सञ्चालन सम्बन्धी अध्ययन तथा कार्यविधि निर्माण ।<br>• बालश्रम सम्बन्धी ऐन तथा नियम संशोधन तथा नीति तर्जुमा गर्ने ।<br>• बालश्रम सम्बन्धी वार्षिक प्रतिवेदन प्रकाशन गर्ने ।<br>• बालश्रम निवारण कोष अनुदान ।<br>• बालश्रम निरीक्षण तथा अनुगमन गर्ने |

#### अन्य मन्त्रालयहरू

अन्य मन्त्रालयहरूको पनि बालबालिकाकालागि कार्यक्रमहरू छन् तर ती प्रत्यक्ष रूपमा बालबालिकालाई लक्षित गरिएका छैनन् । सामाजिक सेवा अन्तर्गत शिक्षा र स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू बालबचावट, बालविकास तथा बालसंरक्षणका परिच्छेदमा पनि प्रस्तुत गरिने छ । शिक्षा तथा स्वास्थ्य सेवाहरू कल्याणकारी सेवाहरू भएकाले बालबालिका केन्द्रित त हुन्छन नै तर यी सेवा सबैलाई उपलब्ध गराउनु राज्यको कर्तव्य पनि हुन्छ । यस वर्ष संघीय मामिला तथा स्थानीय विकास र शान्ति तथा पुनःर्निर्माण मन्त्रालय अन्तर्गत बालमैत्री स्थानीय शासन र राहतका नियमित कार्यक्रमहरू बाहेक अरू उल्लेखनीय कार्यक्रम केही नभएको पाइएको छ ।

## १.३ राष्ट्रिय संरचना तथा संयन्त्रहरू

बालबालिकाको हक हित संरक्षण तथा प्रबर्द्धन गर्न र बालबालिकाको अधिकार प्रत्याभूत गराउन राज्यले आफ्ना सबै संरचना तथा संयन्त्रहरूसँग बालबालिकाको विषय प्रत्यक्ष वा परोक्ष रूपमा संलग्न गराएको हुन्छ । तर राज्यले कुनै एक वा दुई निकायलाई बालबालिकाको अधिकार प्रत्याभूत गराउन विशेष व्यवस्था गरेको हुन्छ र यिनलाई बालकेन्द्रित निकायको रूपमा जिम्मेवारी पाएका हुन्छन । तथापि बालकेन्द्रित कार्यहरूका निम्ति तोकिएका निकाय, संरचनाहरू बढी जिम्मेवार हुन्छन् । सोहि अनुरूप नेपाल सरकारले पनि केन्द्रीय तहमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयलाइ मुख्य सरोकारवालाका रूपमा राखेको छ भने विषयगत रूपमा शिक्षा मन्त्रालय, स्वास्थ्य मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, श्रम मन्त्रालय, कानून मन्त्रालय, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय आदि राखेको छ । यी मन्त्रालयहरूले आफूलाई सुम्पिएको काम तथा क्रियाकलाप गर्दछन् । बालबालिकासँग सम्बन्धित थुप्रै कार्यहरूमा यिनिहरूबीच समन्वय हुने गरेको छ र कतिपय बेलामा यस्ता संस्थाहरूले एक-आपसमा भएको बजेटलाई प्रभावकारीरूपमा परिचालन गर्दछन् ।

बाल केन्द्रित रहेर बालबालिकाको विषयमा समेत बढी जिम्मेवार बनाउन महिला विकास विभागलाई 'महिला तथा बालबालिका विभाग' को रूपमा परिणत गरिएको छ भने ७५ जिल्लामा

महिला विकास अधिकृतलाई बालकल्याण अधिकारीका रूपमा विगतदेखि नै तोकिएको छ। जिल्ला बालकल्याण समितिलाई अझ बढी व्यवस्थित र क्रियाशील बनाउन गत आर्थिक वर्षदेखि सबै ७५ जिल्लामा बालअधिकार अधिकृतको व्यवस्था पनि गरिसकिएको छ र बालसंरक्षण प्रणालीको विकास गर्न विभिन्न दातृ निकायसँग समन्वयगरी कार्य गरिरहिएको छ।

बालन्याय सम्बन्धमा क्रियाशील रहन केन्द्रमा सर्वोच्च अदालतका माननीय न्यायाधीशका अध्यक्षतामा केन्द्रीय बालन्याय समन्वय समिति गठन भएको छ भने बालन्याय सम्बन्धी कार्यक्रम सञ्चालन भएका ३२ जिल्लामा बालन्याय समन्वय समितिहरू गठन भएका छन्। भक्तपुरमा एउटै मात्र बाल सुधार गृह रहेकोमा हाल कास्कीमा अर्को एक बाल सुधार गृहको सञ्चालन भइसकेको छ भने विराटनगरमा निर्माणको कार्य करिब-करिब पुरा हुनलागेको छ। बालबालिका सम्बन्धी विषयलाई संवेदनशील ढङ्गले सम्बोधन गर्न सकियोस् भन्ने अभिप्रायले नेपाल प्रहरीभित्र महिला तथा बालबालिका सेवा केन्द्र रहेको छ। केन्द्रमा निर्देशनालयको तहमा रहेको यस सेवा केन्द्र ७५ वटै जिल्ला प्रहरी कार्यालयमा विस्तार गरिएको छ।

बालअधिकार हननूका घटनालाई तत्काल सम्बोधन गरी आवश्यक कारवाही गर्न तथा बालबालिकाको आपतूकालीन उद्धार, राहत, परामर्श र संरक्षणका लागि सञ्चालित निःशुल्क फोन १०९८ (दश नौ आठ) सहितको एकीकृत सेवालाई १३ जिल्लामा विस्तार गरिएको छ। हराएका बालबालिका खोजतलास तथा समन्वयका लागि काठमाडौंमा निःशुल्क फोन नं. १०४ सहित बालबालिका खोजतलास केन्द्र सञ्चालनमा रहेको छ।

जिल्लाहरूमा मानव बेचबिखनविरूद्ध लगायतका विभिन्न विषयगत कार्यदल, लैङ्गिक तथा बालअधिकार मूलप्रवाहीकरण समन्वय समिति, अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र (घरेलु हिंसा पीडितका लागि १५ जिल्लामा) लगायतका समितिहरू रहेका छन्। समुदायसम्म पहुँच हुने गरी जिल्ला शिक्षा कार्यालय तथा जिल्ला जनस्वास्थ्य कार्यालय अन्तर्गतका संरचनाहरू क्रियाशील छन्। यसैगरी स्थानीय निकायहरू पनि बालबालिकाका लागि महत्वपूर्ण रहेका छन्। बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि गाँउ तथा जिल्ला विकास समितिहरू क्रियाशिल रहेका छन्। यसैगरी बालसंरक्षणमा विशेष जोड दिन जिल्ला बालकल्याण समिति अन्तर्गत

जिल्ला तथा गाउँ बाल संरक्षण तथा सम्वर्द्धन उप-समितिहरू क्रियाशिल रहेका छन् ।

गैरसरकारी क्षेत्रबाट बालबालिकाका बारेमा थुप्रै संघ-संस्थाहरू क्रियाशील रहेकाछन् । यस्ता संस्थाको विषयगत राष्ट्रिय सञ्जाल पनि निर्माण भएका छन् । बालक्लबहरूका पनि विभिन्न तहमा सञ्जालहरू निर्माण भएका छन्, जसले बालबालिकाका विषयलाई एकीकृत रूपमा आवाज उठाउन र सम्बोधन गर्न सघाउ पुऱ्याएको छ ।

यी सबै संयन्त्रहरूको अझ संस्थागत विकास र क्षमता अभिवृद्धि गर्नु आवश्यक देखिएको छ । यी सबै संयन्त्रहरूलाई अझ बढी बालबालिकाप्रति संवेदनशील र जबाफदेही बनाउनुपर्ने पनि छ । यस्ता संयन्त्रहरूको विकास हुनु राम्रो हो भने यी संयन्त्रहरूलाई क्षमतावान र परिस्थितिको मूल्यांकन गरी बालबालिकाको संरक्षण गर्न सक्षम बनाउन अझै चुनौतीको सामना गर्नपर्ने देखिन्छ ।

♦

परिच्छेद

२

# बालबचावट

बालबचावट भन्नाले बालबालिकाको गर्भदेखि जन्मोत्तर अवधिको बचाउ कार्यलाई जनाउँछ । विशेष गरी यो बचाउका कार्यले शारीरिक, मानसिक तथा बौद्धिक विकास गराउने र गर्भदेखि बयस्क नहुन्जेल बालबालिकाको स्वास्थ्यको हेरचार र सबै खाले रोगहरूबाट बचाउनु हो भने मानसिक तथा बौद्धिक विकासको लागि सबै प्रयास गर्नु हो । यस विषयलाई संयुक्त राष्ट्र सङ्घीय बालअधिकार सम्बन्धी महासन्धि-१९८९, को प्रस्तावनामा प्रष्टसंग ँ*बालबालिकालाई निजको शारीरिक तथा मानसिक अपरिपक्वताका कारण जन्मनुअघि र जन्मेपछि विशेष संरक्षण र स्याहारको साथै समुचित कानूनी संरक्षणको आवश्यकता पर्ने कुरालाई हृदयंगम गर्दै* भनी उल्लेख गरेको छ । यस महासन्धिलाई नेपालले अनुमोदन गरिसकेको छ र त्यसमा उल्लिखित प्रावधानहरूलाई लागु गर्ने प्रतिबद्धता पनि जाहेर गरेको छ । यही परिप्रेक्ष्यमा बालबचावट अन्तर्गत नेपालको बालबालिकाको स्थितीबारे प्राप्त तथ्य तथा जानकारीहरूको विश्लेषण गर्दा गर्भावस्थादेखिकै कुरालाई समावेश गरिने प्रयत्न गरिएको छ । बालबालिकाको बाँच्न पाउने अधिकार एक आधारभूत अधिकार हो र यस अधिकारको प्रत्याभूति गराउनु सबैको कर्तव्य पनि हो । यो अधिकार गर्भमा रहेदेखि जन्मसम्म नै सुरक्षित हुनुपर्छ साथसाथै जन्मेपछि पौष्टिक आहार, स्वास्थ वातावरण, सफा पानी, खोप तथा प्राथमिक उपचार लगायतका आधारभूत सेवाको व्यवस्था गरिनुपर्दछ । बालबचावट अन्तर्गत माथि उल्लिखित विषयहरूको चर्चा र विश्लेषण गर्ने जमर्को गरिएको छ ।

## २.१. गर्भ र जन्मको अवस्था


बालबालिकाको बचावट बालबालिका गर्भमा रहँदादेखि र जन्मेपछि गरिने स्याहार तथा रेखदेख पर्दछ यसरी रेखदेख पुऱ्याउन सकिएन भने बालबालिका बिभिन्न रोगले संक्रमीत हुने जोखिम हुन्छ । बालबालिकाको स्वास्थ्य उनीहरूको गर्भाधारण हुँदा मूलतः आमाको उमेर, प्राप्त पोषण, आराम, नियमित स्वास्थ्य जाँच, मादक तथा सुर्तीजन्य पदार्थको सेवन लगायतका अवस्थाहरूमा निर्भर गर्दछ । किशोरावस्थाको गर्भाधारण आमा र बच्चा दुबैका निम्ति स्वस्थ मानिदैन तर अझ पनि १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्षका) गर्भवती हुन्छन् र तीनका पहिलो बच्चा जन्मिसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११) ।

नेपाल सरकारले जन्मिनुअघि तथा जन्मेपछि मृत्युहुने (ल्भयलबतर्बा ःयचतबष्तिथ) बालबालिकाको दरमा कमी ल्याउन समुदायमा आधारित नवजात शिशु स्याहार कार्यक्रम (ऋयक्कगलष्तथ द्यबकभम ल्भधदयचल ऋबचभ एचयनचबक्कभ, ऋद्य(ल्ऋए० कार्यान्वयन गरिरहेको छ र यसले बालबचावटमा धेरै मद्दत पनि पुऱ्याएको छ । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ अनुसार एक हजार जिउँदो जन्मेका बालबालिकामा ३३ जना नवजात शिशुको मृत्यु हुन्छ जसले ५ वर्ष मुनिका बालबालिकाको मृत्यदरको ६१ प्रतिशत ओगट्छ । यो हुनुमा अझ पनि ६३ प्रतिशत सुत्केरी घरमा गराउने भएकोले नै हो भन्ने तथ्य नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ ले देखाएको छ । स्वास्थ्य सेवा विभागको बार्षिक प्रतिवेदन २०६८/६९ अनुसार अझ पनि गर्भधारण गरेका महिलामध्ये जम्मा ३१.७ प्रतिशत मात्र महिला स्वयम् सेविकाको रेखदेखमा आउछन् र रेखदेखमा आएकामध्ये ६२.९ प्रतिशत मात्र स्वास्थ्य सेवा केन्द्रहरूमा गई सुत्केरी हुन्छन् ।  त्यसैगरि जन्मेका शिशु मध्ये ९८.५ प्रतिशत शिश २८ दिनपछि महिला स्वास्थ्य स्वयम् सेविकाको रेखदेखमा आएका थिए । धेरै अनुसन्धानले नवजात शिशुको मृत्यु जन्मेको एक हप्तामा भएको देखाएको छ । यही तथ्यलाई आधार मानी नेपाल सरकारले शिशु जन्मेपश्चात (एयकतलबतर्बा ऋबचभ) को व्यवस्थापनमा अझ जोड दिएको छ ।

सुत्केरी गराउँदा गरिने स्याहार सेवाहरूको पहुँच पनि नवजात शिशुको मृत्यु दर कम गर्नमा सहयोगी हुने भएकोले नेपाल सरकारले सुत्केरी स्याहार सेवाको शुरूवात गरेको छ । नेपालले २०१५ सम्म कम्तीमा पनि ६० प्रतिशत सुत्केरी दक्ष स्वास्थ्य जनशक्तिबाट गराउने प्रतिबद्धता गरेकोले यी सेवाको विस्तार र गुणस्तर बढाउने लक्ष्य लिएको छ । स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदन

अनुसार दक्ष जनशक्तिबाट सुत्केरी गराउने संख्यामा २०६६/६७ देखि २०६८/६९ सम्म केही प्रगति भएको छ। उक्त प्रगतिलाई तल दिइएको तालिकाले प्रष्ट पार्दछ। जसअनुसार नेपालमा संस्थागत सुत्केरी गराउने प्रचलन बढ्दै गएको छ। आर्थिक वर्ष २०६६/६७ मा संस्थागत सुत्केरी गराउनेको संख्या ३१ थियो भने आर्थिक बर्ष २०६८/६९ मा त्यो बढेर ४४ भएको छ। यसअनुसार संस्थागत सुत्केरी गराउनेको संख्या बढ्ने क्रममा रहेको पाइन्छ।

**चित्र नं. २.१: दक्ष स्वास्थय जनशक्तिबाट भएको सुत्केरीको प्रतिशत**




(*वार्षिक प्रतिवेदन, स्वास्थ्य सेवा विभाग, २०६८/६९*)


## २.२. जन्मदेखि ५ वर्ष उमेरसम्म

बालबालिकाको जन्मदेखि ५ वर्ष नहुन्जेलसम्म उनीहरूको स्वास्थ्य जोखिम ज्यादा नै हुने भएकोले ५ वर्ष मुनिका शिशुहरूको रेखदेख तथा लालन-पालन अत्यन्त महत्वपूर्ण र संवेदनशील हुन्छ। सरकारले पनि ५ बर्ष मुनिका बालबालिकाको मृत्य दर कम गर्ने कार्यक्रम कार्यान्वयन गरिएको छ र त्यसबाट आशातीत सफलता पनि पाएको छ। यी सफलताहरू प्राप्तगर्नमा शिशु स्वास्थ्य, पोषण आदि कुराहरूमा आमा तथा परिवारको चेतनामा अभिवृद्धि भई ब्यवहारमा परिर्वतन हुनु नै हो।

### २.२.१ मृत्यु दर

नेपालले ५ वर्ष मुनिका बालबालिकाको मृत्यु दर कम गर्ने विषयमा धेरै प्रगति गरेको पाइन्छ र यस कार्यको लागि नेपालले पुरस्कार पनि प्राप्त गरेको छ। जन्मदेखि ५ वर्ष मुनिका बालबालिकाको मृत्यु दर (जन्मदेखि पाँचौं जन्म दिनभित्र हुने मृत्यु) ९१ बाट घटेर ५४ मा आइपुगेको छ। यो प्रगतिको एक झलक नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण १९९६ र २०११ को बाल मृत्युदरको विश्लेषण गरेमा प्रष्ट हुन्छ जसलाई तलको चित्रबाट पनि प्रष्टाउने कोशिस गरिएको छ। मृत्युदर कम गर्नमा नेपाल सफल भए पनि अझ यस दरलाई झार्न धेरै काम गर्नुपर्ने देखिन्छ।

**चित्र नं. २.२: ५ वर्ष मुनिको बाल मृत्युदर**




*स्रोतः लम्ज्क, दण्ज्ञ*

बालबालिकाको नवजात अवस्थामा नै हुने मृत्युदर शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रमा अधिक रहेको छ। शहरी क्षेत्रको शिशु मृत्युदर ३८ छ भने ग्रामीण इलाकामा ५५ रहेको छ। भौगोलिक अवस्थानुसार पनि बालबालिकाको मृत्यु दरमा भिन्नता रहेको छ। तराई क्षेत्रमा ५ वर्ष मुनिका बालबालिकाको मृत्यु दर ६२ प्रतिहजारको तुलनामा हिमाली क्षेत्रमा ८७ रहेको छ। यसैगरी यो दर पूर्वाञ्चलमा ५५ को तुलनामा सुदूर पश्चिमाञ्चलमा ८२ रहन गएको छ। यी भिन्नताहरू विभिन्न कारणले गर्दा भएको देखिन्छ। त्यसमा पहिलो चेतनामा अभिवृद्धि, शिक्षामा पहुंच र प्रगतिले गर्दा हो भने दोस्रो चांहि स्वास्थ्य सेवाको विस्तार र त्यसको पहुँचले भएको देखिन्छ। तलको तालिकाले शहरी र ग्रामीण क्षेत्रमा रहेको शिशु तथा बाल मृत्युदरको विविधता दर्शाउँछ।

**तालिका नं. २.१: स्थानका आधारमा मृत्युदर**

| स्थान/क्षेत्र | नवजात शिशु मृत्युदर | पाँच वर्ष मुनिका बालबालिकाको मृत्यु दर |
|---|---|---|
| शहरी क्षेत्र | ३८ | ४५ |
| ग्रामीण क्षेत्र | ५५ | ६४ |

एनडीएचएस-२०६८


शिशु जन्माउँदा रहेको आमाको उमेरको आधारमा भने मृत्युदरमा स्पष्ट भिन्नता देखिन्छ। २० वर्षभन्दा कम उमेरका आमाले जन्माएका पाँच वर्ष मुनिका बच्चाको मृत्युदर ७८ छ भने २० देखि २९ वर्ष उमेरका आमाले जन्माएको बच्चामा यो दर ५७ मात्रै रहेको छ। यसैगरी ३०(३९ वर्ष उमेरका आमाको बच्चाको मृत्यु दर ६२ रहेको छ।

बालबालिकाको मृत्युदर स्वास्थ्य सुविधा लगायतका बिषयहरूका अतिरिक्त महिलाको सशक्तीकरण स्वास्थ्य अधिकार तथा निर्णय प्रक्रियामा उनीहरूको सहभागितासँग पनि प्रत्यक्ष सम्बन्ध रहन गएको पाइएको छ। खासगरी आफ्नो स्याहार, घरायसी व्यवस्थापन र विभिन्न नाता तथा आफन्तकहाँ नियमित जाने जस्ता तीन मुख्य विषयमा निर्णय गर्ने स्वतन्त्रता पाएका विवाहित महिलाको हकमा शिशु मृत्युदर ४६ तथा पाँच वर्ष पुगेकाको बाल मृत्युदर ५५ प्रति एक हजार जीवित जन्म रहेको छ भने उक्त निर्णय गर्न नपाउने हरूको सन्दर्भमा सो दर क्रमशः ६७ र ६८ रहेको देखिएको छ ( नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११) । यो विविधताले महिलाहरूलाई अझ धेरै सशक्तिकरण गर्नुपर्ने सत्यतालाई प्रष्टाउँदछ।

२.२.२ **खोप**

बाल मृत्युदर कम गर्नमा र उनीहरूलाई लाग्ने रोगबाट बचाउन खोपको अत्यन्त महत्वपूर्ण भूमिका रहन्छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ ले १२ देखि २३ महिना सम्मका बालबालिकाले पूर्ण रूपमा खोप पाउनेको प्रतिशत विगत १५ वर्षभन्दा हाल दोब्बर हुन गएको कुरालाई प्रष्टाउन सहयोग गरेको छ। सन् १९९६ मा पूर्ण खोप पाउने ४३ प्रतिशत बालबालिकाबाट २०११ मा ८७ प्रतिशत बालबालिका पुगेको छ। यो प्रगति प्राप्त गर्नमा विस्तारित खोप सेवा र यसको पहुंचलाई  लिन सकिन्छ।

**चित्र नं. २.३ : खोपको पहुँचको प्रतिशत**




*स्रोतः स्वास्थ्य सेवा विभागको प्रतिवेदन, २०६८/६९*

स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदन २०६८/६९ का अनुसार खोप पाउनेको प्रतिशत २०६७/६८ मा बढे पनि २०६८/६९ मा भने त्यसमा केही कमी आएको छ तर जापनिज एनसिफल्इटिस् (ञ्भ) को पहुँच बढेको छ । प्रतिशतमा केही कमी आए पनि खोप लगाउने बालबालिकाको संख्यामा भने त्यति कमी आएको छैन । २०६८/६९ मा द्यऋन् खोप ९६ प्रतिशत, म्एत्घ खोप ९० प्रतिशत, इएख्घ खोप ९० प्रतिशत, दादुरा खोप ८६ प्रतिशत र ञ्भ ६३ प्रतिशत बालबालिकाले प्राप्त गरेका छन् । तलको चित्रले खोपको वर्तमान अवस्थालाई प्रष्टाउँछ ।


माथि वर्णन गरिएका तथ्याङ्कमा देखिएको उपलब्धि लक्षित संख्याको आधारमा प्राप्त उपलब्धि हुन् । तसर्थ पहुँच र उपलब्धिको विश्लेषण अरू आधारमा गर्ने हो भने फरक परिणाम आउन पनि सक्दछ र विश्लेषणलाई अझ अरू सूचकाङ्कको आधारमा पनि विश्लेषण गर्न आवश्यक देखिन्छ ।

### २.२.३ **पोषण**

नेपालका बालबालिका कुपोषणको जोखिममा रहेका छन् । नेपाल सरकारको पोषण कार्यक्रमको रणनीति प्रोटीन र ईनर्जीको कुपोषणबाट ५ वर्ष मुनिका बालबालिकालाई बचाउनु रहेको छ ।

जुन ५ वर्ष मुनिका बालबालिकाको वृद्धि अनुगमन गरेर रोकथाम तथा उपचारको विधिले कुपोषण कम गर्ने लक्ष्य लिइएको छ। "पोषण विस्तारित अभियान" (क्अबष्लिन गउ ल्गतचष्तष्यल ःयखभ्मभलत) लाई नेपाल सरकारले पनि प्राथमिकतामा राखी पोषण कार्यक्रम सञ्चनलन गरेको छ। कुपोषणको जोखिमबाट बचाउन स्वास्थ्य सेवा विभागले आमाको स्तनपान, उमेर अनुसारको उचाइ अनुगमन, आयोडिनको कमीबाट हुनसक्ने असरलाई रोक्ने, भिटामिन 'ए' क्याप्सुल वितरण, आइरन चक्की वितरण, जुका विरूद्धको रोकथामजस्ता कार्यक्रम सञ्चालन गरिएका छन्। ५ वर्ष मुनिका बालबालिकाको वृद्धि अनुगमन गर्ने गरिएकोमा गत वर्षको तुलनामा यस वर्ष ०६८/०६९ मा वृद्धि अनुगमनको पहुंच १ प्रतिशतले बढेको पाईएको छ। गत वर्ष ३९ प्रतिशत समेटीएकोमा यो वर्ष ४० प्रतिशतमा पुगेको छ।

**चित्र नं.२.४ : कुपोषणबाट ग्रसित बालबालिकाको प्रतिशत**




*स्रोतः स्वास्थ्य सेवा विभागको प्रतिवेदन, २०६८/६९*

समुदायमा आधारित बालबालिकाको वृद्धि अनुगमन प्रणाली कुपोषण कम गर्न प्रभावकारी हुने अवधारणालाई दृष्टिगत गरी पोषणको कार्यक्रम कार्यान्वयन गरिएको छ। कुपोषणको घटनामा खास केही कमी आएको छैन र विगत तीन वर्षदेखि यो न बढेको छ न घटेको छ। कुपोषणको जोखिमबाट बचाउन आमाको दूध बच्चाको निम्ति पोषणको एक प्रमुख स्रोत हो। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ अनुसार स्तनपान गराउने आमाहरूको संख्या ९८ प्रतिशत छ।


## २.२.४ जन्मदाको तौल

बालबालिकाको जन्म हुँदा एक निश्चित तौल पुगेको हुनुपर्दछ र त्यो निश्चित तौल जन्मदा २.५ के.जि. भन्दा कम तौल हुनु हुदैन । २.५ के.जि. भन्दा कम तौल भएका बालबालिकालाई “धेरै साना” शिशुका रूपमा लिइन्छ, ती बालबालिका अरूको तुलनामा रोगबाट ग्रसित हुनसक्ने सम्भावना धेरै हुन सक्छन् । । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ अनुसार १२ प्रतिशत बालबालिका २.५ के.जि. भन्दा कम तौलको रहेको पाइयो । हालै प्रकाशित स्वास्थ्य सेवा विभागको प्रतिवेदन अनुसार साना र ज्यादै साना बच्चाको तौल साधारणतया कम भएकाको प्रतिशत ८ देखि ३४ प्रतिशतसम्म रहेको अनुमान गरिएको छ । उक्त प्रतिवेदनअनुसार कम तौल भएका बच्चा जन्मनुमा शिक्षा र चेतना स्तरले पनि भूमिका खेलेको पाइयो । शिक्षित महिलाभन्दा अशिक्षित महिलाको बच्चा कम तौलको हुने सम्भावना बढी रहेको पाइयो ।

## २.२.५ बाल्यकालमा हुने बिरामी

बालबालिकालाई स्वस्थ रूपमा हुर्काउन धेरै गाह्रो छ । जन्मेदेखि ५ वर्ष सम्मको समय अझ जोखिमयुक्त हुन्छ । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ अनुसार बाल्यकालमा हुने प्रमुख बिरामीका प्रचलित कारणहरूमा निमोनिया, झाडा पखाला, मलेरिया, दादुरा र कुपोषण हुन । यी पाँच रोगलाई बालबालिकाका मृत्युका कारणका रूपमा पहिचान गरिएको छ । नेपाल सरकारले यी पाँच रोगबाट बचाउन या यी रोगको रोकथाम गर्न, समुदायमा आधारित बाल्यकालमा हुने रोगहरूको एकीकृत व्यवस्थापन (ऋद्य(क्ष्ऋक्ष) कार्यक्रम लागु गरेको छ । यो कार्यक्रमले यी पाँच रोगका एकीकृत रूपमा समुदायमा नै व्यवस्थापन गर्दछ ।

**चित्र नं.२.५ : श्वास–प्रश्वासका बालरोगीहरूले लिएका उपचारको स्तर प्रतिशतमा**



*स्रोतः स्वास्थ्य सेवा विभाग, वार्षिक प्रतिवेदन, २०६८/६९*

स्वास्थ्य सेवा विभागको २०६८/६९को प्रतिवेदनअनुसार श्वास-प्रश्वास (निमोनिया) सम्बन्धी रोगको प्रकोप २०६७/६८ को तुलनामा केही बढेको छ तर २०६६/६७ भन्दा कम नै छ। २०६८/६९ मा करिब २८ लाख ४५ हजार बालबालिका श्वास-प्रश्वासको रोगबाट पीडित भएको तथ्याङ्क उक्त वार्षिक प्रतिवेदनमा उल्लेख छ। यसैगरी झाडापखाला लागेका बालबालिकाको संख्या करिब १८ लाख ९ हजार छ। तर मलेरिया र दादुराका रोगीहरूको संख्या भने घट्नेक्रममा नै छ।

समुदायमा आधारित नवजात शिशु स्याहार सम्बन्धी कार्यक्रम ०६५/६६ मा १० जिल्लाबाट शुरूवात गरिएकोमा ०६७/६८ सम्ममा ३४ जिल्लामा पुगेको छ र यस कार्यक्रमलाई सन् २०१५ सम्ममा ७५ जिल्ला पुऱ्याउने लक्ष्य नेपाल सरकारले लिएको छ। यस कार्यक्रमले नवजात शिशुमा हुने सङ्क्रमण लगायतलाई न्यूनीकरण गर्न महत्वपूर्ण सहयोग पुऱ्याएको छ र बालबालिकामा बाल्यकालमा हुने मृत्यु दरलाई कम गर्न पनि मद्दत पुऱ्याएको छ।

बालबचावट अन्तर्गत बालबालिकाको बाँच्न पाउने अधिकारसँग सम्बन्धित आधारभूत स्वास्थ्य सम्बन्धी सेवाहरूको समग्र रूपमा विश्लेषण गर्दा बालबचावटमा नेपालले क्रमिक सुधार गर्दै आएको पाइन्छ। यो सुधारहरूलाई हेर्दा सबै ठाँउमा एकै प्रकारको सुधार भएका छैनन्। भौगोलिक र क्षेत्रीय स्तरमा पनि यो सुधारमा विविधता रहेको छ। तर, सन् २०१५ सम्ममा लक्षित गरेका सबैजसो लक्ष्य प्राप्त गर्नेतर्फ अग्रसर रहेको देखिन्छ।

परिच्छेद

3

# बालसंरक्षण

बालबालिकामाथि हुने सबै प्रकारका हेला, दुर्व्यवहार, शोषण, भेदभावलगायत बेवास्ताबाट संरक्षण पाउनु बालअधिकार हो । बालबालिकाको अधिकार सुनिश्चित गर्नका लागि बालअधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, १९८९ ले बालबालिकाले संरक्षित हुन पाउने अधिकारलाई सुनिश्चित गरिनुपर्ने सम्बन्धमा व्यवस्था गरेको छ। यी प्रावधानका बाबजुद नेपालका बालबालिका विभिन्न बहानामा हुने गरेका हेला, भेदभाव, शारीरिक मानसिक दुर्व्यवहार, यौन दुर्व्यवहार, यौन शोषण, श्रम शोषण, बेवास्ता तथा परित्यक्तता लगायतबाट प्रभावित भईरहेको अवस्था छ। यस्ता सबै कार्यबाट बालबालिकालाई संरक्षण गरिनुपर्ने बारेमा थुप्रै कानुनी प्रावधान रहेका छन् । तथापि कतिपय अवस्थामा सामाजिक कुप्रथाका कारण, बालबालिका प्रतिको संवेदनहीनताका कारण, कसैका निहित स्वार्थका कारण तथा परम्पराका नाममा बालबालिकाविरूद्ध थुप्रै अपराधजन्य कार्यहरू पनि समाजमा निरन्तर भईरहेका छन् । अपहरण, हत्या लगायत बेचविखन तथा ओसार-पसारजस्ता घटनाहरूबाट पनि बालबालिका पीडित भईरहेका छन् ।

नेपालको सन्दर्भमा बालबालिकाको संरक्षणको क्षेत्र व्यापक छ । बालबालिका संरक्षण सम्बन्धी सरोकारका विषय धेरै छन् । जसमध्ये केही प्रमुख तथा विशेष ध्यान दिइनुपर्ने सरोकारका विषय देहाय अनुसार रहेका छन्ः

- जन्मदर्ता
- बालश्रम
- बालयौन शोषण, व्यावसायिक यौन शोषण
- दुर्व्यवहार
- बाल विवाह
- घरेलु हिंसामा पीडित वा साक्षी
- सशस्त्रद्वन्द्व पीडित तथा द्वन्द्वमा संलग्न
- बेचबिखन तथा ओसार-पसारमा परेका बालबालिका
- शारीरिक दण्ड सजाय
- विद्यालयबाट वञ्चित बालबालिका
- अपाङ्गता (शारीरिक, मानसिक) भएका बालबालिका
- परित्यक्त बालबालिका
- लागू पदार्थ, मादक पदार्थ ओसार पसार तथा दुर्व्यसनमा संलग्न
- अभिभावक विहीन
- शरणार्थी बालबालिका
- प्राकृतिक प्रकोपबाट प्रभावित
- परम्परा विशेष (कमलरी, झुमा, छाउपडी, कुमारी आदि)
- कानुनको विवादमा परेका बालबालिका
- बालगृहमा आश्रित बालबालिका

नेपाली समाजमा विद्यमान उपर्युक्त बालसंरक्षणका मुद्दाहरूबाट बालबालिकालाई जोगाउन सरकारी तथा गैरसरकारी स्तरमा विभिन्न गतिविधि भइरहेका छन् । तथापि सबैको एकीकृत सूचना तथा तथ्याङ्क व्यवस्थित अभिलेख उपलब्ध हुन सक्ने अवस्था भने छैन । यस प्रतिवेदनले बालबालिकाको संरक्षणसँग सम्बन्धित केही प्रमुख बिषयका सम्बन्धमा विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्क केलाएर नेपाली बालबालिकाले भोगिरहेका समस्यालाई दर्शाउन खोजिएको छ । यस प्रतिवेदन तयार गर्न केन्द्रीय बालकल्याण समितिले ७५ जिल्लाका जिल्ला बालकल्याण समितिहरूसंग एक निर्दिष्ट फाराम बनाई सूचना संकलन गरी उक्त सूचनाको विश्लेषण गरी प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

## ३.१ जन्मदर्ता

बालबालिकाको अधिकारको प्रत्याभूति गराउने प्रथम चरण नै जन्मदर्ता हो । प्रत्येक बालबालिकालाई जन्मिएपछि आफ्नो नाम, राष्ट्रियता र पहिचानको अधिकार हुन्छ । यसका लागि बालबालिकाको जन्मदर्ता हुनु आवश्यक छ। जन्मदर्ताको प्रक्रिया स्थानीय निकायहरू (गाउँ विकास समिति/नगरपालिकाको कार्यालय) मा स्थानीय पञ्जिकाधिकारीको कार्यालयमार्फत् जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद र बसाइँसराइका घटना दर्ता गरी प्रमाणपत्र दिने कार्य हुँदै आएकोमा आर्थिक वर्ष २०६७/६८ देखि नगरपालिकाको हकमा वडामा कार्यरत वडासचिवलाई स्थानीय पञ्जिकाधिकारीको रूपमा तोकी व्यक्तिगत घटना दर्ता गरिने कार्यको प्रारम्भ गरिएको छ ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई ५७ वटा जिल्लाबाट प्राप्त विवरण अनुसार २०६९ सालमा जम्मा ७७,४६,९७१ जना बालबालिकाको जन्म दर्ता भएको पाइन्छ जसमध्ये ४७.१ प्रतिशत बालिका र ५२.९ प्रतिशत बालक दर्ता भएको देखिन्छ । खासगरी हिमाली जिल्लामा जन्मदर्ताको संख्या न्यून छ ।

**तालिका नं. ३.१: ५७ जिल्ला अनुसार जन्मदर्ताको स्थिति**

| क्र.स. | जिल्लाको नाम | जन्म दर्ता | | |
|---|---|---|---|---|
| | | बालिका | बालक | जम्मा |
| १ | ताप्लेजुङ | २७७० | ३०७१ | ५८४१ |
| २ | पाँचथर | ४००६ | ४२६२ | ८२६८ |
| ३ | इलाम | ५३०१ | ५६३४ | १०९३५ |
| ४ | झापा | १३३२३ | १४३९६ | २७७१९ |
| ५ | संखुवासभा | ३७६८ | ४३३८ | ८१०६ |
| ६ | तेह्रथुम | २२७४ | २४८२ | ४७५६ |
| ७ | भोजपुर | ५२६३ | ५६९० | १०९५३ |
| ८ | धनकुटा | ३२३६ | ३३४२ | ६५७८ |
| ९ | मोरङ | १७७१४ | १९३११ | ३७०५ |
| १० | सुनसरी | १२२९० | १४१७० | २६४६० |

| | | | | |
|---|---|---|---|---|
| ११ | खोटाङ | ३३०० | ३४८७ | ६७८७ |
| १२ | उदयपुर | ५१६९ | ५७५० | १०९१९ |
| १३ | सप्तरी | ५९०४ | ७३०४ | १३२१३ |
| १४ | सिरहा | ९२७८ | १२६३४ | २१९१२ |
| १५ | रामेछाम | ४८६१ | ५१७० | १००३१ |
| १६ | सिन्धुली | ९४०९ | ९४४३ | १८८५२ |
| १७ | धनुषा | ७६०८ | ९२८७ | १६८९५ |
| १८ | महोत्तरी | ५४०५ | ६१८० | ११५८५ |
| १९ | सर्लाही | ९४०८ | १०६४७ | २००५५ |
| २० | रसुवा | ६९ | ७३ | १४२ |
| २१ | धादिङ | ७५७४ | ८९६५ | १६५३९ |
| २२ | नुवाकोट | ५२५० | ५९६० | ११२१० |
| २३ | काठमाडौं | ८०७६ | १०४५७ | १८५३३ |
| २४ | भक्तपुर | ३२४८ | ३४०८ | ६६५६ |
| २५ | सिन्धुपाल्चोक | ६३३६ | ७३७२ | १३७०८ |
| २६ | बारा | ७३६४ | ९६६५ | १७२९९ |
| २७ | पर्सा | ३३४९८ | ४२५६ | ७७५४ |
| २८ | चितवन | ८०१८ | ९२४९ | १७२६७ |
| २९ | गोर्खा | ६२६५ | ६७३७ | १३००२ |
| ३० | मनाङ | ६३ | ७२ | १३५ |
| ३१ | लमजुङ | ३२८८ | ३६१० | ६८९८ |
| ३२ | कास्की | ५३५० | ६१११ | ११४६१ |
| ३३ | तनहुँ | ५८४३ | ६८१६ | १२६५९ |
| ३४ | स्याङजा | ५३५७ | ६०१५ | ११३७२ |
| ३५ | पाल्पा | ५३५७ | ५६२९ | १०९८६ |
| ३६ | अर्घाखाँची | ४१५७ | ४५४८ | ८७०५ |
| ३७ | नवलपरासी | १०१११ | १०९४१ | २१०५२ |
| ३८ | रूपन्देही | ११५०७ | १२९०८ | २४४१५ |
| ३९ | कपिलवस्तु | १०४१० | ११४९८ | २१९०८ |
| ४० | मुस्ताङ | १४६ | १६५ | ३११ |
| ४१ | म्याग्दी | ३६५९ | ३७२० | ७३७९ |

| | | | | |
|---|---|---|---|---|
| ४२ | प्युठान | ६७९६ | ७३११ | १४१०७ |
| ४३ | सल्यान | ९२८६ | ९७८७ | १९०७३ |
| ४४ | दाङ | १२३२४ | १२४३० | २४७५४ |
| ४५ | जुम्ला | १९८५ | २४२८ | ४४१३ |
| ४६ | कालीकोट | ३५५१ | ३७९९ | ७३५० |
| ४७ | दैलेख | ५९९७ | ६६०० | १२५९७ |
| ४८ | सुर्खेत | ५५०० | ६५५५ | १२०५५ |
| ४९ | बाँके | ७५१३ | ८८१६ | १६३२९ |
| ५० | बर्दिया | ८८५५ | ९७१२ | १८५६७ |
| ५१ | बाजुरा | २७६५ | २५१७ | ५२८२ |
| ५२ | अछाम | ७२२५ | ६४६९ | १३६९४ |
| ५३ | डोटी | ३०३८ | ३६३७ | ६६७५ |
| ५४ | कैलाली | ११७१५ | १४४०६ | २६१२१ |
| ५५ | दार्चुला | २२४३२ | २९५३ | ५२८५ |
| ५६ | डडेलधुरा | ३२३३ | ३१७२ | ६४०५ |
| ५७ | कञ्चनपुर | ८०३१ | ९८५२ | १७८८३ |
| **जम्मा** | | **३५१७४९** | **३९५२२२** | **७४६९७१** |
| **प्रतिशत** | | **४७.१** | **५२.९** | **१००** |

*स्रोत : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, २०७०*

## ३.२ बालश्रम

बालश्रम नेपाली समाजमा व्याप्त एक प्रचलनकै रूपमा रहेको पाइन्छ । जहाँ श्रम छ, प्रायः त्यहाँ बालश्रम संलग्न भएको पाइन्छ । बालश्रम नेपाली बालबालिकाको एक दुःखद यथार्थ हो । सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिका बालश्रमिकको रूपमा काम गर्न बाध्य रहेका छन् । काम गर्नुपर्नाले शिक्षाबाट बञ्चित हुनेदेखि शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पीडित भएका छन् । नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठूला अध्ययन भएता पनि आवधिक, एकीकृत, आधिकारिक तथ्याङ्क तथा जानकारीको भने अभाव रहेको छ ।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरीत कार्य हो । बालश्रम नेपालको अन्तरिम संविधानको धारा २२ ले पनि रोक लगाएको छ भने बालश्रम (निषेध र नियमित गर्ने ) ऐन, २०५६, श्रम ऐन, २०४८ लगायत कानुनी व्यवस्थाहरू पनि रहेकाछन् । यसैगरी नेपालले राज्य पक्षका रूपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघको बालअधिकार सम्बन्धी महासन्धि, १९८९, अन्तर्राष्ट्रिय श्रम संगठनको रोजगारीको न्यूनतम उमेर सम्बन्धी महासन्धि नं १३८ तथा निकृष्ट प्रकारको बालश्रम सम्बन्धी महासन्धि नं १८२ तथा सिफारिस नं. १९० ले पनि राज्यलाई बालश्रम विरूद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ । बालश्रम निवारण सम्बन्धी अन्तर्राष्ट्रिय कार्यक्रम ९क्षिइरक्षएभ्ऋ० को क्रममा नेपालले सात प्रकारका श्रमलाई बालबालिकाका लागि निकृष्ट प्रकारको श्रम तोकेको छ । जसमा बाल भरिया, सडकमा आश्रित बालबालिका, बँधुवा बालश्रमिक, घरेलु बालश्रमिक, कोइला तथा अन्य खानीमा काम गर्ने बालबालिका, गलैंचा उद्योगमा काम गर्ने बालबालिका र श्रम तथा यौन शोषणका लागि बेचबिखनमा परेका बालबालिका पर्दछन् । करिब दश वर्ष अघि यी क्षेत्रहरूमा द्रुत मूल्यांकन पद्दतिको विधि अपनाई अध्ययन गरिएको थियो भने सो पछिको अद्यावधिक तथ्याङ्क उपलब्ध हालसम्म कसैले पनि गराउन सकेको छैन ।

पछिल्लो चरणमा तथ्याङ्क विभागद्वारा राष्ट्रिय स्तरमा गरिएको श्रम शक्ति सर्वेक्षण,२००८ मा प्राप्त तथ्यहरूलाई थप विश्लेषण गरी “नेपाल बालश्रम प्रतिवेदन” सन् २०१२ मा प्रकाशित भएको छ । नेपाल सरकार, तथ्याङ्क विभाग तथा अन्तर्राष्ट्रिय श्रम संगठनद्वारा प्रकाशित यस प्रतिवेदनलाई हालसम्मको बालश्रम सम्बन्धी वृहत अध्ययन प्रतिवेदनका रूपमा लिन सकिन्छ । उक्त प्रतिवेदनअनुसार नेपालमा ५-१७ बर्ष उमेर समूहका बालबालिकाको संख्या ७७ लाख ७० हजारमध्ये ४०.४ प्रतिशत अर्थात जम्मा ३१ लाख ४० हजार बालबालिका रोजगारीमा (काममा) सम्लग्न कामदार देखिन्छन् । जसमध्ये १६ लाख बालबालिका (५१ प्रतिशत) बालश्रमको समूह भित्र पर्दछन्, जसले गर्दा उनीहरूको शिक्षामा अवरोध पुग्ने, स्वास्थ्य वा शारीरिक मानसिक, भावनात्मक, नैतिक वा सामाजिक विकासमा हानी पुग्ने सम्भावना हुन्छ । त्यसमध्ये पनि ६ लाख २० हजार बालबालिका भने जोखिमपूर्ण श्रममा संलग्न रहेको अनुमान गरिएको छ ।

**तालिका नं. ३.२: बालश्रमिकको संख्या**

| उमेर | कुल संख्या | काममा सम्लग्न | बालश्रममा सम्लग्न | जोखिमपूर्ण श्रममा सम्लग्न |
|---|---|---|---|---|
| ५-१७ बर्ष उमेर समूहका बालबालिका | ७७,७०,००० | ३१,४०,००० | १६,००,००० | ६,२०,००० |

*स्रोतः नेपाल बालश्रम प्रतिवेदन, केन्द्रीय तथ्याङ्क विभाग, २०१२*

उक्त प्रतिवेदनले आई एल ओ ले तोकेको परीभाषाको आधारमा काम गर्ने बालबालिका (Working Children), बालश्रम गर्ने बालबालिका (Child Labour) र जोखिमपूर्ण श्रम (Hazardous work) गर्ने बालबालिका गरी तीन चरणमा छुट्याएको छ ।

विद्यालय बाहिर रहेका बालबालिका कामदार बालबालिकामा पर्दछन् भन्ने मान्यता रहँदै आएकोछ। नेपालमा ५-१७ बर्ष उमेर समूहका ५४ प्रतिशत बालबालिका मात्र काम नगरी विद्यालय जान पाएका छन् । कामदार बालबालिकामध्ये २१ प्रतिशत बालबालिका विद्यालय जाँदैनन् । कामदार बालबालिकामध्ये ८९.८ प्रतिशतले घर परिवारलाई सघाउँछन्, जसले पैसा पाँउदैनन् । पैसा पाउने रोजगारी गर्ने बालबालिका ४.२ प्रतिशत मात्र छन् भने आफ्नै व्यवसायमा काम गर्ने ५.९ प्रतिशत रहेका छन् । वर्षभरि काम गर्ने बालबालिका मध्ये ८७.७ प्रतिशत बालबालिका कृषि क्षेत्रमा संलग्न छन् भने त्यसपछि क्रमशः विद्युत, ग्याँस, पानी सम्बन्धी, उत्पादन सम्बन्धी, थोक तथा खुद्रा व्यापारजस्ता काममा सम्लग्न रहेका छन् । सबैभन्दा धेरै बालबालिका कृषि र माछा पालनमा संलग्न रहेको देखिन्छ ।

**तालिका नं. ३.३: लिङ्ग र उद्योगका आधारमा कामदार बालबालिकाको प्रतिशत**


| उद्योग/क्षेत्र | काम गरिरहेका बालबालिका | | |
|---|---|---|---|
| | बालक | बालिका | जम्मा |
| कृषि र माछा पालन | ८६.१ | ८९.१ | ८७.७ |
| उत्पादन र प्रशोधन | २.७ | २.३ | २.५ |

| | | | |
|---|---|---|---|
| विद्युत, ग्याँस र पानीको आपुर्ती | ३.९ | ५.८ | ४.९ |
| निर्माण | १.३ | ०.१ | ०.७ |
| थोक र खुद्रा व्यापार | ३.० | १.२ | २.० |
| होटल र रेष्टुरेन्ट | १.३ | ०.९ | १.१ |
| यातायात, गोदाम र सञ्चार | १.० | ०.० | ०.५ |
| निजी घरमा काम गर्ने | ०.२ | ०.३ | ०.२ |
| अन्य | ०.५ | ०.३ | ०.४ |
| **जम्मा** | १०० | १०० | १०० |

*स्रोतः नेपाल बालश्रम प्रतिवेदन, केन्द्रीय तथ्याङ्क विभाग, २०१२*


जम्मा कामदार बालबालिकामध्ये १९.७ प्रतिशत जोखिमपूर्ण श्रममा संलग्न छन् । लिङ्गका आधारमा हेर्दा जोखिमपूर्ण श्रम गर्नेमा बालकभन्दा बालिका धेरै छन् । कुल बालिकामध्ये ४४.५ प्रतिशतले काम गर्दछन् भने त्यसमा पनि २१.९ प्रतिशत जोखिमपूर्ण श्रममा होमिएका छन् । ३६.५ प्रतिशत बालकहरूले काम गर्दछन् भने त्यसमध्ये १७.३ प्रतिशत जोखिमपूर्ण श्रममा संलग्न छन् । देशका अन्य क्षेत्रको तुलनामा काठमाडौं उपत्यकामा काम गर्ने धेरै बालबालिका जोखिमपूर्ण श्रममा लागेको देखिएको छ । नेपाल सरकारले हालसालै बालबालिकाका लागि जोखिमपूर्ण काम तथा पेशाको पहिचान गरी उक्त काम तथा पेशामा बालबालिकालाई संलग्न गराउन रोक लगाउने प्रक्रियामा रहेको छ ।

**चित्र नं. ३.१ः उमेरअनुसार जोखिमपूर्ण श्रममा लागेका बालबालिकाको प्रतिशत**



*स्रोतः नेपाल बालश्रम प्रतिवेदन, केन्द्रीय तथ्याङ्क विभाग, २०१२*

**चित्र नं.३.२: उमेरका आधारमा बालश्रममा लागेका बालबालिकाको प्रतिशत**




*स्रोतः नेपाल बालश्रम प्रतिवेदन, २०१२, केन्द्रीय तथ्याङ्क विभाग*

**श्रममा संलग्न रहेका बालबालिकाको क्षेत्रगत तथ्याक्त**

नेपालको सन्दर्भमा बालसंरक्षणको सबैभन्दा महत्वपूर्ण क्षेत्रको रूपमा हाल बालश्रमलाई लिइने गरेको पाइन्छ । ७५ जिल्लाका जिल्लागत बालअधिकार अनुगमन सूचकाङ्क फारामबाट प्राप्त सूचना त्यस जिल्लामा जानकारीमा आएको बालश्रमको तथ्याङ्क संकलन गरिएको तथ्याङ्कलाई हेर्दा ७५ जिल्लाको सूचकाङ्क फारामको विवरणअनुसार नेपालमा जम्मा ३८,७७६ जना बालबालिका विभिन्न क्षेत्रहरूमा श्रमिकको रूपमा कार्यरत देखिन्छन्, जसमध्ये २५.५२ प्रतिशत बालिका, ३६.११ प्रतिशत बालक र ३८.३६ प्रतिशत लिंग नखुलेका (फाराममा उल्लेख नभएको) बालबालिका श्रममा संलग्न रहेको पाइन्छ । त्यसैगरी २७.०५ प्रतिशत बालबालिका घरेलु तथा ज्यालादारी श्रमिकको रूपमा कार्यरत रहेको पाइन्छ भने, २३.५५ प्रतिशत बालबालिका इटाभट्टा, चिया बगान, यार्सागुम्बा टिप्नेजस्ता कार्यमा संलग्न रहेको पाइन्छ साथै १९.०४ प्रतिशत बालबालिका होटल तथा रेष्टुराँहरूमा श्रमिकको रूपमा कार्यरत देखिन्छ । यो तथ्याङ्क ७५ जिल्लाका प्रतिनिधिमुलक जानकारी मात्र भएकोले समग्रमा हेर्दा सबै जिल्लामा बालश्रम बालसंरक्षणको एक ठुलो चुनौतीको रूपमा रहेको देखिन्छ ।

**तालिका नं. ३.४: बालश्रमका क्षेत्र तथा बालश्रमिकको लिंगगत तथा संख्यात्मक विवरण**

| बालश्रमको क्षेत्र | बालिका | बालक | लिंग नखुलेको | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| बँधुवा मजदुर | ७ | २ | ० | ९ | ०.०२ |
| घरेलु/ज्यालादारी | ३८३७ | २७०७ | ३९४५ | १०४८९ | २७.०५ |
| होटल | ७४५ | २९५८ | ३६८३ | ७३८६ | १९.०४ |
| यातायात | २ | १०४६ | ३३९ | १३८७ | ३.५८ |
| खानीमा काम गर्ने | ३१ | ८९ | ० | १२० | ०.३१ |
| भारी बोक्ने | १३०० | २५१५ | ३०८ | ४१२३ | १०.६३ |
| गलैंचा बुन्ने, काट्ने वा रंग लगाउने | १३६ | ५५० | ० | ६८६ | १.७७ |
| सडकमा आश्रित | ६४ | ३४४ | १४० | ५४८ | १.४२ |
| श्रम तथा यौन शोषणका लागि बालबालिकाको बेचबिखन | ६४ | १५ | ० | ७९ | ०.२० |
| इटाभट्टा, चिया बगान, यार्सागुम्बा संकलनमा प्रयोग गरिएका बालबालिका | १०५१ | १८२८ | ६२५४ | ९१३३ | २३.५५ |
| रिक्सा/ठेलागाडामा प्रयोग गरिएका बालबालिका | ० | १९० | ० | १९० | ०.५० |
| अन्य | २६५९ | १७५९ | २०८ | ४६२६ | ११.९३ |
| **जम्मा** | **९८९६** | **१४००३** | **१४८७७** | **३८७७६** | **१००** |
| **प्रतिशत** | **२५.५२** | **३६.११** | **३८.३७** | **१००** | |

*स्रोत : ७५ जिल्ला बालकल्याण समितिबाट प्राप्त विवरण, २०७०*

नेपालमा बालश्रमको अवस्थामा धेरै सुधार ल्याउने प्रयत्नहरू भए तापनि अपेक्षित सफलता पाउन सकेको छैन । बालश्रम निवारणका क्षेत्रमा संचेतना अभिवृद्धि गर्ने कार्यहरू धेरै भएका छन् । बालश्रमविरूद्ध कानूनहरू छन्, बालश्रम निवारणका लागि राष्ट्रिय गुरूयोजना बनेका छन्, यसै गरी सरकारी गैरसरकारी स्तरबाट केही कार्यक्रमहरू पनि सञ्चालित भएका छन्, तर अझै पनि बालश्रमिकको संख्यामा कमी देखिरहेका छैनौं । बालश्रमको न्यूनीकरणका लागि मूलभूत रूपमा शिक्षालाई सबैको पहुँचमा पुऱ्याउनु र सोको गुणस्तरीयता कायम गर्नु जरूरी छ भने गरिबीमा

रहेका परिवारका लागि आर्थिक सशक्तीकरण गर्नुपर्ने कुरामा दुई मत छैन । भएका कानुनी व्यवस्थाहरूको पालना र अनुगमनको प्रभावकारी प्रणाली र बालसंरक्षण प्रणाली स्थापना हुने हो भने धेरै समस्या नियन्त्रणमा ल्याउन सकिन्छ भने यसबारे हरेक तहमा अवधारणात्मक स्पष्टता र सचेतनाको पनि अभिवृद्धि हुनु जरूरी छ । हाल पूर्वबालश्रम सम्बन्धी राष्ट्रिय गुरूयोजनाको पुनर्मूल्यांकन गरी सन् २०११ देखि २०२० सम्म कार्यान्वयन हुनेगरी नयाँ लक्ष्यसहित कार्यान्वयन गर्ने तयारी रहेको छ । यस वर्ष सरकारी निकायको सक्रियतामा गैरसरकारी संस्थाहरूको सहयोग र संलग्नतामा बालश्रमिकको उद्धार तथा पुनर्स्थापना एवं संचेतना अभिवृद्धि कार्य विगतमा भन्दा बृद्धि भएको देखिन्छ । साथसाथै सरकारी तथा गैरसरकारी निकायहरूले बालश्रम निवारणका लागि अझ सक्रियता देखाउँदै आएका छन् ।

## ३.३. बालबालिका विरूद्ध परिलक्षित अपराध तथा दुर्व्यवहार

### ३.३.१ **यौन दुर्व्यवहार तथा बेचबिखन**

७५ जिल्लाको बालअधिकार अनुगमन सूचकाङ्क फारामबाट प्राप्त जानकारीका आधारमा हेर्दा कुल प्रकाशमा आएका बालयौन दुर्व्यवहार र शोषण सम्बन्धी घटनामा ९५.०० प्रतिशत बालिका र ५.०० प्रतिशत बालक विभिन्न बहानामा यौन दुर्व्यवहारमा परेको देखिन्छ ।

**बालबालिका प्रतिबादी भएका घटनाको विवरण**

नेपाल प्रहरी, महिला तथा बालबालिका सेवा निर्देशनालयबाट प्राप्त जानकारीअनुसार यस वर्ष बालबालिका प्रतिबादी भएका घटनामा बालक ९४.९३ प्रतिशत र बालिका  ५.०६ प्रतिशत रहेको छ । जसमा बालकतर्फ केही सार्वजनिक अपराधमा २६८, चोरीमा ५१ तथा जबर्जस्ती करणीमा ६२ रहेको छ भने बालिकातर्फ केही सार्वजनिक अपराधमा १३, बहुविवाहमा ८ र गर्भपतनमा २ रहेको छ । कुल ५३३ बालबालिका प्रतिबादीको रूपमा रहेका देखिन्छन् ।

**तालिका नं. ३.७: आ.ब.०६९/७० मा बालबालिका प्रतिबादी भएका घटनाको विवरण**

| मुद्दाको शीर्षक | बालक | बालिका | जम्मा |
|---|---|---|---|
| जबर्जस्ती करणी | ६२ | ० | ६२ |

| | | | |
|---|---|---|---|
| जबर्जस्ती करणी उद्योग | १४ | ० | १४ |
| ज्यान मार्ने उद्योग | २५ | ० | २५ |
| लागूऔषध | ४० | १ | ४१ |
| कर्तव्य ज्यान | ३८ | १ | ३९ |
| अपहरण | २ | ० | २ |
| हातहतियार खरखजाना | २ | ० | २ |
| चोरी | ५१ | १ | ५२ |
| बहुविवाह | ० | ८ | ८ |
| गर्भपतन | ० | २ | २ |
| सवारी ज्यान | २ | ० | २ |
| केही सार्वजनिक अपराध | २६८ | १३ | २८१ |
| जुवा | २ | ० | २ |
| विद्युतीय कारोवार ऐन | ० | १ | १ |
| **जम्मा** | **५०६** | **२७** | **५३३** |
| **प्रतिशत** | **९४.९३** | **५.०७** | **१००** |

*स्रोतः नेपाल प्रहरी, महिला बालबालिका सेवा निर्देशनालय, २०७०*

### ३.३.२ यातना, दण्ड तथा कठोर सजाय सम्बन्धी घटना तथा उजुरी

बालबालिकालाई यातना तथा दण्ड सजाय दिइएको घटनामा यस वर्ष पनि कमी आउन सकेन । विभिन्न बहानामा बालबालिकालाई यातना, दण्ड तथा कठोर सजाय दिइने घटनाहरूको प्रचुरता नै पाइयो । जिल्लागत बालअधिकार अनुगमन सूचकाङ्क फारामबाट प्राप्त जानकारीलाई हेर्दा यस वर्ष यातना तथा दण्ड सजाय प्रकाशमा आएको १६४ वटा घटनामध्ये उजुरी परेको १०४ वटा रहे भने अदालत पुगेको ४० मात्र घटना रहेका छन् । जसबाट १९४ बालबालिका पीडित भएको देखिन्छ । घटना घट्ने स्थानहरूको विश्लेषण गर्दा बालबालिकाले सबभन्दा धेरै यातना, सजाय तथा दण्ड पाउने स्थानहरूमा समुदाय, घरपरिवार तथा विद्यालय रहेका छन् र बालबालिका घर, समुदाय तथा विद्यालयमा सधैं सुरक्षित हुन्नन् भन्ने मान्यतालाई बल मिलेको देखिन्छ ।

**तालिका नं.३.८: घटना घटेको स्थान तथा संख्या**

| घटना घटेको स्थल | घटना संख्या | प्रतिशत |
|---|---|---|
| घर परिवार | ३७ | २२.५७ |
| समुदाय | ६८ | ४१.४७ |
| विद्यालय | ३७ | २२.५६ |
| बालगृह वा आवासीय संस्था | २ | १.२१ |
| प्रहरी निकाय | १५ | ९.१४ |
| अन्य | ५ | ३.०५ |
| **जम्मा** | **१६४** | **१००** |

*स्रोत : ७५ जिल्ला बालकल्याण समितिबाट प्राप्त विवरण, २०७०*

**तालिका नं. ३.९: प्रकाशमा आएका, उजुरी र अदालतमा मुद्दा परेका घटना**

| प्रकाशमा आएका घटना संख्या | उजुरी परेको घटना संख्या | अदालतमा मुद्दा परेको घटना संख्या | पीडित बालबालिकाको संख्या | | | उजुरी परेको घटनाको प्रतिशत | अदालतमा मुद्दा परेकोघटनाको प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | बालिका | बालक | जम्मा | | |
| १६४ | १०४ | ४० | १२७ | ६७ | १९४ | ६३.१४ | २४.३९ |

*स्रोत : ७५ जिल्ला बालकल्याण समितिबाट प्राप्त विवरण, २०७०*

## ३.४ सामाजिक विभेद

समाजमा हुने गरेका विभिन्न किसिमको विभेदहरूबाट नेपाली बालबालिका पनि अछुतो रहन सकेका छैनन् । नेपाली समाजमा चलि आएको विभिन्न किसिमका बिभेदहरू मध्ये विशेष गरी लैंगिक, जातीय, धर्म, अपाङ्गता, भौगोलिक आधार लगायत विभिन्न किसिमका विभेदबाट धेरै बालबालिका पीडित भएका छन् । ती विभिन्न विभेदलाई अन्त्य गर्नको लागि सरकारले विभिन्न किसिमका कार्यक्रमहरू मार्फत् विभेदलाई अन्त्य गर्नको लागि प्रयास गरी रहेको छ ।

जस्तैः छात्रा छात्रवृत्ति, दलित छात्रवृत्ति, अपांग छात्रवृत्ति, कर्णालीका बालबालिकाको लागि छात्रवृत्ति आदि । त्यसैगरी विभिन्न गैरसरकारी निकायहरूले पनि यस किसिमको कार्यक्रमलाई प्राथमिकतासाथ कार्यान्वयन गरी रहेका छन् ।

७५ जिल्लामा रहेका जिल्ला बालकल्याण समितिबाट प्राप्त बालअधिकार अनुगमन सूचकाङ्क फाराम, २०७० बाट प्राप्त जानकारीले सामाजिक भेदभावका प्रवृत्तिलाई केही हदसम्म दर्शाएको छ । तर यी घटनाहरू प्रकाशमा आउन सकेका प्रतिनिधिमूलक घटनामात्रै हुन् । यस्ता धेरै घटना सञ्चार माध्यम वा सक्षम निकायको पहुँचमा आउन नसकेको वा कतिपय अवस्थामा घटनालाई महत्व नदिइरहेको हुनसक्दछ । ७५ जिल्लाका बालकल्याण समितिबाट प्राप्त बालअधिकार अनुगमन सूचकाङ्क फारामबाट प्राप्त जानकारीअनुसार विभिन्न आधारमा ७३ वटा विभेदका घटनाहरू प्रकाशमा आएको देखिन्छ, जसमा ७५ जना पीडित भएका छन् । जसमध्ये ७४.६७ प्रतिशत बालिका र १७.३३ प्रतिशत बालक पीडित भएको देखिन्छ । त्यसैगरी प्रकाशमा आएको घटनामध्ये ९४.५ प्रतिशत घटनाहरू सम्बन्धित निकायमा उजुरी परेको देखिन्छ । विभेदका घटनामा पनि बालिका नै बढी जोखिममा परेको कुरालाई इङ्गित गर्दछ ।

### ३.४.१ अन्य विभेदका घटना

सामाजिक विभेदका घटनालाई अझ विस्तृत् रूपमा केलाउने हो भने अन्य घटना पनि अगाडी देखिन्छ । विभेदका अरू घटनाहरूमा लिंगको आधारमा, अपाङ्गताका आधारमा, धर्मका आधारमा, एच. आई.भि.का आधारमा र वर्गका आधारमा हुने विभेद पर्दछन् । अन्य विभेदका घटनामा ७३ वटा घटना प्रकाशमा आएका छन जसमा ५६ बालिका र १३ बालक पीडित भएका छन् । अन्य विभेदका घटनामा पनि बालिका नै बढी पीडित भएको देखिन्छ । भेदभावका घटनाहरूको उजुरी गर्ने चलन विगत वर्षहरूभन्दा बढेको देखिन्छ ।

**तालिका नं ३.१०: विभिन्न आधारमा बालबालिकामाथि भएका भेदभावका घटना**

| क्र.सं. | जिल्ला | घटना संख्या | पीडित | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | बालिका | बालक | लिंग नखुलेको | जम्मा | |
| १ | लिंगमा आधारित पीडित | ४८ | ४६ | २ | ० | ४८ | ६४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | अपाङ्गतामा आधारित पीडित | ६ | २ | १ | ३ | ६ | ८ |
| ३ | धर्ममा आधारित पीडित | ४ | ३ | १ | ० | ४ | ५.३३ |
| ४ | जात/जातिमा आधारित पीडित | १० | ३ | ३ | ३ | ९ | १२ |
| ५ | एच्.आइ.भी.मा आधारित पीडित | ३ | १ | २ | ० | ३ | ४ |
| ६ | वर्गमा आधारित पीडित | ० | ० | ० | ० | ० | ० |
| ७ | अन्यमा आधारित पीडित | २ | १ | ४ | ० | ५ | ६.६७ |
| **जम्मा** | | ७३ | ५६ | १३ | ६ | ७५ | १०० |
| **प्रतिशत** | | | ७४.६७ | १७.३३ | ८ | १०० | |

*स्रोत : ७५ जिल्ला बालकल्याण समितिबाट प्राप्त विवरण, २०७०*

**तालिका नं. ३.११: अदालतमा उजुरी परेका भेदभावसम्बन्धी घटना**

| उजुरी परेको घटना संख्या | अदालतमा मुद्दा परेको घटना संख्या | पीडित | | |
|---|---|---|---|---|
| | | बालिका | बालक | जम्मा |
| ६९ | ६३ | ६७ | ३ | ७० |

*स्रोत : ७५ जिल्ला बालकल्याण समितिबाट प्राप्त विवरण, २०७०*

## ३.५ हराएका, फेला परेका र वेवारिस बालबालिका

बालबालिका खोजतलास समन्वय केन्द्र भृकुटीमण्डप काठमाडौंको आ.व. ०६९/७० को विवरणअनुसार नेपालको पाँचै विकास क्षेत्रमा कुल १,४५३ जना बालबालिका (४६.१९ प्रतिशत बालक र ५३.८१ प्रतिशत बालिका) विभिन्न कारणले हराएको पाइन्छ जसमध्ये ५५.५३ प्रतिशत बालक र ४४.४७ प्रतिशत बालिका हराएर फेला परेको देखिन्छ । हराएका कुल बालक र बालिकामध्ये ३२.०६ प्रतिशत बालक र ६७.९४ प्रतिशत बालिका अझै पनि फेला नपरेकोमा खोजतलास जारी रहेको देखिन्छ । हराएर फेला पर्न बाँकी भएकोमा पनि बालिकाको बाहुल्य देखिन्छ ।

## तालिका नं.३.१२: हराएका, हराएर फेला परेका र वेवारिस फेला परेका बालबालिकासम्बन्धी विवरण

| विकास क्षेत्र | | हराएका | | | हराएकामध्ये फेला परेका | | | खोजतलास जारी | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | |
| पूर्वाञ्चल | | २६ | ६३ | ८९ | १ | – | १ | २५ | ६३ | ८८ | |
| मध्यमाञ्चल | उपत्यका | ४७२ | ३३२ | ८०४ | ४३३ | २९७ | ७३० | ३९ | ३५ | ७४ | |
| | उपत्यका बाहेक | १०० | १९९ | २९९ | १४ | ३१ | ४५ | ८६ | १६९ | २५५ | |
| पश्चिमाञ्चल | | ५७ | १८३ | २४० | ९ | ३८ | ४७ | ४७ | १४५ | १९२ | |
| मध्य पश्चिमाञ्चल | | १५ | ४ | १९ | – | – | – | ४ | १५ | १९ | |
| सुदूर पश्चिमाञ्चल | | १ | १ | २ | – | – | – | १ | १ | २ | |
| **जम्मा** | | ६७१ | ७८२ | १४५३ | ४५७ | ३६६ | ८२३ | २०२ | ४२८ | ६३० | |
| **प्रतिशत** | | ४६.१९ | ५३.८१ | १०० | ५५.५३ | ४४.४७ | १०० | ३२.०६ | ६७.९४ | १०० | |

*स्रोत : बालबालिका खोजतलास समन्वय केन्द्र, २०७०*

## तालिका नं. ३.१३: वेवारिस अवस्थामा फेला परेका बालबालिकाको पुनर्स्थापन सम्बन्धी विवरण

| विकास क्षेत्र | | जम्मा वेवारिस अवस्थामा फेला परेका | | | जम्मा परिवारमा पुन:स्थापना गरिएको | | | संरक्षण गृहबाट भागेका | | | हाल बाँकी संरक्षण गृहमा रहेका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| पूर्वाञ्चल | | | | | | | | | | | | | |
| मध्यमाञ्चल | उपत्यका | १८० | ९७ | २७७ | १४३ | ७८ | २२१ | १५ | ५ | २० | २२ | १४ | ३६ |
| | उपत्यका बाहेक | – | – | – | – | – | – | – | – | – | – | – | – |
| पश्चिमाञ्चल | | ३ | – | ३ | – | – | – | – | | | ३ | – | ३ |
| मध्य पश्चिमाञ्चल | | – | १ | १ | – | १ | १ | – | – | – | – | – | – |
| सुदूर पश्चिमाञ्चल | | – | – | – | – | – | – | – | – | – | – | – | – |
| **जम्मा** | | १८३ | ९८ | २८१ | १४३ | ७९ | २२२ | १५ | ५ | २० | २५ | १४ | ३९ |
| **प्रतिशत** | | ६५.१२ | ३४.८८ | १०० | ५०.८८ | २८.१२ | | ५.३४ | १.७८ | | ८.९० | ४.९८ | |

*स्रोत : बालबालिका खोजतलास समन्वय केन्द्र, २०७०*

काठमाडौंस्थित बालबालिका खोजतलास समन्वय केन्द्र भृकुटीमण्डपको आ.व. ०६९/७० को विवरणअनुसार नेपालको पाँचै विकास क्षेत्रमा कुल २८१ बालबालिका वेवारिस अवस्थामा फेला परेको देखिन्छ जसमा ६५.१२ बालक र ३४.८८ बालिका रहेको पाइन्छ। यी वेवारिस फेला परेका बालबालिकामध्ये ५०.८८ प्रतिशत बालक र २८.१२ प्रतिशत बालिका परिवारमा पुनःस्थापना गरिएको पाइन्छ। त्यसैगरी वेवारिस अवस्थामा फेला परेका कुल बालबालिकामध्ये ५.३४ प्रतिशत बालक र १.७८ प्रतिशत बालिका संरक्षण गृह छाडी भागेको देखिन्छ भने ८.९ प्रतिशत बालक र ४.९८ प्रतिशत बालिका अहिले पनि संरक्षण गृहमै संरक्षित रहेको देखिन्छ।

## ३.६ कानूनको विवादमा परेका बालबालिका

बालबालिका समाजका एक अभिन्न अङ्ग हुन। समाजमा हुने प्रत्येक क्रियाकलापहरूले बालबालिकालाई कुनै न कुनै रूपमा प्रभाव पारिरहेको हुन्छ। यसै क्रममा बालबालिकाले ठूला व्यक्तिहरूबाट हुने राम्रा कुराहरू सिक्नुको साथै कतिपय नराम्रा कुराहरूको पनि देखासिकी गरिरहेका हुन्छन्। यसरी कतिपय अवस्थामा जानी नजानी, अर्काको बहकाउ वा डर, त्रासमा परेर वा आफ्नै जिज्ञासु स्वभावले गर्दा बालबालिकाबाट कानून विपरित कार्य हुन पुग्दछ जसलाई बालन्याय कार्यविधि, २०६३ मा बाल बिज्याईं भनी परिभाषित गरिएको छ। यसरी बाल बिज्याईंमा परेका बालबालिकालाई वयस्कलाई भन्दा बेग्लै सुधारात्मक व्यवहार गरिनु पर्ने व्यवस्था अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनमा गरिएको छ।

बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ४० ले "आरोपित वा अपराधिक मानिएका बालबालिकाका सम्बन्धमा मानव अधिकारको आदर विशेषतः निजको प्रतिकारको तयारी र प्रस्तुती लगायतका कानूनी कारवाहीका सम्पूर्ण पक्षहरूबाट फाइदा लिन पाउने अधिकार, उचित र सम्भव भएसम्म न्यायिक कारवाही र संस्थागत प्रतिस्थापन सकभर हुन नदिनु राज्यको दायित्व हो" भनिएको छ। त्यसैगरी धारा ४० को उपधारा ४ ले बालबालिकाको हितको अनुकुल हुनेगरी निजको परिस्थिति र अपराधमा समानुपातिक हुनेगरी निजहरूसँग व्यवहार गर्ने विभिन्न प्रकारका उपायहरू जस्तै स्याहार, मार्गदर्शन र निरीक्षणसम्बन्धी आदेशहरू, सरसल्लाह, सेवा, दण्ड, निलम्बन, पालनपोषण, शिक्षा तथा व्यवस्था, व्यवसायिक तालिमका कार्यक्रमहरू तथा संस्थागत पालनपोषणका विकल्पहरू अप्नाइनेछन् भनी व्यवस्था गरिएको छ। बालअधिकारसम्बन्धी महासन्धिको धारा ३७ र ४० को मर्म अनुरूप नेपालले बालबालिका सम्बन्धी ऐन,२०४८,

यसको नियमावली, २०५१ र बालन्याय (कार्यविधि) नियमावली, २०६३ बनाई कानुनी विवादमा परेका बालबालिकालाई न्यायको प्रक्रियामा विशेष संरक्षणको अधिकारको व्यवस्था गरेको छ ।

यसरी कानुनमा भएका व्यवस्थाहरूको कार्यान्वयनको लागि बिभिन्न कार्यक्रमहरू संचालन गरिएको छ । सर्वोच्च अदालतको मिति २०६१।७।१३ को निर्णय अनुसार सर्वोच्च अदालत, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, केन्द्रीय बालकल्याण समिति र अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाहरूको सहकार्य र समन्वयमा बालबिज्याईं सम्बन्धी मुद्दाको कारवाही किनारा लगाउनको लागि हरेक जिल्ला अदालतमा बालइजलासको व्यवस्था हुनु पर्ने कानूनी व्यवस्था रहेको छ । जस अनुरूप हाल ४८ जिल्लामा विशेष कक्षका साथ मनोविज्ञ तथा समाजसेवी समेत सहभागी हुने बालइजलास गठन भएका छन् । बालन्याय सम्बन्धी समन्वय गर्न केन्द्रमा सर्वोच्च अदालतका न्यायाधीश तथा जिल्लामा जिल्ला न्यायाधीशको अध्यक्षतामा बालबालिकाको क्षेत्रमा क्रियाशील व्यक्तिहरू समेतलाई सम्लग्न गराई बालन्याय समन्वय समितिको गठन गरी कार्यान्वयनमा ल्याइएको छ ।

**तालिका नं. ३.१४: बालविज्याईको प्रकृति, जम्मा मुद्दा संख्या र फैसलाको बिवरण**

| क्र. स. | मुद्दाको प्रकृति | जम्मा मुद्दा संख्या | फैसलाको अवस्था | |
|---|---|---|---|---|
| | | | फैसलाभएको संख्या | फैसला हुन बाँकी संख्या |
| १. | कर्तव्यज्यान | ८ | ३ | ५ |
| २. | ज्यानमार्ने उद्योग | २ | १ | १ |
| ३. | जवर्जस्ती करणी | ४३ | १८ | २५ |
| ४. | जवर्जस्ती करणी उद्योग | ४ | १ | ३ |
| ५. | साधारण चोरी | ७ | ४ | ३ |
| ६. | न.क.व.ज.नी. चोरी | १० | २ | ८ |
| ७. | र.ह.ज.नी. चोरी | २ | ० | २ |
| ८. | डाँका | ३ | ० | ३ |
| ९. | केही सार्वजनिक अपराध | २ | १ | १ |
| १०. | अपहरण | २ | ० | २ |
| ११. | लागूऔषध | ११ | ६ | ५ |
| १२. | सवारी ज्यान | २ | ० | २ |
| १३. | कुटपिट अंगभंग | १ | ० | १ |
| १४. | वनसम्बन्धी | ४ | ० | ४ |

| | | | | |
|---|---|---|---|---|
| १५. | जवर्जस्ती करणी (अ.मै.) | २ | ० | २ |
| | **जम्मा** | १०३ | ३६ | ६७ |
| | **प्रतिशत** | १०० | ३४.९५ | ६५.०५ |

*स्रोतः बालन्याय समन्वय समितिको सचिवालय, २०७०*

बालन्याय समन्वय समितिको सचिवालय, केन्द्रीय बालकल्याण समिति हरिहरभवनबाट प्राप्त विवरणअनुसार बाल ईजलासमा परेका मुद्दाको विवरणअनुसार यस आर्थिक वर्षमा जम्मा १०३ मुद्दा दर्ता भएकोमा १३७ बालबालिका संलग्न भएको देखिन्छ जसमध्ये ४६.७१ प्रतिशत बालबालिका १४ वर्ष उमेर नपुगेका देखिन्छन् भने ४९.६४ प्रतिशत बालबालिका १५ देखि १६ वर्ष उमेर भित्रका देखिन्छन् त्यस्तै ३.३५ प्रतिशत बालबालिकाको उमेर नखुलेको देखिन्छ। त्यसैगरी १०३ वटा दर्ता भएका मुद्दाहरूमध्ये ३४.९५ प्रतिशत मुद्दा फैसला भएको देखिन्छ भने ६५.०५ प्रतिशत मुद्दा फैसला हुन बाँकी देखिन्छ। त्यसैगरी कुल फैसला भएका मुद्दामध्ये ५२.८ प्रतिशत मुद्दामा बालबालिका दोषी भएको पाइन्छ भने २७.८ प्रतिशत मुद्दामा बालबालिकाले सफाई पाएको देखिन्छ। त्यसैगरी ५.५५ प्रतिशत मुद्दाहरू परिवर्तन भएको पाइन्छ भने १३.५५ प्रतिशत मुद्दाहरू नखुलेको पाइन्छ। बाल इजलासमा परेका मुद्दामा बालिका भन्दा बालकहरूको संख्या अधिक देखिन्छ।

**तालिका नं. ३.१५: प्रतिवादी बालबालिकाको संख्या र लिङ्गगत बिवरण**

| **क्र.स.** | **मुद्दाको प्रकृति** | **लिङ्ग** | | **नखुलेको** |
|---|---|---|---|---|
| | | बालक | बालिका | |
| १. | कर्तव्यज्यान | ११ | १ | ० |
| २. | ज्यानमार्ने उद्योग | २ | ० | ० |
| ३. | जवर्जस्ती करणी | ४५ | ० | ० |
| ४. | जवर्जस्ती करणी उद्योग | ४ | ० | ० |
| ५. | साधारण चोरी | १४ | ० | १ |
| ६. | न.क.व.ज.नी.चोरी | १३ | ० | ० |
| ७. | र.ह.ज.नी.चोरी | २ | ० | ० |
| ८. | डाँका | ९ | ० | ० |
| ९. | केही सार्वजनिक अपराध | ३ | ० | ० |

| | | | | |
|---|---|---|---|---|
| १०. | अपहरण | २ | ० | ० |
| ११. | लागूऔषध | १४ | ० | ० |
| १२. | सवारी ज्यान | २ | ० | ० |
| १३. | कुटपिट अंगभंग | १ | ० | ० |
| १४. | वनसम्बन्धी | ११ | ० | ० |
| १५. | जवर्जस्ती करणी (अ.मै.) | २ | ० | ० |
| | **जम्मा** | **१३५** | **१** | **१** |

*स्रोतः बालन्याय समन्वय समितिको सचिवालय, २०७०*

## तालिका नं. ३.१६: प्रतिवादी बालबालिका र उमेर समुह

| **क्र.स.** | **मुद्धा** | **उमेर समुह** | | **नखुलेको** | **जम्मा** |
|---|---|---|---|---|---|
| | | १४ वर्ष मूनी | १५ देखि १६ | | |
| १. | कर्तव्यज्यान | २ | १० | ० | १२ |
| २. | ज्यानमार्ने उद्योग | ० | २ | ० | २ |
| ३. | जवर्जस्ती करणी | २४ | १६ | ५ | ४५ |
| ४. | जवर्जस्ती करणी उद्योग | १ | ३ | ० | ४ |
| ५. | साधारण चोरी | ७ | ८ | ० | १५ |
| ६. | न.क.व.ज.नी.चोरी | ७ | ६ | ० | १३ |
| ७. | र.ह.ज.नी.चोरी | १ | १ | ० | २ |
| ८. | डाँका | ३ | ६ | ० | ९ |
| ९. | केही सार्वजनिक अपराध | २ | १ | ० | ३ |
| १०. | अपहरण | ० | २ | ० | २ |
| ११. | लागूऔषध | ६ | ८ | ० | १४ |
| १२. | सवारी ज्यान | १ | १ | ० | २ |
| १३. | कुटपिट अंगभंग | ० | १ | ० | १ |
| १४. | वनसम्बन्धी | ९ | २ | ० | ११ |
| १५. | जवर्जस्ती करणी (अ.मै.) | १ | १ | ० | २ |
| | **जम्मा** | **६४** | **६८** | **५** | **१३७** |
| | **प्रतिशत** | **४६.७१** | **४९.६४** | **३.६५** | **१००** |

*स्रोतः बालन्याय समन्वय समितिको सचिवालय, २०७०*

## तालिका नं. ३.१७: जिल्लागत आधारमा मुद्दा संख्या विवरण

| क्र. स. | जिल्ला | मुद्दा संख्या |
|---|---|---|
| १. | तेह्रथुम | २ |
| २. | संखुवासभा | ३ |
| ३. | धनकुटा | २ |
| ४. | सुनसरी | ९ |
| ५. | मोरङ | ४ |
| ६. | उदयपुर | १ |
| ७. | सिरहा | ३ |
| ८. | सोलुखुम्बु | २ |
| ९. | सप्तरी | १ |
| १०. | सिन्धुली | २ |
| ११. | धनुषा | ४ |
| १२. | महोत्तरी | १ |
| १३. | काठमाडौं | ६ |
| १४. | ललितपुर | २ |
| १५. | दोलखा | १ |
| १६. | नुवाकोट | २ |
| १७. | चितवन | ५ |
| १८. | बारा | ३ |

| क्र. स. | जिल्ला | मुद्दा संख्या |
|---|---|---|
| १९. | पर्सा | १ |
| २०. | गोरखा | १ |
| २१. | लमजुङ | १ |
| २२ | कास्की | २ |
| २३. | स्याङ्जा | २ |
| २४. | वाग्लुङ | १ |
| २५. | नवलपरासी | ३ |
| २६. | रूपन्देही | ६ |
| २७. | प्युठान | १ |
| २८. | दाङ | ५ |
| २९. | बाँके | ४ |
| ३०. | बर्दिया | ६ |
| ३१. | सुर्खेत | ४ |
| ३२. | डोटी | २ |
| ३३. | कैलाली | ५ |
| ३४. | बझाङ | २ |
| ३५. | दार्चुला | १ |
| ३६. | कञ्चनपुर | ३ |

*स्रोतः बालन्याय समन्वय समितिको सचिवालय, २०७०*

## तालिका नं. ३.१८: बालबिज्याइँ र फैसलाको विवरण

| क्र.सं. | मुद्दाको प्रकृति | फैसला भएका जम्मा मुद्दा संख्या | फैसला | | | |
|---|---|---|---|---|---|---|
| | | | ठहर | सफाई | मुद्दा परिवर्तन | नखुलेको |
| १. | कर्तव्यज्यान | ३ | १ | १ | ० | १ |
| २. | ज्यानमार्ने उद्योग | १ | ० | १ | | ० |
| ३. | जवर्जस्ती करणी | १८ | १२ | २ | २ | २ |
| ४. | जवर्जस्ती करणी उद्योग | १ | ० | १ | ० | ० |
| ५. | साधारण चोरी | ४ | १ | २ | ० | १ |
| ६. | न.क.व.ज.नी.चोरी | २ | १ | ० | ० | १ |
| ७. | केही सार्वजनिक अपराध | १ | ० | १ | ० | ० |
| ८. | लागूऔषध | ६ | ४ | २ | ० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | ३६ | १९ | १० | २ | ५ |
| | प्रतिशत | १०० | ५२.८ | २७.८ | ५.५५ | १३.५५ |


*स्रोतः बालन्याय समन्वय समितिको सचिवालय, २०७०*

### ३.६.१ बालसुधार गृहमा रहेका बालबालिका

बालन्यायको सिद्धान्त अनुरूप बालबालिकालाई कैद गरी सजाय गर्ने नभई उनीहरूलाई सुधार गृहमा राखिनु पर्दछ । नेपालमा पाँचै विकास क्षेत्रमा बालसुधार गृह सञ्चालान गर्ने भनिएता पनि हाल भक्तपुरमा २०५८।५९ देखि र पोखरामा यसै वर्षदेखि बालसुधार गृह सञ्चालनमा रहेको छ । विराटनगर र नेपालगञ्जमा भने यो निर्माणाधिन अवस्थामा रहेको छ ।


भक्तपुरको सानोठिमीस्थित बाल सुधार गृहमा हाल ७२ बालक र ४ बालिका छन् भने कास्कीको सराङ्कोट स्थित बाल सुधार गृहमा ५४ बालक गरी जम्मा १२६ बालक र ४ बालिका (कुल १३० बालबालिका) हाल सम्म बाल सुधार गृहमा छन् । यस आर्थिक वर्षमा भक्तपुरको सानोठिमी बालसुधार गृहमा ९४ जना नयाँ दर्ता भए भने ७६ जना छुटे, त्यसैगरी कास्कीको सराङ्कोटस्थित बालसुधार गृहमा ३९ जना नयाँ दर्ता भए भने २२ जना छुटेको देखिन्छ ।

**चित्र नं. ३.३ः हालसम्म बालसुधार गृह सानोठिमीमा दर्ता भएका र पुनर्स्थापना भएका बालबालिका**





*स्रोत : बालसुधार गृह भक्तपुर, २०७०*

## चित्र नं.३.४: हालसम्म बालसुधार गृह सराङकोट, कास्कीमा दर्ता भएका र पुनर्स्थापना भएका बालबालिका





*स्रोत : बालसुधार गृह भक्तपुर २०७०*

## चित्र नं. ३.५: मुद्दाका आधारमा बालसुधार गृह सानोठिमीमा दर्ता भएका बालन्यायका घटनाहरू





*स्रोतः बालसुधार गृह भक्तपुर, २०७०*

**चित्र नं.३.६: मुद्दाका आधारमा बालसुधार गृह सराङकोट, कास्कीमा दर्ता भएका घटना**





*स्रोत : बालसुधार गृह भक्तपुर, २०७०*

**चित्र नं. ३.७: बालसुधार गृह सानोठिमीमा दर्ता भएका बालबालिकाको जिल्लागत विवरण**





*स्रोत : बालसुधार गृह भक्तपुर, २०७०*

**चित्र नं. ३.८: बालसुधार गृह सराङकोट, कास्कीमा दर्ता भएका बालबालिकाको जिल्लागत विवरण**




*स्रोत : बालसुधार गृह भक्तपुर, २०७०*

**चित्र नं. ३.९: लिङ्गका आधारमा बालसुधार गृहमा दर्ता भएका बालबालिकाको विवरण**




*स्रोत : बालसुधार गृह भक्तपुर, २०७०*

## ३.७ कारागारमा आश्रित बालबालिका

विना अपराध कतिपय बालबालिका  आफ्ना बुवा वा आमाले गरेको अपराधले गर्दा कारागारमा बस्न बाध्य छन् । स्वयम् आफूले केही गल्ती वा बिज्याईं गरेको कारण नभई बाबुआमाले गरेका अपराधका कारण उनीहरुसँगै बालबालिका समेत जेलमा रहन बाध्य भएका छन् । विभिन्न संघसंस्थाले यस्ता केही बालबालिकाको उद्धार गरी पुनःस्थापना सेवासमेत गरेएको भए पनि कारगार व्यवस्थापन बिभागबाट प्राप्त तथ्यांक अनुसार २७ जिल्लाका कारागारमा ८० जना आफ्ना अभिभावकसँग बस्न बाध्य भएका बालबालिकाहरु मध्ये सबैभन्दा बढी काठमाडौंमा १३ जना र झापामा ११ जना बालबालिका रहेका छन् भने त्यसपछि क्रमशः अन्य जिल्लाका बालबालिका रहेका छन् । यी बालबालिकालाई बैकल्पिक स्याहारको अवधारणा अनुसार पुनःस्थापना गर्नुपर्ने देखिन्छ ।

**तालिका नं. ३.१९: आ.व. २०६९/७० मा विभिन्न कारागारमा आश्रित बालबालिकाको विवरण**

| क्र.सं. | जिल्ला | आश्रित बालबालिकाको संख्या |
|---|---|---|
| १ | काठमाडौं | १३ |
| २ | झापा | ११ |
| ३ | पर्सा | ७ |
| ४ | महोत्तरी | ६ |
| ५ | मोरङ | ५ |
| ६ | बर्दिया | ५ |
| ७ | तेह्रथुम | ३ |
| ८ | पाल्पा | ३ |
| ९ | पाँचथर | २ |
| १० | इलाम | २ |
| ११ | नुवाकोट | २ |
| १२ | बाग्लुङ | २ |
| १३ | दाङ | २ |
| १४ | सल्यान | २ |
| १५ | बाँके | २ |
| १६ | दैलेख | २ |
| १७ | ओखलढुङ्गा | १ |
| १८ | उदयपुर | १ |
| १९ | चितवन | १ |
| २० | कास्की | १ |
| २१ | लमजुङ | १ |
| २२ | नवलपरासी | १ |
| २३ | रोल्पा | १ |
| २४ | सुर्खेत | १ |
| २५ | कैलाली | १ |
| २६ | डडेलधुरा | १ |
| २७ | कञ्चनपुर | १ |
| | **जम्मा** | **८०** |

*स्रोत : कारागार व्यवस्थापन विभाग, काठमाडौं, २०७०*

## ३.८ एच. आई. भी. एड्स र बालबालिका

एच. आई. भी. एड्सको प्रकोप बिस्तारै बिस्तारै नेपालमा पनि देखिन थालेको छ । पहिलो पटक यसका संक्रमण सन् १९८८ मा देखिएको थियो । बालबालिका पनि यो सङ्क्रमणबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित हुनथाले । हाल नेपालमा एच.आई.भी, र एड्सको समस्यामा परेका बालबालिकाको सङ्ख्या पनि उल्लेख्य रहेको छ । नेपालबाट भारतमा हुने मौसमी बसाई सराई लगायत कामका लागि भारत जाने तथा अन्य तेस्रो मुलुकमा जाने क्रम तथा देश भित्रनै पनि देहव्यापारको बढ्दो क्रम, महिला तथा बालबालिकाका बेचबिखन, सुईजन्य लागूपदार्थको दुरुपयोग, असुरक्षित यौन सम्पर्क लगायतबाट नेपालमा एच.आई.भी.को संक्रमण विस्तार भईरहेको छ । नेपालमा हाल २० हजार ५८३ जना एच.आई.भी सङ्क्रमित भएका मानिस रहेको उल्लेख गरिएकोछ । (एनसीएएससी, २०६९)

नेपालमा करिब ३ लाख बालबालिका एड्स प्रभावित (Children Affected by AIDS - CABA) अर्थात एच.आई.भी सङ्क्रमित वा एड्सको अवस्थामा रहेका बाबुआमाका बालबालिका तथा स्वयम् आफै सङक्रमित वा एड्सको अवस्थामा पुगेका बालबालिका रहेको अनुमान छ । जो संरक्षणको दृष्टिबाट अत्यन्त जोखिममा छन् । नेपालमा एच.आई.भी. र एड्स उपचारका लागि ४४ ठाउँमा प्रतिशोधात्मक उपचार (Anti-Retroviral Therapy-ART) सेवा तथा २०५ स्थानमा परामर्श तथा परीक्षण (Counseling and Testing) सेवाको स्थापना गरिएको छ । सङ्क्रमित गर्भवती महिलालाई सुरक्षित प्रसूति सेवा उपलब्ध गराउन मुलुकका ५४ स्थानमा आमाबाट शिशुमा सङक्रमण रोकथाम (Prevention of Mother-to-Child Transmission-PMTCT) of HIV सेवा प्रदान गर्ने व्यवस्थाबाट नवजात शिशुमा हुने सङ्क्रमणको दरलाई न्यूनीकरण गर्ने प्रयास गरिएको छ ।

## ३.९ सुर्ती, मादक तथा लागू पदार्थ र बालबालिका

अभिभावकको व्यस्तता र बढ्दो पश्चिमी संस्कृतिको प्रभाव, परिवार तथा हेरचाहकर्ताको उचित ध्यान तथा व्यवहारको अभाव, आपराधिक गतिविधिहरुमा वृद्धि, पारिवारिक विचलन, फितलो कानूनी व्यवस्था, साथीभाईको दवाव लगायतका कारण मादक तथा लागूपदार्थको दुरुपयोगबाट थुप्रै बालबालिका प्रभावित भईरहेका छन् । विद्यालय जाने तथा सडक बालबालिका हुन् या

उच्च घरानियाका बालबालिका हुन्  यसबाट अछुतो छैनन् । नेपाली समाजमा रक्सी जन्य पदार्थ तथा चुरोट खाने कुरा त सामान्य प्रायः हुन थालेको छ । अभिभावकले बालबालिकाको अगाडि मदिरा तथा सुर्तीजन्य पदार्थ सेवन गर्ने भएकोले पनि बालबालिका दुर्व्यसनी भएका छन् । यसबारे अद्यावधिक तथ्याङ्क उपलब्ध छैन ।  तथ्याङ्क विभागले गरेको सन् २००७ को एक सर्वेक्षणले नेपालमा ४६ हजार ३०९ लागूपदार्थ दुर्व्यसनी भएको, जसमध्ये  १५ वर्ष मुनिका १.२ प्रतिशत तथा २१.६ प्रतिशत १५-१९ वर्षसम्मका रहेको देखाएको छ  । (केतवि २०६३)

सूर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ ले शिक्षण संस्था, पुस्तकालय, स्वास्थ्य संस्था, शिशु स्याहार केन्द्र, बालगृह, बालउद्यान, लगायतका सार्वजनिक स्थलमा सुर्तीजन्य पदार्थ सेवन तथा सो स्थानको कम्तिमा एकसय मिटर वरपर सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न नपाइने व्यवस्था गरेकोछ । यसैगरी कसैले पनि अठार वर्ष नपुगेका व्यक्ति र गर्भवती महिलालाई सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न वा गर्न लगाउन वा निःशुल्क उपलब्ध गराउन पाउने छैन भनिएको छ ।  रक्सी बेच्ने पसल बेग्लै राख्ने तथा बालबालिकालाई बेचबिखन नगर्ने गरी सरकारले सन् २००८ मा गरेको निर्णय अत्यन्त स्वागतयोग्य रहेता पनि यसको कडाइका साथ कार्यान्वयन हुन सकेको छैन । मदिरा तथा जनस्वास्थ्य र बालबालिका समेतका बारेमा नीतिगत वकालत गर्न नागरिक समाजका तर्फबाट “राष्ट्रिय मदिरा नीति सञ्जाल-नापा” क्रियाशील रहेको छ र सबै सरोकारवालाको पहलमा यसैवर्ष मदिरासम्बन्धी राष्ट्रिय नीति बनाउन स्वास्थ्य मन्त्रालय अन्तरगत एक मस्यौदा तयारी समिति बनेको छ । मादक तथा लागूपदार्थ विरुद्ध विभिन्न सचेतना कार्यक्रमहरु सञ्चालन भएका छन् भने लागूपदार्थ दुर्व्यसनीको लागि विभिन्न संस्थाद्वारा पुनःस्थापना केन्द्रहरु सञ्चालित छन् । तर खासगरी परिवारविहीन वा परित्यक्त एवम् सडक बालबालिकाका लागि यस्ता निःशुल्क सेवा प्राप्त हुन सकिराखेको छैन । सरकारले सुर्ती, मादक तथा लागू पदार्थको बेचबिखनमा रोक लगाएता पनि यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन् ।

## ३.१० सशस्त्र द्वन्द्व र बालबालिका

२०६२ सालमा शान्ति सम्झौता भएपछि देशको मूल सशस्त्र द्वन्द्वको अन्त्य भएको छ । तर यसका धेरै पक्षहरु अझै समाधान हुन सकेका छैनन् भने अर्कोतर्फ यसपछि पनि थुप्रै सशस्त्र समूहरुले हिंसा, प्रतिहिंसालाई अंगालि रहेका छन् । शान्ति तथा पुनर्निर्माण मन्त्रालयमार्फत

१० जिल्लाबाट प्राप्त विवरणअनुसार १०७० जना द्वन्द्वबाट प्रभावित बालबालिका देखिन्छन् जसमा ५२.४२ प्रतिशत बालिका र ४७.५८ प्रतिशत बालक रहेको देखिन्छ। त्यसैगरी सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकालाई लक्षित गरी राहत तथा पुनःस्थापना एकाइमार्फत शान्ति तथा पुनःर्निर्माण मन्त्रालयले टुहुरा बालबालिका पुनःस्थापना कार्यक्रममार्फत हरेक बालबालिकालाई रु. ६०,०००/- वार्षिकका दरले यस वर्ष ६०५ बालबालिकालाई रुपैयाँ ३,३६,००,०००/- बजेट सहयोग गरेको छ।

**तालिका नं.३.२०: सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकालाई राहत तथा पुनःस्थापनाको विवरण**

| क्र.सं. | जिल्ला | बालिका | बालक | जम्मा |
|---|---|---|---|---|
| १ | संखुवासभा | ६९ | ० | ६९ |
| २ | डोटी | १९ | २० | ३९ |
| ३ | सप्तरी | ८२ | ९६ | १७८ |
| ४ | धनकुटा | १० | ८ | १८ |
| ५ | गोरखा | ४७ | ४४ | ९१ |
| ६ | प्युठान | ३१ | ३१ | ६२ |
| | | १०६ | ९८ | २०४ |
| ७ | पाल्पा | ४८ | ५७ | १०५ |
| ८ | सिन्धुली | ६५ | ६१ | १२६ |
| ९ | जुम्ला | ८४ | ९४ | १७८ |
| १० | मुस्ताङ | ० | ० | ० |
| | **जम्मा** | **५६१** | **५०९** | **१०७०** |
| | **प्रतिशत** | **५२.४३** | **४७.५७** | **१००** |

*स्रोत : शान्ति तथा पुनर्निर्माण मन्त्रालय, २०७०*

**साना हतियारबाट हताहत हुने तथा सर्वसाधारण पीडितद्वारा सक्रिय गराइएका घटनासम्बन्धी विवरणः**

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित नेपालमा गैरद्वन्द्वात्मक सशस्त्र हिंसाको अवस्था वार्षिक प्रतिवेदनअनुसार सन् २०१२ मा साना तथा घरेलु हतियारबाट बालबालिका

पीडित भएका छन् । ५४४ साना हतियारको प्रयोगका घटनामा ७२४ जना हताहत भए । पीडित भएका मध्ये ६८ बालबालिका र ६५६ वयस्क रहेका छन् । ६८ बालबालिकामा बालक ५० र बालिका १८ छन् भने ९ प्रतिशत बालबालिका र ९१ प्रतिशत वयस्क छन् ।

त्यस्तै सर्वसाधारण पीडितद्वारा सक्रिय गराइएका घटनासम्बन्धी विवरणमा सन् २०१२ मा बम विष्फोटनका कूल पीडितमध्ये बालक ३, बालिका ८, महिला ४ र पुरुष ८ गरी २३ जना पीडित छन् जो बालबालिका ४८ प्रतिशत र वयस्क ५२ प्रतिशत हुन आउँछ ।

## ३.११ धर्मसन्तान


नेपाली समाजमा धर्मसन्तान लिने-दिने परम्परा धेरै अगाडिदेखि चलिआएको छ । विभिन्न कारणले परिवारविहीन हुन पुगेका बालबालिकाको संरक्षणका निम्ति धर्मपुत्र र पुत्रीका रुपमा पाल्ने व्यवस्थालाई पारदर्शी र कानूनसम्मत व्यवस्थित गर्नुपर्ने कुरा बालअधिकारभित्र नै पर्दछ । परिवारविहीन बालबालिकाको वैकल्पिक व्यवस्थाका लागि तिनकै नातेदार, आफन्त वा समुदाय पहिलो प्राथमिकता हुने र सो हुन नसकेमा स्वदेशमा नै धर्मपुत्र र पुत्रीका रुपमा पाल्न प्रोत्साहित गर्नुपर्ने तथा सो पनि हुन नसकेमा कानूनसम्मत निकायको स्वीकृतिमा विदेशीलाई धर्मपुत्र र पुत्रीका रुपमा पाल्न दिन सकिने व्यवस्था छ । यसको साथै विभिन्न कारणले परिवारविहीन हुन पुगेका र संरक्षणको आवश्यकता परेका बालबालिकाका लागि संरक्षक तोक्नको लागि बालबालिकासम्वन्धी ऐन, २०४८ को दफा २२ मा बालकल्याण अधिकारीद्वारा संरक्षक तोकी बालबालिकाको संरक्षण गर्नसक्ने व्यवस्था गरेको छ ।

### ३.११.१ **विदेशी नागरिकलाई धर्मसन्तानः**

विदेशीलाई धर्मपुत्र र पुत्री दिने कार्य भने धेरै वर्षदेखि भैआएको पाइन्छ । यसलाई अझ व्यवस्थित गर्न हाल नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने सम्बन्धी शर्त तथा प्रक्रिया, २०६५ लागू गरी कार्यान्वयनमा ल्याइएको छ । धेरै बालबालिका धर्मपुत्र र धर्मपुत्रीको रुपमा विदेशी नागरिकहरुले ग्रहण गरेर लगेका छन् भने यस प्रक्रियालाई अझ व्यवस्थित गर्नको लागि महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय अन्तर्गत धर्मपुत्र, धर्मपुत्री व्यवस्थापन विकास समितिको व्यवस्था गरी सो कार्यलाई सरल र पारदर्शी बनाउने प्रयास गरेको पाइन्छ । मिति २०६७/१०/६ मा समिति गठन भएपश्चात् हालसम्म ५७

बालिका र २६ बालक गरी जम्मा ८३  बालबालिका विदेशी नागरिकसँग धर्मपुत्र र धर्मपुत्रीको रुपमा गएका छन् । विभिन्न देशका विदेशी नागरिकलाई धर्मसन्तानका रुपमा जाने व्यवस्था क्रमशः घटिरहेको छ । यस वर्ष सात जना बालबालिका धर्मसन्तानको रुपमा गएको देखिन्छ । बालक भन्दा बालिका धर्मपुत्रीको रुपमा धेरै गएको तलका चित्रले प्रष्ट पार्दछ ।

**चित्र नं. ३.१०:विदिशी नागरिकले धर्मसन्तान लगेका विवरण**




*स्रोतः अन्तर्देशीय धमपुत्र-धर्मपुत्री व्यवस्थापन समिति, २०७०*

३.११.२ **स्वदेशी नागरिकलाई** धर्मसन्तान

आफ्नो सन्तान नभएका व्यक्ति वा दम्पतीले आफ्नो नजिकको आफन्तको सन्तानलाई धर्मसन्तानको रुपमा पालनपोषण गर्ने गरेको परम्परा छ । विभिन्न कारणले अभिभावकविहीन बन्न पुगेका बालबालिका स्वदेशभित्रै वा नेपालीले नै विभिन्न जिल्लाका मालपोत कार्यालयहरुबाट प्रक्रिया पुर्‍याएर धर्मपुत्र वा धर्मपुत्री लिने प्रचलनको पनि विकास हुँदै गएको देखिन्छ । मुलुकी ऐनमा व्यवस्था भएअनुसार नेपाली नागरिकले नेपाली बालबालिकालाई धर्मपुत्र वा धर्मपुत्रीको रुपमा लिन चाहेमा जिल्लाको मालपोत कार्यालयबाट रजिष्ट्रेसन पास गराई लिएको सम्बन्धमा भूमिसुधार तथा व्यवस्थापन विभागबाट प्राप्त तथ्याङ्कअनुसार आ.व. २०६६/०६७ देखि

आ.व.२०६९/०७० सम्म २२ जिल्लाबाट जम्मा २४१ बालबालिकालाई नेपाली नागरिकले धर्मपुत्र तथा धर्मपुत्रीको रुपमा लिएको देखिन्छ । जसमा सबैभन्दा बढी काठमाडौंमा ५८ जना बालबालिका रहेको देखिन्छ । यस वर्ष नेपाली नागरिकसँग धर्मपुत्र वा धर्मपुत्री भै गएका बालबालिकाको संख्या ८६ रहेको छ ।

**तालिका नं.३.२१: आ.व. २०६६/०६७ देखि आ.व. २०६९/०७० सम्म नेपाली नागरिकसँग धर्मपुत्र/धर्मपुत्री भै गएका बालबालिकाको विवरण**

| क्र.सं. | जिल्लाहरु | जम्मा |
|---|---|---|
| १ | काठमाडौं | ५८ |
| २ | सप्तरी | ३३ |
| ३ | भक्तपुर | ३१ |
| ४ | सिरह | २० |
| ५ | रौतहट | २० |
| ६ | पर्वत | १४ |
| ७ | नवलपरासी | १० |
| ८ | बाँके | ९ |
| ९ | ललितपुर | ८ |
| १० | कपिलवस्तु | ६ |
| ११ | काभ्रेपलाञ्चोक | ६ |
| १२ | बर्दिया | ४ |
| १३ | धनुषा | ४ |
| १४ | सर्लाही | ४ |
| १५ | सुनसरी | ३ |
| १६ | मोरङ | ३ |
| १७ | महोत्तरी | २ |
| १८ | कञ्चनपुर | २ |
| १९ | म्याग्दी | १ |
| २० | कास्की | १ |
| २१ | रुपन्देही | १ |
| २२ | ताप्लेजुङ | १ |
| | **जम्मा** | २४१ |


*स्रोत : भूमिसुधार तथा व्यवस्थापन विभाग, काठमाडौं, २०७०*

## ३.१२ शरणार्थी बालबालिका

राजनीतिक, सामाजिक तथा अरु कुनै कारणले जोखिममा परी आफ्नो देशमा बस्न नसकी अर्को देशमा गई शरण लिई शरणार्थीका रूपमा बस्ने चलन प्रायः संसारभरि नै छ। यसकालागि अन्तर्राष्ट्रिय कानून पनि बनाइएको छ । यसरी शरणार्थी भएर गएका विदेशी नागरिकलाई सम्बन्धित देशले सुरक्षा तथा संरक्षण दिनुपर्ने हुन्छ। त्यसमा पनि शरणार्थीको रुपमा बस्न बाध्य बालबालिकालाई विशेष संरक्षणको आवश्यकता पर्दछ।

नेपालमा विभिन्न देशका शरणार्थी रहेतापनि तिब्बती शरणार्थी र भुटानी शरणार्थी ठूलो परिमाणमाछन् । तीमध्ये नेपालमा रहेका भुटानीहरुको ठूलो हिस्सा तेस्रो देशमा पुनःस्थापनाका लागि गइसकेको छ। गृह मन्त्रालयको तथ्याङ्क अनुसार १७ वर्षभन्दा मुनिका ४,७४१ बालिका र ५,०६३ बालक शरणार्थीका रुपमा रहेको देखिन्छ।

**चित्र नं. ३.११: शरणार्थी बालबालिकाको विवरण**




*स्रोत : गृह मन्त्रालय, २०७०*

## ३.१३ अपाङ्गता र बालबालिका

अपाङ्गता भएका बालबालिका सबैभन्दा धेरै जोखिममा रहेका हुन्छन् । यिनीहरु शोषण र हेलामा परेको पनि धेरै उदाहरण देखिन्छ । त्यसकारण यिनीहरु विशेष संरक्षणको आवश्यकता पर्ने बालबालिकाको समुहभित्र पर्दछन् ।  व्यक्तिहरूमा अपाङ्गता हुने कारणमा दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विष्फोटक पदार्थको प्रयोग आदि देखिएको छ, जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ । नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाको हक हित र अधिकारको संरक्षण एवम् संवर्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ । त्यसैगरी २०६६ पौष १२ गते नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि, २००६ ९ग ऋयलखभलतष्यल यल तजभ च्ष्नजतक या एभयउभि धष्तज म्ष्कबदष्षितष्भक(ग्ल्ऋच्एम्, द्ण्ण्ट० लाई अनुमोदन गरेको छ । सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारीरिक अपाङ्गता, दृष्टिविहीन र न्यून दृष्टियुक्त, स्वरबोलाइसम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहीनता, मानसिक अपाङ्गता- बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख  (नीलो रङको परिचयपत्र), तह ग (पहेंलो रङको परिचयपत्र) र तह घ (सेतो रङको परिचयपत्र) गरी चारतहमा विभक्त गरी परिचयपत्र वितरण गर्ने कार्य सुरु गरिएको छ । ७५ जिल्लाबाट प्राप्त बालअधिकार अनुगमन सूचकाङ्क फाराम, २०७० बाट हालसम्म १०२५७ जना बालबालिकाले अपाङ्गता परिचयपत्र लिएको देखिन्छ  ।

**तालिका नं. ३.२२: अपाङ्गता परिचयपत्र लिएका बालबालिकाको विवरण**

| अपाङ्गताको किसिम | हालसम्म परिचयपत्र लिएका बालबालिकाको सङ्ख्या | | | प्रतिशत |
|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | |
| शारीरिक अपाङ्गता | २०५६ | २६१६ | ४६७२ | ४५.५५ |
| दृष्टिविहीनता र न्यून दृष्टियुक्त | ४२७ | ५०३ | ९३० | ९.०६ |

| | | | | |
|---|---|---|---|---|
| सुस्तश्रवण र बहिरा | ५०८ | ५५९ | १०६७ | १०.४० |
| श्रवण दृष्टिविहीनता भएका | ११९ | ९२ | २११ | २.०६ |
| स्वर र बोलाइसम्बन्धी अपाङ्गता | २४७ | २८२ | ५२९ | ५.१६ |
| मानसिक अपाङ्गता-बौद्धिक अपाङ्गता | ६२५ | ६६३ | १२८८ | १२.५६ |
| बहुअपाङ्गता | ७१७ | ८४३ | १५६० | १५.२१ |
| **जम्मा** | **४६९९** | **५५५८** | **१०२५७** | **१००** |
| **प्रतिशत** | **४५.८१** | **५४.१९** | **१००** | |

*स्रोत : ७५ जिल्ला बालकल्याण समितिबाट प्राप्त विवरण, २०७०*

**तालिका नं.३.२३: गाम्भीर्यको आधारमा यस वर्ष अपाङ्गता परिचयपत्र लिएका बालबालिकाको विवरण**

| अपाङ्गता परिचय पत्रको किसिम | परिचयपत्र लिएका बालबालिकाको सङ्ख्या | | | | प्रतिशत |
|---|---|---|---|---|---|
| | बालिका | बालक | लिंग नखुलेको | जम्मा | |
| पूर्ण अशक्त अपाङ्गता (रातो रंगको ) | ७०८ | ९७७ | २०९ | १८९४ | २३.७७ |
| अति अशक्त अपाङ्गता परिचयपत्र (नीलो रंगको) | ८२८ | ९८५ | २०१ | २०१४ | २५.२८ |
| मध्यम अपाङ्गता (पहेंलो रंगको) | ८०९ | १०१४ | २५४ | २०७७ | २६.०७ |
| सामान्य अपाङ्गता (सेतो रंगको) | ७६८ | ९८७ | २२८ | १९८३ | २४.८९ |
| **जम्मा** | **३११३** | **३९६३** | **८९२** | **७९६८** | **१००** |
| **प्रतिशत** | **३९** | **५०** | **११** | **१००** | |


*स्रोत : ७५ जिल्ला बालकल्याण समितिबाट प्राप्त विवरण, २०७०*

## ३.१४ सडकमा आश्रित बालबालिका

सडकमा आश्रित बालबालिकाको समस्या संसारका प्रायः सबै गरिब तथा विकासोन्मुख राष्ट्रहरुमा रहेको पाइन्छ । देशको असन्तुलित विकास, अव्यवस्थित शहरीकरण र मूलतः स्थानीय स्तरमा बाल-केन्द्रित कार्यक्रम र प्रभावकारी बालसंरक्षण प्रणालीको अभावमा सडक बालबालिकाको समस्या प्रायः सबैजसो शहरबजारमा कुनै न कुनै रुपमा रहेको पाइन्छ । देशको सामाजिक,

आर्थिक, राजनीतिक र साँस्कृतिक कारण तथा गरिवी, क्षेत्रीय असन्तुलनका साथै स्रोतको असमान वितरणका कारणले नागरिकको जीवन निर्वाह जटिल बन्दै गइरहेको छ । यसका अतिरिक्त रोजगारी, अशिक्षा र घरेलु हिंसाजस्ता कारणले गर्दा पनि परिवार छोडेर बालबालिका सडकमा आउने र त्यहीं बस्ने गरेको पाइएको छ । त्यसैगरी समाजमा व्याप्त विभिन्न कुरीति, कुसंस्कारले पनि परिवारका सदस्यहरूबीच असहज सम्बन्धको स्थिति सिर्जना भई बालबालिका घर छोडेर हिंड्ने प्रवृत्ति बढ्दै गएको छ । देशमा दश वर्षसम्म चलेको सशस्त्र द्वन्द्व र राजनीतिक अस्थिरताको अप्रत्यक्ष असरको कारणबाट पनि कतिपय बालबालिका सडकमा आएको अनुमान गरिन्छ । सामान्यतया सडकमा आश्रित बालबालिका दुई किसिमका रहेका छन् पहिलो-पूर्ण रूपमै सडकमै बस्ने, काम गर्ने र सुत्ने जो घर परिवारबाट अलग रहेका हुन्छन् र दोस्रो वर्गमा अधिकांश समय सडकमा बिताउने, कमाइको लागि सडक आउने तर बस्ने र सुत्नका लागि आफ्ना अभिभावकहरू भएको ठाउँमा जाने बालबालिका पर्दछन् । यी दुबैथरि बालबालिका संरक्षणको जोखिममा रहेका हुन्छन् । सडक कुनै पनि बहानामा बालबालिकाका लागि उपयुक्त हुन सक्दैन र सडकमा बस्नुपर्ने अवस्थाबाट बालबालिकालाई जोगाउनु सबैको दायित्व हो ।

**चित्र नं.३.१२: सडक बालबालिकाको हालको विवरण**




स्रोत : एनएओएससी, २०१२

नेपालमा विभिन्न जिल्लाहरूबाट वर्षेनी कम्तीमा पनि ५०० जना बालबालिका उपत्यकाका सडकमा आउने गरेको अनुमान छ । विभिन्न संघ-संस्थाहरुले सडक बालबालिकाको सामाजिकीकरण र पुनःस्थापनका लागि विभिन्न गतिविधिहरु सञ्चालन गरिरहेका छन् । बालबालिका सडकमा नआउन् भन्नका निम्ति सडक बालबालिकाका आश्रित हुने शहर बजार अर्थात् गन्तव्यस्थलमा मात्रै काम गरेर पुग्दैन, उनीहरुको स्रोत अर्थात उत्पत्ति स्थलमा पनि बालसंरक्षणका काम हुनुपर्छ । यसका लागि स्थानीय निकायहरुको भूमिका महत्वपूर्ण हुन्छ ।

सडकमा आश्रित बालबालिकाको क्षेत्रमा कार्यरत संस्थाहरूको साझा सञ्जाल नाओस्क (NAOSC) को सन् २०१२ को विवरणअनुसार २९५८ बालबालिका सडकमा आश्रित देखिन्छ जसमध्ये ९२.६३ प्रतिशत बालक र ७.३७ प्रतिशत बालिका रहेको पाइन्छ । सडक बालकभन्दा बालिकाको प्रतिशत वा संख्या कम रहेको छ ।

## ३.१५ परिवारविहीन बालबालिका

घरपरिवारमा बस्न पाउनु र बुवाआमाको माया तथा स्याहार पाउनु बालबालिकाको आधारभूत अधिकार हो । बालबालिकाको संरक्षण गर्ने पहिलो दायित्व पनि परिवारकै हो । तर नेपालमा विविध कारणले परिवारबिहीन हुन पुगेका तथा परित्यक्त भएका बालबालिकाको संरक्षणका लागि अझै पनि व्यवस्थित र प्रभावकारी संरक्षण प्रणाली स्थापना हुन सकिराखेको छैन । यद्यपि बालबालिकासम्बन्धी ऐन, २०४८ लगायतमा यसबारे केही उल्लेख भएको पाइन्छ ।

**तालिका नं. ३.२४: बाबु–आमा दुवै नभएका (वा परिवारविहीन) बालबालिकाको विवरण**

| परिवारविहीन बालबालिकाको जनसङ्ख्या | | | | | प्रतिशत |
|---|---|---|---|---|---|
| | बालिका | बालक | लिङ्ग नखुलेको | जम्मा | |
| परिवारिक संरक्षणविहीन बालबालिकाको कूल सङ्ख्या | २९५७ | ३४९५ | १६७३ | ८१२५ | २०.३० |
| परिवारमा वयस्क व्यक्ति नभइ बालबालिका मात्र भएको अवस्थामा रहेका बालबालिका | ८३९७ | ११९७२ | १८० | २०५४९ | ५१.५० |
| आफन्तको संरक्षणमा रहेका बालबालिका | ९२६ | १०८६ | ३०० | २३१२ | ५.८० |
| संस्थागत संरक्षणमा रहेका बालबालिका | ३९८९ | ४३५४ | ० | ८३४३ | २१.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| सडक बालबालिका | ८४ | २१९ | २१० | ५१३ | १.३० |
| अभिभावकद्वारा अलपत्र पारी छौडिएका बालबालिका | २६ | २० | ० | ४६ | ०.१० |
| **जम्मा** | **१६३७९** | **२११४६** | **२३६३** | **३९८८८** | **१००** |
| **प्रतिशत** | **४१.०६** | **५३.०१** | **५.९३** | **१००** | |

*स्रोत : ७५ जिल्ला बालकल्याण समितिबाट प्राप्त विवरण, २०७०*

७५ जिल्लाबाट प्राप्त जिल्लागत तथ्याङ्कका आधारमा जम्मा ३९,८८८  बालबालिका परिवारविहीन बालबालिकाका रुपमा रहेको पाइएको छ । जसमध्ये  ८,१२५ जना पारिवारिक संरक्षणविहीन, २०,५४९ जना परिवारमा वयस्क नभई बालबालिका मात्र भएका र २,३१२ जना आफन्तको संरक्षणमा रहेको देखिएको छ ।

## ३.१६ बालबालिकाको उद्धार तथा पुनःस्थापना

बालबालिका विभिन्न परिस्थितिको कारण  जोखिममा परेका हुन्छन् । यस वर्ष उल्लेखनीय रुपमा बालबालिकाको उद्धार तथा पुनःस्थापना कार्य भएको छ । यस कार्यमा जिल्लामा जिल्ला बालकल्याण समितिले विशेष पहल लिएको देखिन्छ । ७५ जिल्ला बालकल्याण समितिबाट प्राप्त बालअधिकार अनुगमन सूचकाङ फारामबाट प्राप्त जानकारीअनुसार अलपत्र वा वेवारिस अवस्थाका ६३८, श्रमिक बालबालिका २०८, हिंसा तथा यातनाबाट पीडित बालबालिका १९७, आवासीय संस्थाबाट विस्तापित १०७ तथा अन्य समस्यामा परेका १८८ गरि जम्मा १,३३८ जना बालबालिकको उद्धार गरी पुनःस्थापना भएको देखिन्छ ।

**तालिका नं.३.२५ः बालबालिकाको उद्धार तथा पुनःस्थापनाको विवरण**

| क्र.सं. | घटना/परिस्थिति | बालिका | बालक | लिङ्ग नखुलेको | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | हिंसा/यातना | १५० | ४७ | ० | १९७ | १४.७२ |
| २ | अलपत्र वा बेवारिसे | २४४ | ३६८ | २६ | ६३८ | ४७.६८ |
| ३ | श्रमिक | ४२ | १६६ | ० | २०८ | १५.५५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | आवासीय संस्थाबाट | २२ | ८५ | ० | १०७ | ८ |
| ५ | अन्य | ७७ | १११ | ० | १८८ | १४.०५ |
| **कुल जम्मा** | | **५३५** | **७७७** | २६ | **१३३८** | **१००** |
| **प्रतिशत** | | **३९.९८** | **५८.०७** | **१.९५** | **१००** | |

*स्रोत : ७५ जिल्ला बालकल्याण समितिबाट प्राप्त विवरण, २०७०*

### ३.१६.१ आपत्कालीन मानवीय राहत कोष र यसको परिचालन

आपत्मा परेका बालबालिकालाई तत्काल संरक्षण र सहयोग गर्न आपत्कालीन बालउद्धार कोष खडा गरी सहयोग परिचालन गरिएको छ । उक्त कोष परिचालन गर्न प्रत्येक जिल्लाले निर्देशिका पनि बनाएको छ । कोषबाट १६७२ जना बालबालिकालाई आपत्कालीन राहत उपलब्ध गराइएको छ । यस्तो कोष स्थापना हुनुले तत्काल सहयोग गर्नुपर्ने आपत्मा परेका बालबालिकालाई ठूलो सहयोग पुगेको देखिएको छ र जिल्लामा बाल संरक्षणबारे जनचेतनामा पनि अभिवृद्धि भएको छ ।

**तालिका नं. ३.२६: जिल्लामा स्थापना गरिएका आपत्कालीन राहतकोषबाट लाभान्वित बालबालिकाको सङ्ख्यात्मक विवरण**

| लिङ्ग | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| बालिका | ६९० | ४१.२७ |
| बालक | ७१४ | ४२.७० |
| लिङ्ग नखुलेको | २६८ | १६.०३ |
| **जम्मा** | १६७२ | १०० |

*स्रोत : ७५ जिल्ला बालकल्याण समितिबाट प्राप्त विवरण, २०७०*

## ३.१७ बालसंरक्षणका लागि केही संरचना तथा कार्यक्रम

### ३.१७.१ बालगृह

विभिन्न कारणले परिवारविहीन बालबालिकाको पुनःस्थापनाका लागि बालगृह अन्तिम बिकल्पको रुपमा रहेको कुरालाई आत्मसाथ गर्दै यससम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरु पनि निर्माण भैसकेका छन् । नेपालमा बालगृहमार्फत धेरै बालबालिकालले संरक्षण प्राप्त गरिरहेका छन् तर ती सबै बालगृहहरु वास्तविक रुपमा संरक्षणको आवश्यकता परेका वा बाबुआमाविहीन बालबालिका नै हुन् कि होइनन् तथा उनीहरुको अन्य बिकल्प छ कि छैन भन्ने बारेमा धेरै चर्चाहरु चलिरहेका छन् । यसको लागि उपत्यका लगायतका विभिन्न जिल्लाहरुमा पनि बालगृह सर्भेका कामहरु पनि भैरहेका छन् । बालगृहहरु सबैको सञ्चालन उचित ढङ्गले नभएका धेरै घटनाहरु प्रकाशमा आएका छन् । तसर्थ हालै नेपाल सरकारले “आवासीय बालगृहहरुको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड(२०६९” जारी गरी लागु गरेको छ । नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०६९।१।४ मा स्वीकृत यस मापदण्डमा बालबालिकाको भर्ना प्रक्रिया, बालगृहको आवासीय सुविधा, पूर्वाधार र परिवेश, संरक्षित बालबालिकाका आधारभूत अधिकारको प्रत्याभूति, बालबालिकाको अधिकारको रक्षा एवं बालसंरक्षण सम्बन्धी व्यवस्था, बालगृह सञ्चालनको न्यूनतम शर्त, बालगृहको व्यवस्थापन, स्रोत तथा मानव संसाधन, बालबालिकाको बिदाई, पुनर्एकीकरण वा पुनर्मिलन योजना तथा बालगृह अनुगमन संयन्त्र, कार्यविधि र प्रक्रियाहरु लगायतका बारेमा विस्तृत् व्यवस्था गरिएको छ साथै सो मापदण्डमा उल्लेखित कुराहरु सबै बालगृहहरुलाई पालना गराउन रै नियमन गर्नका लागि केन्द्रीय बालकल्याण समिति र जिल्ला बालकल्याण समितिले बालगृहहरुको अनुगमन, आवश्यक तालिम एवम् अभिमुखीकरणजस्ता कार्यक्रहरुमार्फत् प्रयत्न भईरहेको छ । यसको साथै नयाँ मापण्डमा अनुगमन प्रक्रियालाई व्यवस्थित एवं थप प्रभावकारी बनाउन केन्द्रीय तहमा केन्द्रीय बालकल्याण समितिका कार्यकारी निर्देशकको संयोजकत्वमा तथा जिल्ला तहमा जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा बालअधिकार अधिकृत सदस्य-सचिव रहेको बालगृह अनुगमन समितिको व्यवस्था गरी बालगृहको अनुगमन हुँदै आएको छ ।

४६ जिल्लाबाट केन्द्रीय बालकल्याण समितिलाई प्राप्त तथ्याङ्कअनुसार सबै प्रकारका गरी जम्मा ७९७ वटा बालगृहहरु सञ्चालनमा रहेको देखिन्छ । यी बालगृहहरुमा संरक्षित जम्मा १५,२१५ बालबालिकामध्ये ४७.२१ प्रतिशत बालिका र ५२.७९ प्रतिशत बालक रहेको पाईन्छ ।

**तालिका नं. ३.२७: नेपालमा रहेका बालगृहहरुको विवरण :**

| क्र.सं. | जिल्ला | बालगृहको संख्या | बालिका | बालक | जम्मा |
|---|---|---|---|---|---|
| १ | काठमाडौं | ४२२ | ★२१९८ | २६१५ | ★४८१३ |
| २ | ललितपुर | १२७ | १५४३ | १६३५ | ३१७८ |
| ३ | भक्तपुर | २१ | २९५ | ३७५ | ६७० |
| ४ | लमजुङ | १ | १२ | ९ | २१ |
| ५ | रुपन्देही | ९ | १४१ | १९३ | ३३४ |
| ६ | जुम्ला | १ | १३ | ११ | २४ |
| ७ | कास्की | ५८ | ७९१ | ६२५ | १४१६ |
| ८ | सुनसरी | ५ | १०३ | १३० | २३३ |
| ९ | उदयपुर | १ | ५ | ८ | १३ |
| १० | पर्सा | ३ | ० | १९९ | १९९ |
| ११ | कन्चनपुर | २ | ३ | ९५ | ९८ |
| १२ | म्याग्दी | १ | ४ | ४ | ८ |
| १३ | दाङ | ३ | २५५ | २०४ | ४५९ |
| १४ | रौतहट | १ | ५ | १७ | २२ |
| १५ | मोरङ | ४ | ४८ | ७८ | १२६ |
| १६ | कैलाली | ८ | ५७ | ७२ | १२९ |
| १७ | नवलपरासी | ६ | १०९ | १२३ | २३२ |
| १८ | बारा | २ | ९ | २६ | ३५ |
| १९ | सुर्खेत | ५ | १२२ | ११७ | २३९ |
| २० | तनहुँ | २ | १० | ११ | २१ |
| २१ | इलामा | १ | ३ | ४ | ७ |
| २२ | दोलखा | २ | ४२ | ४५ | ८७ |
| २३ | सिन्धुपाल्चोक | ५ | ३४ | ४७ | ८१ |
| २४ | अछाम | १ | ८ | १० | १८ |
| २५ | काभ्रे | ९ | १९९ | १३९ | ३३८ |
| २६ | चितवन | २९ | ५४३ | ४५३ | ९९६ |

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | बाँके | १० | १६४ | १९७ | ३६१ |
| २८ | सप्तरी | १ | ० | २१ | २१ |
| २९ | धनकुटा | २ | ७ | ४ | ११ |
| ३० | मकवानपुर | ८ | ७७ | १११ | १८८ |
| ३१ | कपिलबस्तु | १ | ० | २२ | २२ |
| ३२ | हुम्ला | ४ | ६८ | २२ | ९० |
| ३३ | सिन्धुली | ४ | ४१ | ४१ | ८२ |
| ३४ | झापा | ६ | २३ | ३६ | ५९ |
| ३५ | संखुवासभा | १ | २३ | १९ | ४२ |
| ३६ | सिराह | १ | १४ | ५ | १९ |
| ३७ | धनुषा | १ | ५ | १ | ६ |
| ३८ | महोत्तरी | १ | १२ | १८ | ३० |
| ३९ | सर्लाही | ६ | ५८ | ६३ | १२१ |
| ४० | नुवाकोट | ३ | २९ | ५४ | ८३ |
| ४१ | धादिङ | ५ | ४७ | ६२ | १०९ |
| ४२ | पाल्पा | २ | १० | १२ | २२ |
| ४३ | मुस्ताङ | १ | ७ | ७ | १४ |
| ४४ | रुकुम | १ | ८ | ९ | १७ |
| ४५ | बर्दिया | २ | ३३ | ८१ | ११४ |
| ४६ | दैलेख | १ | ४ | ३ | ७ |
| **जम्मा** | | **७९७** | **७१८२** | **८०३३** | **१५२१५** |
| **प्रतिशत** | | | **४७.२१** | **५२.७९** | **१००** |

*स्रोत : केन्द्रीय बालकल्याण समिति, २०७०*

★ *जिल्ला बालकल्याण समिति, काठमाडौंद्धारा हालै गरिएको बाल गृह सर्वेक्षण बमोजिम १८१ वटा बालगृहमा २१९८ जना बालिकाहरु र २६१५ जना बालकहरु गरी जम्मा ४८१३ जना बालबालिकाहरु बालगृहमा आश्रित रहेका देखिएको छ । सो सर्वेक्षण अझै जारी रहेको छ ।*

### ३.१७.२ बालसंरक्षण तथा संबर्द्धन कार्यक्रम

बालबालिकाको जीवन रक्षा, संरक्षण, सहभागिता र विकास सम्बन्धी विभिन्न कार्यक्रम सरकारी र गैरसरकारी विकासका साझेदार संस्थाहरुसँगको सहकार्यमा सञ्चालन गर्न बाञ्छनीय

भएकोले त्यस्ता कार्यक्रमलाई निर्देशित र नियमन गर्न नेपाल सरकार, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयले देहायको "बाल अधिकार संरक्षण तथा संबर्द्धन कार्यक्रम (कार्यान्वयन) निर्देशिका, २०६५" जारी गरी लागू गरेकोछ ।

सोही जारी निर्देशिकाअनुसार पचहत्तरै जिल्लामा बालअधिकार संरक्षणार्थ विभिन्न संरचनाहरु गठन भई कार्यक्रमहरु लागू भएको देखिन्छ । जसमा १४८१ वटा गाउँ विकास समितिहरुमा १४८१ वटा गाउँ बालसंरक्षण तथा संबर्द्धन उपसमितिहरु गठन भएको देखिन्छ भने २३ नगरपालिकाहरुमा २३ वटा नगर बालसंरक्षण तथा संबर्द्धन उपसमिति गठन भएको देखिन्छ यी नगरपालिकाका ४१ वटा वडाहरुमा वडा स्तरीय वडा बालसंरक्षण तथा संबर्द्धन उपसमिति गठन भएको देखिन्छ ।

**तालिका नं. ३.२८: बालसंरक्षण तथा सम्वर्द्धन समितिको विवरण**

| क्र.सं. | जिल्ला | जिल्ला बा.सं.स. | गाउँ बा.सं.स. | नगर बा.सं.स. | वडा बा.सं.स. |
|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ | १ | २७ | ० | ० |
| २ | पाँचथर | १ | १२ | ० | ० |
| ३ | इलाम | १ | १९ | ० | ० |
| ४ | झापा | १ | १३ | ३ | ० |
| ५ | संखुवासभा | १ | ५ | १ | ण |
| ६ | धनकुटा | १ | २२ | ० | ० |
| ७ | तेह्रथम | १ | २२ | ० | ० |
| ८ | मोरङ | १ | ३७ | १ | ० |
| ९ | सुनसरी | १ | ३० | ३ | ० |
| १० | भोजपुर | १ | १४ | ० | ० |
| ११ | सोलुखुम्बु | १ | १ | ० | ० |
| १२ | ओखलढुङ्गा | १ | २ | ० | ० |
| १३ | खोटाङ | १ | ३ | ० | ० |
| १४ | उदयपुर | १ | ३० | ० | ० |
| १५ | सिराह | १ | ३८ | १ | ० |
| १६ | सप्तरी | १ | १९ | ० | ० |
| १७ | रामेछाप | १ | ५ | ० | ० |
| १८ | सिन्धुली | १ | १ | ० | ० |
| १९ | धनुषा | १ | १ | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | महोत्तरी | १ | २६ | ० | ० |
| २१ | सर्लाही | १ | २० | ० | ० |
| २२ | दोलखा | १ | ३५ | १ | ० |
| २३ | चितवन | २ | २२ | २ | ० |
| २४ | बारा | १ | ८ | ० | ० |
| २५ | पर्सा | १ | ५ | १ | ० |
| २६ | रौतहट | १ | २२ | ० | ० |
| २७ | मकवानपुर | १ | ३५ | ० | ० |
| २८ | काठमाडौ | १ | १८ | १ | २३ |
| २९ | ललितपुर | १ | ५ | १ | ० |
| ३० | भक्तपुर | १ | १६ | १ | ० |
| ३१ | सिन्धुपाल्चोक | १ | ५५ | ० | ० |
| ३२ | नुवाकोट | १ | १ | ० | ० |
| ३३ | धादिङ | १ | ४७ | ० | ० |
| ३४ | काभ्रे | १ | ३० | ० | ० |
| ३५ | रसुवा | १ | ३ | ० | ० |
| ३६ | अर्घाखाँची | १ | २० | ० | ० |
| ३७ | कपिलवस्तु | १ | ४३ | १ | ० |
| ३८ | रुपन्देही | १ | ३ | ० | ० |
| ३९ | नवलपरासी | १ | ५५ | ० | ० |
| ४० | पाल्पा | १ | ६५ | ० | ० |
| ४१ | गुल्मी | १ | ५ | ० | ० |
| ४२ | कास्की | १ | २ | २ | १८ |
| ४३ | गोरखा | १ | ० | ० | ० |
| ४४ | लमजुङ | १ | २८ | ० | ० |
| ४५ | मनाङ | १ | १ | ० | ० |
| ४६ | स्याङ्जा | १ | ४३ | २ | ० |
| ४७ | तनहुँ | १ | ३४ | १ | ० |
| ४८ | मुस्ताङ | १ | १ | ० | ० |
| ४९ | म्याग्दी | १ | ५ | ० | ० |
| ५० | बागलुङ | १ | ३८ | ० | ० |
| ५१ | पर्वत | १ | ३४ | ० | ० |
| ५२ | दाङ | १ | ३१ | १ | ० |
| ५३ | रोल्पा | १ | ३२ | ० | ० |
| ५४ | प्यूठान | १ | ३० | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५५ | रुकुम | १ | २३ | ० | ० |
| ५६ | सल्यान | १ | ३८ | ० | ० |
| ५७ | सुर्खेत | १ | २७ | ० | ० |
| ५८ | बर्दिया | १ | ३१ | ० | ० |
| ५९ | जाजरकोट | १ | ४ | ० | ० |
| ६० | बाँके | १ | ३७ | ० | ० |
| ६१ | दैलेख | १ | ५ | ० | ० |
| ६२ | हुम्ला | १ | ९ | ० | ० |
| ६३ | कालीकोट | १ | ३० | ० | ० |
| ६४ | मुगु | १ | २४ | ० | ० |
| ६५ | डोल्पा | १ | ६ | ० | ० |
| ६६ | जुम्ला | १ | २२ | ० | ० |
| ६७ | कैलाली | १ | ३६ | १ | ० |
| ६८ | बझाङ | १ | १ | ० | ० |
| ६९ | बाजुरा | १ | २२ | ० | ० |
| ७० | डोटी | १ | ५ | ० | ० |
| ७१ | अछाम | १ | ३९ | ० | ० |
| ७२ | दार्चुला | १ | २ | ० | ० |
| ७३ | बैतडी | १ | १ | ० | ० |
| ७४ | डडेल्धुरा | १ | ५ | ० | ० |
| ७५ | कन्चनपुर | १ | ६ | ० | ० |
| | **जम्मा** | ७५ | १४८१ | २३ | ४१ |

*स्रोत : केन्द्रीय बालकल्याण समिति, २०७०*

### ३.१७.३ बालहेल्पलाइन – १०९८ (दश नौ आठ)

बालअधिकार उल्लङ्घनको अवस्थामा छिटो-छरितो र बालमैत्री ढङ्गले बालबालिकाको संरक्षण, उद्धार र आवश्यक आपत्कालीन सहयोग पुऱ्याउने प्रभावकारी संरचना बालहेल्पलाइन हो । बालहेल्पलाइन विश्वका १३४ भन्दा बढी देशहरुमा सञ्चालन भई बालसंरक्षणको प्रणालीको एक महत्वपूर्ण अङ्गका रुपमा स्थापित भएको छ । नेपालमा पहिलो पटक गैरसरकारी क्षेत्रबाट प्रारम्भ भएको बालबालिकाको आपत्कालीन उद्धार सहयोग तथा परामर्शका लागि सन् १९८९ मा स्थापित सिविन हेल्पलाइनको अवधारणालाई बालहेल्पलाइनमा परिणत गरी हाल सन् २००७ बाट राज्यको संरचना भित्र आएको छ । महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयबाट

बाल हेल्पलाइन सञ्चालन कार्यविधि २०६४ जारी भई सरकारद्वारा बालहेल्पलाइनलाई पैसा नलाग्ने फोन नम्बर १०९८ (दश नौ आठ) उपलब्ध गराइएको छ । केन्द्रीय बालकल्याण समितिको संयोजकत्वमा बाल हेल्पलाइन १९०८ को केन्द्रीय निर्देशन समितिको गठन भई सोको सचिवालय केन्द्रीय बालकल्याण समितिमा रहेकोछ । हाल नेपालमा १४ जिल्लामा बाल हेल्पलाइन सञ्चालित छ र सो मार्फत करिब ६० जिल्लाका घटनालाई सम्बोधन गरिएको पाइएको छ । पैसा नलाग्ने फोन नम्बर १०९८ (बालबालिका समेतका लागि सम्झन सजिलो होस् भन्नका लागि यसको उच्चारण "दश नौ आठ" भनी गरिन्छ) दक्षिण एसियाका देशहरुको बाल हेल्पलाइनको साझा नम्बरका रुपमा क्रमशः स्थापित हुँदैछ । बालमैत्री वातावरणमा बालअधिकार उल्लङ्घनका घटनाहरुमा तत्काल सम्बोधन गर्ने एक मात्र प्रभावकारी संरचनाका रुपमा यो हेल्पलाइन रहेको छ ।

बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ मा बाल हेल्पलाइनका बारेमा स्पष्ट रुपमा "संरक्षण तथा सुरक्षाको आवश्यकता परेका बालबालिकाका लागि तत्काल सहायता उपलब्ध गराउनको लागि हेल्पलाइन/हटलाइनजस्ता सेवाको प्रवर्द्धन गरिनेछ भनी उल्लेख गरिएको छ । निःशुल्क बाल हेल्पलाइन फोन नं. १०९८ लाई सबै जिल्लामा विस्तार गर्नुका साथै यसलाई सार्क क्षेत्रका राष्ट्रहरुका साँझा निःशुल्क बाल-हेल्पलाइनमा परिणत गर्नेसमेत प्रयास गरिनेछ ।" भन्ने उल्लेख भएकोछ ।

सम्बन्धित सरकारी निकायहरू र बालबालिकाको निम्ति क्रियाशील गैससको संयुक्त प्रयास तथा समन्वयमा सिविन नेपालले देशका पाँच स्थानहरूमा हेल्पलाइन सेवा सञ्चालन गरिरहेको छ भने अन्य संस्थाहरूले ८ स्थानमा सञ्चालन गरिरहेका छन् । सिविन नेपालद्वारा काठमाडौंमा सञ्चालित बालहेल्पलाइनमा यसै वर्षदेखि नेपाल दूरसञ्चारका अतिरिक्त निजी क्षेत्रबाट सञ्चालित एनसेलका फोनबाट पनि निःशुल्क फोन सम्पर्क हुने व्यवस्था भैसकेको छ भने क्रमशः अन्य जिल्लामा पनि विस्तार गरिने योजना रहेकोछ । बालबालिकाविरुद्धका अपराधजन्य घटनाहरूमा बालबालिकको हकहितको संरक्षणको निम्ति सञ्चालित हेल्पलाइनलाई प्रहरी प्रशासन, जिल्ला बालकल्याण समिति, केन्द्रीय बालकल्याण समिति, जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय मानवअधिकार आयोग, कानुनी सहयोग गर्ने सस्थाहरू, बालबालिका तथा मानवअधिकारसँग सम्बन्धित सङ्घ-संस्थाहरू, अस्पताल, सञ्चारमाध्यम, स्थानीय निकाय वा समुदाय, बालबालिकाका समूह तथा व्यक्तिहरूको सहयोग र समन्वय प्राप्त भइरहेको छ । बाल-हेल्पलाइन सेवाले बालबालिकाविरुद्धका अपराध

नियन्त्रण गर्न तथा बालअधिकार हननूबारे राज्यलाई जानकारी दिन सहयोग पुऱ्याइरहेको छ । यसर्थ आगामी दिनहरूमा बालअधिकार प्रवर्द्धन गर्न तथा बालसंरक्षणका लागि यस सेवालाई विकसित गर्दै लैजानुपर्ने देखिन्छ ।

**बाल हेल्पलाइनका सेवाहरूः**

१) निःशुल्क हटलाइन टेलिफोन सेवा

२) प्रत्यक्ष तथा टेलिफोनमार्फत मनोसामाजिक मनोविमर्श सेवा

३) उद्धार सवारी साधन/एम्बुलेन्स सेवा

४) आपत्कालीन उद्धार, राहत तथा संरक्षण

५) प्राथमिक स्वास्थोपचार सेवा

६) अस्पताल उपचार सेवा

७) हराएका बालबालिकाको खोजी कार्य

८) पारिवारिक पुनर्एकीकरण

९) पुनःस्थापना तथा अन्य सेवाका लागि अन्य संस्थाहरूमा स्थानान्तरण

१०) कानुनी सहयोग तथा मध्यस्थता सेवा

केन्द्रीय बालकल्याण समितिकाअनुसार हालसम्म १४ जिल्लामा बाल-हेल्पलाईन सञ्चालन भई सेवा उपलब्ध गराएको देखिन्छ । यस आ.व. मा बाल-हेल्पलाईन सञ्चालन गर्ने जिल्लामध्ये १० जिल्लाबाट प्राप्त विवरणअनुसार जम्मा १५७८ जना बालबालिकाले सेवा प्राप्त गरे जसमध्ये ४३.१० प्रतिशत बालिका, ५३.४२ प्रतिशत बालक र ३.४८ प्रतिशत लिङ्ग नखुलेका बालबालिका देखिन्छन् ।

## तालिका नं. ३.२९: बाल-हेल्पलाइनबाट सेवा प्रदान गरेको विवरण

| क्र.सं | जिल्ला | सञ्चालन गर्ने संस्था | सेवा प्राप्त गर्नेको सङ्ख्या | | | | हेल्पलाइन सञ्चालन मिति |
|---|---|---|---|---|---|---|---|
| | | | बालिका | बालक | नखुलेको | जम्मा | |
| १ | काठमाडौं | सिविन नेपाल | ३२९ | ४४२ | | ७७१ | २०५५ |
| २ | मोरङ | सिविन नेपाल | १२६ | ११४ | | २४० | २०५९ |
| ३ | मकवानपुर | सिविन नेपाल | १३२ | १४० | | २७२ | २०६२ |
| ४ | बाँके | सिविन नेपाल | ३६ | ९० | | १२६ | २०६३ |
| ५ | कास्की | सिविन नेपाल | ५७ | ५७ | | ११४ | २०६४ |
| ६ | बर्दिया | आवाज नेपाल | तथ्याङ्क प्राप्त नभएको | | ७ | ७ | २०६६ |
| ७ | चितवन | दियालो परिवार | तथ्याङ्क प्राप्त नभएको | | | | २०६६ |
| ८ | दाङ | राडार नेपाल | | | | | २०६६ |
| ९ | रुपन्देही | तराई विकास मञ्च | | | | | २०६६ |
| १० | उदयपुर | नेस्पेक | | | | | २०६७ |
| ११ | सुर्खेत | आवाज नेपाल | | | ४५ | ४५ | २०६७ |
| १२ | दैलेख | आवाज नेपाल | | | ३ | ३ | २०६७ |
| १३ | कपिलवस्तु | सहज नेपाल | | | | | २०६७ |
| १४ | लम्जुङ | लक्ष्मीनारायण पुस्तकालय | तथ्याङ्क प्राप्त नभएको | | | | २०६९ |
| | | **जम्मा** | ६८० | ८४३ | ५५ | १५७८ | |
| | | **प्रतिशत** | ४३.१० | ५३.४२ | ३.४८ | १०० | |

*स्रोतः सिविन नेपाल/आवाज नेपाल, २०७०*

## ३.१८ इन्टरनेट अनलाइन र बालबालिका

यस आधुनिक युगमा इन्टरनेट तथा अनलाइन सञ्चार माध्यममा आएको क्रान्तिले बालबालिकादेखि वयस्कसम्म ग्रामीणदेखि शहरी समाजमा समेत यसले व्यापकता पाउँदै गएको छ । व्यापकता संगसँगै यसको दुरुपयोगले बालबालिका दुर्व्यवहारका साथै गलत कार्यमा लाग्ने र अश्लील चित्रको अवलोकन गर्नेजस्ता क्रियाकलापमा संलग्न गराउने वा स्वतः हुने घटनाहरु विगत वर्षहरुमा फाट्ट फुट्ट देखिन थालेका छन् । यी क्रियाकलापहरुले बालबालिकालाई जोखिममा राखी उनीहरुको अधिकार दुरुपयोग हुनमा धेरथोर योगदान गरेको छ । तसर्थ नेपालका सन्र्दभमा यी सञ्चार माध्यमहरुको सदुपयोग गर्नका लागि केही अनुगमन तथा नियन्त्रण गर्ने उपाय अपनाउनु जरुरी देखिन्छ । हालसम्म यस सम्बन्धी तथ्याङ्कको उपलब्ध छैन ।

## ३.१९ स्थानीय स्वायत्त शासन र बालमैत्री अवधारणा

बालअधिकारको प्रभावकारी प्रर्बद्धन गर्न र जोखिममा परेको बालबालिकाको संरक्षण गर्न सरकारले बालमैत्री स्थानीय शासनको अवधारणा अगाडि ल्याई कार्यान्वयनमा रहेको छ । सबै अधिकार सबैले पाउनु पर्छ । बालअधिकारको संरक्षण घरबाटै, समुदायबाटै शुरु हुनु पर्दछ । घर घरसम्म पहुँच पुग्ने राज्यको संयन्त्र भनेको स्थानीय निकाय नै हो । तसर्थ स्थानीय निकायलाई बालमैत्री बनाउने राम्रो अभ्यासको थालनी हुँदै आएको छ ।

### ३.१९.१ बालमैत्री गा.वि.स. ⁄ न.पा.

केन्द्रीय बालकल्याण समितिले सम्बन्धित जिल्ला बालकल्याण समिति तथा जिल्ला, गाउँ, नगर बालसंरक्षण तथा सम्वर्द्धन उपसमिति, स्थानीय निकाय, साझेदार संस्था, निकाय र समुदायहरूसँग सहकार्य गर्दै प्लान नेपालसँगको साझेदारीमा २२ जिल्लाका २१ वटा गा.वि.स. तथा एउटा नगरपालिकालाई विभिन्न चरणमा गरी योजनावद्ध रूपमा तय भएका सूचकहरूका आधारमा बालमैत्री गाउँ विकास समिति तथा नगरपालिका बनाउने अभियान अगाडि बढाएको छ ।

**तालिका नं ३.३०: बालमैत्री कार्यक्रम सञ्चालन गरिएका गा.वि.स.तथा नगरपालिकाहरू**

| क्र.सं. | जिल्ला | गा.वि.स.,न.पा. |
|---|---|---|
| १ | इलाम | गोदक |
| २ | सुनसरी | इनरुवा न.पा. |
| ३ | मोरङ | तेत्तरिया |
| ४ | धनकुटा | घोर्लीखर्क |
| ५ | बारा | महेशपुर |
| ६ | सिन्धुली | हर्साई |
| ७ | पर्सा | पर्सौनी विर्ता |
| ८ | रौतहट | गेडाइगुठी |
| ९ | मकवानपुर | फाखेल |
| १० | चितवन | मङ्गलपुर |
| ११ | रूपन्देही | हाटीफर्साटिका |
| १२ | कास्की | सार्दीखोला |
| १३ | अर्घाखाँची | वाङ्ला |
| १४ | बाँके | परसपुर |
| १५ | हुम्ला | लाली |
| १६ | कञ्चनपुर | दोधारा |
| १७ | बाग्लुङ | तिच्याङ |
| १८ | म्याग्दी | भकिम्ली |
| १९ | पर्वत | चित्रे |
| २० | बर्दिया | धधवार |
| २१ | दाङ | चौदियार |
| २२ | कैलाली | पथरैया |

*स्रोत : केन्द्रीय बालकल्याण समिति, २०७०*

### ३.१९.२ **बालमैत्री स्थानीय शासन**

बालमैत्री स्थानीय शासन बालअधिकार सम्बन्धी समग्र पक्ष (बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्द्धन गरी स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याइएको अवधारणा हो । स्थानीय शासन प्रक्रियामा बालबालिकाको अधिकार सम्बन्धी सवाललाई समावेशी सिद्धान्तको आधारमा मूलप्रवाहीकरण गर्दै बालमैत्री स्थानीय शासनको संस्थागत विकास गर्न गराउनको लागि संघीय मामला तथा स्थानीय विकास मन्त्रालयको नेतृत्वदायी भूमिका हुने गरी बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति, २०६८ तयार गरी कार्यान्वयनमा ल्याइएको छ। विगतदेखि नेपालका केही नगरपालिका र गाँउ विकास समितिहरुले नमुनाको रुपमा बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेका छन् । यस्ता कार्यक्रमहरुबीच एकरुपता ल्याउन, सामञ्जस्य कायम गर्न र क्षेत्र विस्तार गर्न आवश्यक यस रणनीतिको स्वीकृतिपछि थप बल पुगेकोछ ।

यस रणनीतिले “बालबालिका” भन्नाले १८ वर्ष उमेर ननाघेका बालबालिकालाई मानेकोछ। “बालमैत्री शासन” भन्नाले विनाभेदभाव (गैरविभेदीकरण), बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गीण विकास र सहभागिताको सिद्धान्तमा आधारित भै बालअधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न राज्यको तर्फबाट गरिने समष्टिगत पद्धति र परिपाटीलाई इङ्गित गरेकोछ। यसैगरी “बालमैत्री स्थानीय शासन” भन्नाले बाल बचाउ, बाल संरक्षण, बाल विकास र सार्थक बाल सहभागिताजस्ता बालअधिकारका सवाललाई स्थानीयस्तरको नीति, योजना, संरचना, प्रणाली र कार्य प्रक्रियामा केन्द्रीय जिम्मेवारीलाई स्थानीयस्तरमा संस्थागत गर्ने शासकीय पद्धतिलाई सम्झनु पर्ने भनी व्याख्या गरिएकोछ। “बालमैत्री गाउँ विकास समिति/नगरपालिका/जिल्ला” भन्नाले बाल सहभागितालाई सुनिश्चित गर्दै बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ तथा बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ मा आधारित भै स्थानीय निकाय आफैले आवधिक र वार्षिक योजना तथा बजेट तर्जुमा गरी निर्धारण गरेका न्यूनतम सूचकहरु सुनिश्चित गरी सम्बन्धित परिषद्बाट बालमैत्री स्थानीय निकाय भनी घोषणा गरिएको गा.वि.स./न.पा./जिल्लालाई मानिने कुरा उल्लेख गरिएकोछ।

### बालमैत्री स्थानीय शासन कार्यान्वयन गरिएका स्थानीय निकाय

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट प्राप्त विवरणअनुसार हालसम्म ४२ जिल्लाका २२ नगरपालिका र ३०२ गाँउ विकास समितिले बालमैत्री स्थानीय शासन कार्यान्वयनमा ल्याइएको देखिन्छ। त्यसैगरी सन् २०१३ सम्ममा ६३ जिल्ला, ३३ नगरपालिका र ५०० गाँउ विकास समितिले बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने लक्ष्य लिएको पाइन्छ।

**तालिका नं. ३.३१: बालमैत्री स्थानीय शासन कार्यान्वयन गरिएका स्थानीय निकायहरु**

| बालमैत्री स्थानीय शासन लागू भएका | | | सन् २०१३ को लक्ष्य | | |
|---|---|---|---|---|---|
| जिल्ला | नगरपालिका | गा.वि.स. | जिल्ला | नगरपालिका | गा.वि.स. |
| ४२ | २२ | ३०२ | ६३ | ३३ | ५०० |

*स्रोत : संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, २०७०*

♦

परिच्छेद

8

# बालविकास

बालबालिकाको समग्र विकास शिक्षाको उज्यालो घामको पहुँचमा नपुर्‍याई सम्भव छैन । नेपाली सन्दर्भमा बालबालिकाले दुई प्रकारबाट ज्ञान हासिल गर्दछन् । पहिलो पढेर र दोश्रो परेर । पहिलो सन्दर्भमा बालबालिकालाई विद्यालयको पढाईमा आकर्षित बनाई गुणस्तरीय शिक्षाको सुदृढीकरण गर्नु हो भने दोश्रो बालबालिकाको विकासको क्रममा स्वतःस्र्फुत जीवनपयोगी ज्ञान हासिल गर्दै जाने अवसर प्रदान गर्नु हो । बालबचावट, बालसंरक्षण र बालसहभागिताको सही प्रवर्धन गर्नका लागि पनि शिक्षाको महत्वपूर्ण भूमिका रहन्छ । तसर्थ शिक्षा नै विकासको पहिलो आधार हो भन्ने उक्तिलाई नेपालमा मनन गरिएको छ र बालबालिकाकालागि शिक्षाको पहुँच बढाउने सवालमा धेरै अगाडि बढी सकेको अवस्था छ ।

बालअधिकार सम्बन्धी महासन्धिको धारा २८ र २९ ले बालबालिकालाई कम्तिमा आधारभूत तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य हुनुपर्ने प्रावधानहरु राखी राज्यलाई उत्तरदायी बनाउन जमर्को गरेको छ। नेपालमा 'सबैका लागि शिक्षा' को विश्व अभियानलाई अंगाल्ने परिप्रेक्ष्यमा विद्यालय सुधार कार्यक्रमको कार्यान्वयन गरी आधारभूत शिक्षाको हकमा निम्न माध्यमिक तहलाई निर्धारण गरिएको छ। हालका वर्षहरुमा बालबालिकाको शिक्षामा पहुँचमा वृद्धि भएको छ भने गुणस्तर सुधारका लागि अझै निकै कार्यहरु गर्नुपर्ने आवश्यकता देखिएको छ ।

## ४.१ शिक्षा

**केही शैक्षिक तथ्याङ्कहरू**

- नेपालमा ३४,१७४ वटा प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालित छन् । जसमध्ये २ ९,२७३ सामुदायिक र ४,९०१ संस्थागत रहेका छन् । गतवर्ष प्रारम्भिक बालविकास केन्द्रहरूको सङ्ख्या ३३,४०४ थियो ।
- प्रारम्भिक बालविकास केन्द्रको कुल भर्नादर गत वर्षभन्दा झण्डै एक प्रतिशतले वृद्धि भई यस वर्ष ७३.७ प्रतिशत रहेको देखिन्छ । जसमध्ये बालिकाको कुल भर्नादर ७३.१ र बालकको कुल भर्नादर ७४.३ पुगेको छ ।
- यो वर्ष कक्षा १ मा प्रारम्भिक बालविकास केन्द्रको अनुभव भएका बालबालिका आउने दर गत वर्षभन्दा एक प्रतिशतले वृद्धि भई ५५.६ प्रतिशत पुगेको छ, जसमा बालिकाको प्रतिशत ५५.९ र बालकको ५५.२ रहेको छ ।
- यस वर्ष देशमा कुल ३४,७८२ विद्यालय छन् जसमध्ये ८१८ धार्मिक विद्यालय (मदरसा, गुम्बाविहार र गुरुकुल आश्रम) छन् । आधारभूत तह सञ्चालन हुने विद्यालयको सङ्ख्या ३४,४८४ र माध्यमिक तह सञ्चालन हुने विद्यालयको सङ्ख्या ८,७११ रहेको छ । गत वर्ष कुल ३४,३६१ विद्यालय थिए ।
- यस वर्ष प्राथमिक (कक्षा १-५) तहमा ४५,७६,६९३, निम्न माध्यमिक (कक्षा ६-८) तहमा १८,२३,१९२, तथा आधारभूत (कक्षा १-८) तहमा ६३,९९,८८५ बालबालिका अध्ययनरत छन् । यो सङ्ख्या गत वर्षको तुलनामा प्राथमिक तहमा ४.५ प्रतिशतले घटेको छ भने निम्न माध्यमिक तहमा ०.६ प्रतिशतले बढेको छ । माध्यमिक तह (कक्षा ९-१०) मा ८,७८,०४७ र उच्च माध्यमिक (कक्षा ११-१२) मा ३,८७,५१६ विद्यार्थी रहेका छन् ।
- आधारभूत तहमा गत वर्षभन्दा थोरै घटी कुल विद्यार्थीमध्ये १८.७ प्रतिशत दलित समुदायका र ३६.७ प्रतिशत जनजाति समुदायका छन् ।
- कुल विद्यार्थीमध्ये प्राथमिक तहमा ४७,३६७ जना (कुल भर्नाको १.०३ प्रतिशत), निम्नमाध्यमिक तहमा १४,७९३ (०.८१ प्रतिशत ) र आधारभूत तहमा ६२,१६० (०.९७ प्रतिशत) विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिका अध्ययन गर्दछन् ।

- यस वर्ष खुद भर्नादर वृद्धि भई प्राथमिक तहमा ९५.३ प्रतिशत (गत वर्ष ९५.१), निम्नमाध्यमिक तहमा ७२.२ प्रतिशत (गत वर्ष ७०.०), तथा आधारभूत तहमा ८७.५ प्रतिशत (गत वर्ष ८६.६), माध्यमिक तहमा ५४.३ (गत वर्ष ५२.१), उच्च माध्यमिक तह १०.४ प्रतिशत (गत वर्ष ९.४) पुगेको छ।
- विद्यालय छाड्ने दर प्राथमिक तहमा गत वर्षको ५.४ प्रतिशतबाट केही घटेर ५.२ प्रतिशत रहेकोछ भने निम्नमाध्यमिक तहमा ६.५ बाट केही घटेर ६.१ प्रतिशत रहेकोछ।
- कुल टिकाउ दर कक्षा ५ को ८४.१ तथा कक्षा ८ को ६९.४ प्रतिशत रहेकोछ।
- सामुदायिक विद्यालयमा पूर्ण तालिम प्राप्त शिक्षकहरु प्राथमिक तहमा ९४.५ प्रतिशत, निम्नमाध्यामिक तहमा ८२.१ र माध्यामिक तहमा ९१.५ प्रतिशत छन्।
- शैक्षिक सत्र २०१२-१३ शुरु भएको दोस्रो हप्तासम्ममा सबै पाठ्यपुस्तक पाउने प्राथमिक तहमा ७२.१ प्रतिशत (गत वर्ष ६९.४), निम्नमाध्यामिक तहमा ७३.० (गत वर्ष ६८.५) र माध्यामिक तहमा ७४.२ (गत वर्ष ५९.९) प्रतिशत छन्।

*स्रोतः फल्यास १ रिर्पोट, शिक्षा विभाग, २०१२/२०१३*

**तालिका नं. ४.१: कक्षा १ भर्नामा प्रारम्भिक बालविकास केन्द्र अनुभव दर**

| क्षेत्र | कक्षा १ भर्नामा प्रारम्भिक बालविकासको अनुभव दर (प्रतिशतमा) | | |
|---|---|---|---|
| | बालिका | बालक | जम्मा |
| हिमाल | ५१.६ | ५२.३ | ५२.० |
| पहाड | ५२.२ | ५१.२ | ५१.७ |
| काठमाडौं उपत्यका | ६४.७ | ६३.५ | ६४.१ |
| तराई | ५८.५ | ५७.७ | ५८.१ |
| **जम्मा** | **५५.९** | **५५.२** | **५५.६** |


*स्रोतः फल्यास १ रिर्पोट, शिक्षा विभाग, २०१२/२०१३*

### तालिका नं. ४.२ शैक्षिक तहका आधारमा विद्यालय संख्या (धार्मिक विद्यालय बाहेक)

| शैक्षिक तह | सामुदायिक विद्यालय (संख्या तथा प्रतिशत) | संस्थागत विद्यालय (संख्या तथा प्रतिशत) | जम्मा |
|---|---|---|---|
| | संख्या | संख्या | |
| प्राथमिक (१-५) | २८३०० | ५१९२ | ३३४९२ |
| निम्न माध्यमिक (६-८) | १०८०९ | ३५९७ | १४४०६ |
| आधारभूत (१-८) | २८४५३ | ५२१३ | ३३६६६ |
| माध्यमिक (९-१०) | ५७९० | २६११ | ८४०१ |
| उच्च माध्यमिक (११-१२) | २६४३ | ९५३ | ३५९६ |
| माध्यमिक (९-१२) | ५७९० | २९०६ | ८६९६ |

*स्रोतः फल्यास १ रिर्पोट, शिक्षा विभाग, २०१२/२०१३*

### चित्र नं. ४.१: विद्यार्थी खुद भर्ना दर र विद्यालय तह




*स्रोतः फल्यास १ रिर्पोट, शिक्षा विभाग, २०१२/२०१३*

## तालिका नं. ४.३: धार्मिक विद्यालयहरुको संख्या तथा तह

| धार्मिक विद्यालयहरु | विद्यालय संख्या तथा तह | | | |
|---|---|---|---|---|
| | प्राथमिक | निम्न माध्यमिक | आधारभूत | माध्यमिक |
| मदरसा | ६८९ | २१ | ६८९ | ६ |
| गुम्बा/बिहार | ७४ | ५ | ७४ | ० |
| आश्रम/गुरुकुल | ५५ | १५ | ५५ | ९ |
| **जम्मा** | **८०६** | **४१** | **८१८** | **८१८** |

*स्रोतः फल्यास १ रिपोर्ट, शिक्षा विभाग, २०१२/२०१३*

## तालिका नं. ४.४: शैक्षिक तहका आधारमा विद्यार्थी संख्या

| शैक्षिक तह/विद्यार्थी संख्या | बालिका | बालक | जम्मा | बालिका भर्ना प्रतिशत | अपाङ्गता भएका बालबालिका भर्ना प्रतिशत | दलित बालबालिका भर्ना प्रतिशत | जनजाति बालबालिका भर्ना प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| प्राथमिक (१-५) | २३०९९७० | २२६६७२३ | ४५७६६९३ | ५०.५ | १.०३ | २०.३ | ३५.४ |
| निम्न माध्यमिक (६-८) | ९२७७०५ | ८९५४८७ | १८२३१९२ | ५०.९ | ०.८१ | १४.६ | ३९.८ |
| आधारभूत (१-८) | ३२३७६७५ | ३१६२२१० | ६३९९८८५ | ५०.६ | ०.९७ | १८.७ | ३६.७ |
| माध्यमिक (९-१०) | ४३७००७ | ४४१०४० | ८७८०४७ | ४९.८ | ०.६५ | १०.६ | ३८.८ |
| उच्च माध्यमिक (११-१२) | १९५५६५ | १९१९५१ | ३८७५१६ | ५०.५ | ०.६४ | ७.६ | ३५.४ |
| माध्यमिक (९-१२) | ६३२५७२ | ६३२९९१ | १२६५५६३ | ५०.० | ०.६४ | ९.७ | ३७.८ |

*स्रोतः फल्यास १ रिपोर्ट, शिक्षा विभाग, २०१२/२०१३*

## तालिका नं. ४.५: विद्यार्थी भर्ना विवरण (सामुदायिक तथा संस्थागत विद्यालय)

| विद्यालयको प्रकार | सबै सामुदायिक | | | संस्थागत | | |
|---|---|---|---|---|---|---|
| | बालिका | बालक | जम्मा | बालिका | बालक | जम्मा |
| प्राथमिक (१-५) | २००८९५८ | १८७६४९१ | ३८८५४४९ | ३०१०१२ | ३९०२३२ | ६९१२४४ |
| निम्न माध्यमिक (६-८) | ८०३५६२ | ७३३६०५ | १५३७१६७ | १२४१४३ | १६१८८२ | २८६०२५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| आधारभूत (१-८) | २८१२५२० | २८१००९६ | ५४२२६१० | ४२५१५५ | ५५२११४ | ९७७२६९ |
| माध्यमिक (९-१०) | ३६८४४७ | ३५३६९८ | ७२२१४५ | ६८५६० | ८७३४२ | १५५९०२ |
| उच्च माध्यमिक (११-१२) | १५९०९१ | १४३२४३ | ३०२३३४ | ३६४७४ | ४९७०८ | ८५१८२ |
| माध्यमिक (९-१२) | ५२७५३८ | ४९६९४१ | १०२४४७९ | १०५०३४ | १३६०५० | २४१०८४ |

*स्रोतः फल्यास १ रिर्पोट, शिक्षा विभाग, २०१२/२०१३*

**तालिका नं. ४.६ तालिम प्राप्त शिक्षक प्रतिशत विवरण**

| तालिम विवरण | प्राथमिक तह | निम्न माध्यमिक तह | माध्यमिक तह (९–१०) | उच्च माध्यमिक तह |
|---|---|---|---|---|
| पूर्ण तालिम प्राप्त | ९२.९ | ७९.४ | ८७.१ | ६५.१ |
| आशिंक तालिम प्राप्त | ४.२ | ४.७ | ४.८ | ५.९ |
| तालिम अप्राप्त | २.९ | १५.९ | ८.० | २९.० |

*स्रोतः फल्यास १ रिर्पोट, शिक्षा विभाग, २०१२/२०१३*

मातृभाषामा शिक्षा आर्जन गर्ने अभियानलाई द्रुत गतिमा अगाडि बढाउदै विभिन्न २१ भाषाका पाठ्यपुस्तकको तयार गरिएको छ। वर्तमानमा प्राथमिक तहका विभिन्न कक्षामा मातृ भाषामा पढाउने कार्यको थालनी भएको छ। यसैगरी पछाडिपारिएका आदिवासी जनजाति तथा दलित बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउन छात्रवृत्ति तथा पाठ्यपुस्तक सहयोग कार्यक्रमको कार्यान्वयन गरिएको छ।

## ४.२ पुस्तकालय

विद्यालयको शिक्षा विशेष गरेर पाठ्यक्रमका पुस्तकहरुबाट दिइने हुँदा बालबालिकाको समग्र विकासका लागि अतिरिक्त पुस्तकहरुको पढाई पनि उत्तिकै जरुरी हुन्छ। बालबालिकाले यस्ता अतिरिक्त पुस्तकहरु पुस्तकालय वा साथीभाइसँग लिएर अध्ययन गर्नुपर्ने यथार्थता हामीसामु रहेको छ। विषयगत पुस्तक पत्रपत्रिका, साहित्यिक कला तथा अन्य विषयका अध्ययन सामग्रीहरु उक्त पुस्तकालयमा भएमात्रै बालबालिकाले अतिरिक्त ज्ञान हासिल गर्न सकिने देखिन्छ।

नेपालमा पुस्तकालयको शुरुवात कहिले र कसरी भयो भन्ने अभिलेखहरु खोज्न सकिने अवस्था छैन तर यत्रतत्र धेरै पहिलेदेखि सामुदायिक पुस्तकालयको स्थापना भई सञ्चालन भईरहेको देखिन्छ । हालका दिनहरुमा विद्यालयहरुमा पनि पुस्तकालय वा श्रोत केन्द्र भनी स्थापना गर्ने प्रक्रिया बढ्दो छ । विभिन्न जिल्लाबाट प्राप्त बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत), २०७० का अनुसार नेपालमा ५१ वटा बालक्लब स्तरीय पुस्तकालय (गत वर्ष २८), ३०४ वटा सामुदायिक स्तरमा (गत वर्ष ९८), ४१४५ वटा विद्यालयस्तरीय (गत वर्ष १७३३) र २४ वटा अन्य प्रकारका (गत वर्ष १६) गरी जम्मा ४५२४ वटा पुस्तकालय रहेको प्राप्त सूचनाले प्रष्ट पार्दछ। पुस्तकालयको संख्यामा निकै वृद्धि भएको प्राप्त तथ्यांकले देखाउँछ।

**तालिका नं. ४.७: पुस्तकालयको विवरण**

| क्र.सं. | जिल्ला | पुस्तकालय संख्या | | | | |
|---|---|---|---|---|---|---|
| | | बालक्लब | सामुदायिक | विद्यालयस्तरीय | अन्य | जम्मा |
| | **नेपाल** | ५१ | ३०४ | ४१४५ | २४ | ४५२४ |
| १ | इलाम | ० | ३ | ० | ० | ३ |
| २ | झापा | ० | १८ | १०९ | ० | १२७ |
| ३ | संखुवासभा | ० | ३ | ० | ० | ३ |
| ४ | धनकुटा | १ | २ | ४७ | ० | ५० |
| ५ | तेह्रथूम | ० | २ | ४५ | ० | ४७ |
| ६ | भोजपुर | ० | १० | ७० | ० | ८० |
| ७ | खोटाङ | ० | २१ | ३७ | ० | ५८ |
| ८ | उदयपुर | ३ | २ | २ | ० | ७ |
| ९ | सिराहा | ० | १० | ५ | ० | १५ |
| १० | सप्तरी | ० | ० | ० | १ | १ |
| ११ | रामेछाप | ० | ६ | २५ | ० | ३१ |
| १२ | सिन्धुली | ५ | १ | २०० | ० | २०६ |
| १३ | सर्लाही | ० | २ | ० | ० | २ |
| १४ | चितवन | १ | ० | ३०६ | ० | ३०७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | पर्सा | ० | १ | ० | ० | १ |
| १६ | रौतहट | ० | १ | ० | ० | १ |
| १७ | मकवानपुर | ० | ० | ० | १ | १ |
| १८ | काठमाण्डौं | ० | ० | १५९ | ० | १५९ |
| १९ | ललितपुर | १ | ४ | ३७ | १ | ४३ |
| २० | भक्तपुर | ० | ० | १८ | ० | १८ |
| २१ | नुवाकोट | ० | २ | ० | ० | २ |
| २२ | धादिङ | ० | १० | २४४ | ० | २५४ |
| २३ | रसुवा | १२ | ० | १९ | ० | ३१ |
| २४ | अर्घाखाँची | ११ | ४ | ७७९ | ० | ७९४ |
| २५ | रुपन्देही | ० | ८ | ९५ | २ | १०५ |
| २६ | नवलपरासी | ० | १३ | ३९८ | ० | ४११ |
| २७ | पाल्पा | ० | १० | १११ | ० | १२१ |
| २८ | कास्की | ० | १९ | ० | ० | १९ |
| २९ | लमजुङ | ३ | १ | २९५ | ० | २९९ |
| ३० | स्याङ्जा | ० | १९ | ० | ३ | २२ |
| ३१ | बागलुङ | ० | ० | २३५ | ० | २३५ |
| ३२ | पर्वत | ० | ४ | १६१ | ० | १६५ |
| ३३ | दाङ | ० | २४ | १५० | ० | १७४ |
| ३४ | रोल्पा | ० | १ | ३ | २ | ६ |
| ३५ | प्यूठान | ० | २० | १७८ | प | १९८ |
| ३६ | रुकुम | ० | २० | १६० | ० | १८० |
| ३७ | सुर्खेत | १३ | ४ | ३० | १ | ४८ |
| ३८ | बाँके | १ | ४ | २५ | ० | ३० |
| ३९ | हुम्ला | ० | ० | ६ | ० | ६ |
| ४० | कालीकोट | ० | १० | ३० | ० | ४० |
| ४१ | मुगु | ० | २० | २० | ० | ४० |
| ४२ | डोल्पा | ० | ० | ७० | ० | ७० |
| ४३ | जुम्ला | ० | १ | ० | ० | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४४ | कैलाली | ० | ० | ३२ | ११ | ४३ |
| ४५ | बझाङ | ० | १ | १३ | ० | १४ |
| ४६ | अछाम | ० | २ | ३० | ० | ३२ |
| ४७ | दार्चुला | ० | १८ | १ | ० | १९ |
| ४८ | डडेल्धुरा | ० | १ | ० | ० | १ |
| ४९ | कञ्चनपुर | ० | २ | ० | २ | ४ |

*स्रोत : केन्द्रीय बालकल्याण समिति, २०७०*

## ४.३ मनोरञ्जनस्थल

बालविकास अन्तर्गत शिक्षा, पुस्तकालय र यसमा बालबालिकाको पहुँचले मात्र उनीहरुको समग्र विकास हुन सक्दैन । व्यायाम, खेल तथा अन्य मनोरञ्जनका सामग्रीहरु पनि बालविकासको चरणमा जरुरी हुन्छन् । नेपालमा बालबालिकाको निमित्त यस्ता फुर्सदका बेलामा खेल्ने रमाउने स्थानहरु हुन अत्यावश्यक छ ।

बालअधिकारको चेतना अभिवृद्धिसँगै बालअधिकार प्रत्याभूति गराउने परिप्रेक्ष्यमा देशका विभिन्न जिल्ला तथा नगरहरुमा बालबालिकाको लागि मनोरञ्जन स्थलहरुको निर्माण तथा व्यवस्थापन गर्ने परिपाटीको शुरुवात गरिएको छ । वर्तमान युग सञ्चारका कारण बालबालिकाको पनि पहुँच विभिन्न आधुनिक सञ्चारका माध्यमसम्म पुगिसकेको छ । यी माध्यमहरुले बालबालिकालाई आकर्षित पनि गरेको छ । तर यदाकदा यी माध्यमहरुको दुरुपयोग र वयस्कको शोषणले गर्दा जोखिममा पर्ने गरिएको छ । यस्ता मनोरञ्जनका स्थलहरुलाई बालमैत्री बनाई बालबालिकाको संरक्षणका लागि चाहिने उपायहरु अवलम्बन गर्ने गरी विकसित गर्नुपर्ने देखिन्छ । मनोरञ्जनका स्थलहरुको व्यवस्थापन गर्दा बालबालिकाको संरक्षणलाई ध्यान दिन पनि उत्तिकै आवश्यक देखिन्छ । बालअधिकार सूचकाङ्क फारामबाट संकलित सूचना अनुसार १६ जिल्लाहरुमा मनोरञ्जनकास्थलहरु जम्मा ५७ (गत वर्ष ५४) वटा रहेका छन् । बालबालिकाको समग्र विकासका लागि यस्ता मनोरञ्जनकास्थलहरु अझ धेरै हुनुपर्ने देखिन्छ ।

**तालिका नं. ४.८: मनोरञ्जनस्थलहरु**

| **क्र.सं.** | **जिल्ला** | **मनोरञ्जनस्थल** |
|---|---|---|
| | **नेपाल** | **५७** |
| १ | इलाम | १ |
| २ | झापा | ५ |
| ३ | धनकुटा | १ |
| ४ | सप्तरी | १ |
| ५ | रौतहट | १ |
| ६ | मकवानपुर | ३ |
| ७ | काठमाण्डौं | ६ |
| ८ | ललितपुर | ५ |
| ९ | भक्तपूर | २ |
| १० | रुपन्देही | ४ |
| ११ | लमजूङ | १० |
| १२ | तनहुँ | १ |
| १३ | दाङ | ९ |
| १४ | सुर्खेत | २ |
| १५ | बाँके | ४ |
| १६ | हुम्ला | २ |

*स्रोत : केन्द्रीय बालकल्याण समिति, २०७०*

परिच्छेद

५

# बालसहभागिता

बालबालिका पनि राज्यका नागरिक हुन् र उनीहरूको पनि आफ्नो पहिचानको अधिकार हुन्छ । बालबालिकासँग सम्बन्धित विषयहरूमा निर्णय गर्दा उनीहरूको विचार तथा भावना सुन्ने र सोको यथोचित कदर गरिनु तथा बालअधिकार सम्मत गतिविधिहरूमा, संघ-संस्थामा सहभागी हुन पाउनु बालबालिकाको अधिकार हो । हामीले देशको असल नागरिकको कल्पना गर्न अहिले नै बालबालिकाको सहभागिता अभिवृद्धिमा जोड दिनुपर्दछ । त्यसैले बालसहभागिता सुसंस्कृत र प्रजातान्त्रिक समाजको आधारस्तम्भ मानिएको हो ।

बालअधिकार सम्बन्धी महासन्धिको अनुमोदनपश्चात् नेपालमा बालसहभागितामा उल्लेख्य वृद्धि भएको छ । बालबालिकाको विचार र भावनालाई कदर गर्ने गरी उनीहरूको सहभागिता घरपरिवार, समाज हुँदै राष्ट्रियस्तरसम्म हुन जरुरी छ । बालबालिकाको सङ्गठित हुने अधिकारको उपभोग गर्दै नेपालमा १७, ८६४ को सङ्ख्यामा बालबालिकाका समूह, क्लब, बालअधिकार मञ्चहरू क्रियाशील रहेका छन्,  जसमा करिब ४ लाख ३५ हजार ५३ बालबालिका आबद्ध रहेको पाइन्छ । बालबालिकाको सङ्गठित हुने अधिकारलाई स्थापित गर्ने क्रममा जिल्ला प्रशासन कार्यालय, नवलपरासीले जागृति बालक्लब दर्ता नगरिदिएपछि सो सम्बन्धमा परेको रिटमा सर्वोच्च अदालतबाट मिति २०५८/०४/२५ मा उत्प्रेषणयुक्त परमादेश जारी गरी बालबालिका सङ्गठित हुन पाउने अधिकारलाई मान्यता दिइएको

पाइन्छ ।

हाल बालक्लब व्यवस्थित गर्न केन्द्रीय बालकल्याण समितिले बालसहभागिता निर्देशिका, २०६२ जारी गरेको छ भने जिल्ला बालकल्याण समितिहरूले बालक्लबहरूलाई आबद्धता दिने गरेका छन् । बालबालिकाका निम्ति बन्ने राष्ट्रिय योजना, विभिन्न कार्ययोजनाहरूमा बालबालिका समेतको विचार भावना र प्रतिक्रियाहरू लिने प्रचलन बढेको छ । विषयगत रूपमा विभिन्न तहमा विभिन्न स्वरूपका बाल भेलाहरू गर्ने, सो बाट निस्केका निष्कर्षहरू राष्ट्रपति, प्रधानमन्त्री, संविधान सभाका अध्यक्षलगायतलाई प्रत्यक्ष भेट गर्दै सम्बन्धित निकायमा पेश गर्ने क्रम पनि बढेको छ । कतिपय गाविस, नगरपालिका, तथा जिविसका वार्षिक परिषद्हरूमा बालबालिकाका प्रतिनिधिहरूलाई पनि सहभागी गराउने क्रम बढ्दै गएको छ । कतिपय जिल्लामा विद्यालय ब्यवस्थापन समिति तथा जिल्ला बालकल्याण समिति, जिल्ला/गाउँ बालसंरक्षण तथा सम्वर्द्धन उपसमितिमा बालबालिकालाई सहभागी गराउँदै लगिएको छ । तर यी नाममात्रकै भएका छन् । बालबालिकाको वास्तविक सहभागिताको गुणस्तर के कसो छ भन्नेबारेमा ध्यान दिनु जरुरी छ ।

बालसहभागिताका नाममा वयस्कका जिम्मेवारी समेत बालबालिकालाई सुम्पने र बालबालिका अत्यधिक चापमा परेर आफ्नो 'बालापन' लाई गुमाउँदै "साना वयस्क"का रूपमा परिवर्तन हुँदै जाने गरेका केही उदाहरणहरू पनि पाइएका छन् । तसर्थ बालसहभागितालाई सही ढङ्गले प्रवर्द्धन गर्न मूलतः वयस्कहरू बढी जिम्मेवार र सजक रहनुपर्ने देखिएको छ भने बालबालिकालाई पनि नकारात्मक ढङ्गले सशक्तीकृत हुनसक्ने अवस्थाबाट सचेत गराइनु पर्दछ । बालसहभागिता र बालबालिकाको प्रयोगको विषयअत्यन्त चुनौतीपूर्ण रहन गएको छ । बालबालिकालाई राजनीतिक क्रियाकलापमा प्रयोग गर्नेदेखि लिएर विभिन्न सांस्कृतिक कार्यक्रमहरूमा उमेर नसुहाउँदो उत्तेजित, यौनायुक्त गीत नृत्यमा संलग्न गराउनु, कसैका स्वागत वा विदाईमा वा अन्य जुलुस-ऱ्यालीमा लामो समयसम्म उभ्याउनु एवम् विज्ञापन लगायत सञ्चार माध्यममा बालबालिकालाई विविध ढङ्गले प्रयोग गरिनुजस्ता धेरै खालका गतिविधिहरूमा कतिखेर बालअधिकारको उल्लङ्घन भयो र कतिखेर बालसहभागिता वा बालबालिकालाई अवसर प्रदान भयो भन्ने बारेमा गम्भीर छलफल हुन जरुरी छ । साथै त्यस्ता क्रियाकलाप बालमैत्री हुन्छन् हुँदैनन् भन्ने कुरामा स्पष्टता ल्याउन पनि जरुरी छ ।

समग्रमा बालसहभागिताको कुरा घरबाटै सुरु भई समाजका सबै गतिविधिमा समाहित हुँदै राज्यका

निकायहरुसम्म पुग्दछ । यसलाई सामाजिक संस्कारको रुपमा अगाडि बढाउन सकेमात्र व्यवहारमा बालसहभागिता सुनिश्चित हुन्छ ।  यसरी सहभागिता गराउँदा अर्थपूर्ण सहभागिता हुनुपर्दछ ।

## ५.१. बालक्लब

बालबालिकाहरू सङ्गठित भई आफूसँग सरोकार राख्ने विषयहरूमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतनालगायत बालअधिकारको संरक्षण प्रवर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल-क्लब, बालअधिकार मञ्च आदिका रूपमा बालबालिका क्रियाशील रहेका छन् । बालक्लब, बाल-सहभागिताको एक सशक्त माध्यम बनेको छ । जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नीतिगत दस्तावेजहरूमा पनि उल्लेख गरिएको छ । बालबालिकालाई समूहमा आवद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्तको लागि विभिन्न स्तरका नीति तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधित्वलाई मान्यता दिइएको छ ।

व्यक्तिगत रुपमा  गाउँ-गाउँमा बालबालिकाको सहभागिता, सकृयता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बालअधिकारसम्बन्धी चेतनामूलक कार्यहरू गरिरहेका छन् । बालक्लबहरूले सञ्चालन गरेका कार्यक्रममा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यालय भर्ना अभियान, (३) बालश्रम न्यूनीकरण कार्यक्रम (४) बालसहभागिता अभिवृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निःशुल्क शिक्षा प्रचारात्मक र प्रवर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मूलनसम्बन्धी प्रचारात्मक कार्यक्रम आदि प्रमुख रहेका छन् ।

### ५.१.१. जिल्लागत बालक्लबको सङ्ख्या

बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत), २०७० का अनुसार सूचना प्राप्त भएका ७३ जिल्लामा जम्मा १७,८६४ बालक्लब खुलेका छन् । गत वर्ष यसरी आवद्ध हुने बालक्लवको सङ्ख्या १३,३३१ थियो । बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत), २०७० का अनुसार ७३ वटा जिल्ला बालकल्याण समितिमा हालसम्म १०,९२५ बालक्लव आवद्ध भएका छन् भने ६,९३९ वटा बालक्लव आवद्ध हुन बाँकी छन् ।

### तालिका नं. ५.१: जिल्लागत बालक्लबको संख्या

| क्र.सं. | जिल्ला | बालक्लब संख्या | | |
|---|---|---|---|---|
| | | आवद्ध भएका | आवद्ध हुन बाँकी | जम्मा |
| | **नेपाल** | १०९२५ | ६९३९ | १७८६४ |
| १ | ताप्लेजुङ | ० | ३१ | ३१ |
| २ | पाँचथर | ० | ३०३ | ३०३ |
| ३ | इलाम | ६९ | १३ | ८२ |
| ४ | झापा | ३१ | १३ | ४४ |
| ५ | संखुवासभा | १५ | ३६७ | ३८२ |
| ६ | धनकुटा | २९ | ६ | ३५ |
| ७ | तेह्रथूम | ४१ | ० | ४१ |
| ८ | मोरङ | १९७ | १४८ | ३४५ |
| ९ | सुनसरी | ३३५ | १३९ | ४७४ |
| १० | भोजपुर | ५० | ० | ५० |
| ११ | सोलुखुम्बु | ० | ६९ | ६९ |
| १२ | ओखलढुङ्गा | ९ | ० | ९ |
| १३ | खोटाङ | ० | १७ | १७ |
| १४ | उदयपुर | ४१९ | ० | ४१९ |
| १५ | सिराह | १२० | २४४ | ३६४ |
| १६ | सप्तरी | २२९ | १०२१ | १२५० |
| १७ | रामेछाप | ४३ | २४२ | २८५ |
| १८ | सिन्धुली | १०२ | ० | १०२ |
| १९ | सर्लाही | ६५ | ० | ६५ |
| २० | दोलखा | ६७ | २० | ८७ |
| २१ | चितवन | ११३ | २३१ | ३४४ |
| २२ | बारा | १२८ | १०० | २२८ |
| २३ | पर्सा | २६१ | २७१ | ५३२ |
| २४ | रौतहट | १५५ | १०० | २५५ |
| २५ | मकवानपुर | १८३ | १६२ | ३४५ |
| २६ | काठमाडौं | ७७ | ७२ | १४९ |
| २७ | ललितपूर | १२९ | ५१ | १८० |
| २८ | भक्तपुर | ७१ | ० | ७१ |
| २९ | सिन्धुपाल्चोक | २५५ | ४५ | ३०० |
| ३० | नुवाकोट | १२२ | २३ | १४५ |
| ३१ | धादिङ | १८९ | ० | १८९ |
| ३२ | काभ्रे | १२९ | ७०१ | ८३० |
| ३३ | रसुवा | १ | ३५ | ३६ |
| ३४ | अर्घाखाँची | १०८ | ३२३ | ४३१ |
| ३५ | कपिलवस्तु | ४६३ | ० | ४६३ |
| ३६ | रुपन्देही | १४२ | ० | १४२ |
| ३७ | नवलपरासी | ६२६ | ० | ६२६ |
| ३८ | पाल्पा | ४६५ | ३०८ | ७७३ |
| ३९ | गुल्मी | ५० | १६३ | २१३ |
| ४० | कास्की | ४०८ | ५४ | ४६२ |
| ४१ | गोरखा | ११ | ३४ | ४५ |
| ४२ | लमजुङ | २७४ | ० | २७४ |
| ४३ | मनाङ | १५ | ० | १५ |
| ४४ | स्याङ्जा | १९१ | ७७ | २६८ |
| ४५ | तनहुँ | २८३ | २२९ | ५१२ |
| ४६ | मुस्ताङ | १६ | ० | १६ |
| ४७ | म्याग्दी | ५३ | ३ | ५६ |
| ४८ | बागलुङ् | ११६ | २३४ | ३५० |
| ४९ | पर्वत | १५२ | ० | १५२ |
| ५० | दाङ | २२५ | १४५ | ३७० |
| ५१ | रोल्पा | ३५ | १८ | ५३ |

| | | | | |
|---|---|---|---|---|
| ५२ | प्यूठान | १४६ | ० | १४६ |
| ५३ | रुकूम | १५२ | ३१ | १८३ |
| ५४ | सल्यान | ४३ | ७१ | ११४ |
| ५५ | सुर्खेत | ३२६ | ० | ३२६ |
| ५६ | बर्दिया | २३६ | १० | २४६ |
| ५७ | जाजरकोट | १६० | ० | १६० |
| ५८ | बाँके | ३१७ | २८३ | ६०० |
| ५९ | दैलेख | ६५ | ४ | ६९ |
| ६० | हुम्ला | ११४ | १७ | १३१ |
| ६१ | कालीकोट | २०५ | १५५ | ३६० |
| ६२ | मुगु | २१७ | ० | २१७ |
| ६३ | डोल्पा | २८ | ४८ | ७६ |
| ६४ | जूम्ला | १०५ | ३० | १३५ |
| ६५ | कैलाली | ३०३ | ० | ३०३ |
| ६६ | बझाङ | ५ | २४ | २९ |
| ६७ | बाजूरा | १६० | ४९ | २०९ |
| ६८ | डोटी | १८८ | ११३ | ३०१ |
| ६९ | अछाम | ४१४ | ० | ४१४ |
| ७० | दार्चुला | १८ | ८० | ९८ |
| ७१ | बैतडी | ५० | ० | ५० |
| ७२ | डडेल्धुरा | १२८ | १२ | १४० |
| ७३ | कञ्चनपुर | २७८ | ० | २७८ |

*स्रोतः ७५ जिल्ला बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत), २०७०*

### ५.१.२ क्षेत्रगत आधारमा आवद्ध भएका बालक्लबहरु

**तालिका नं. ५.२: क्षेत्रगत आधारमा आवद्ध भएका बालक्लबहरु**

| **क्र स** | **क्षेत्र** | **बालक्लव संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | पूर्वाञ्चल | ३९१५ | २१.९३ |
| २ | मध्यमाञ्चल | ४१४३ | २३.१९ |
| ३ | पश्चिमाञ्चल | ४७९८ | २६.८६ |
| ४ | मध्यपश्चिमाञ्चल | ३१८६ | १७.८३ |
| ५ | सुदूर पश्चिमाञ्चल | १८२२ | १०.१९ |
| | **जम्मा** | **१७८६४** | **१००.००** |

*स्रोतः ७५ जिल्ला बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत), २०७०*

क्षेत्रगत आधारमा आवद्ध भएका बालक्लवहरुको तथ्याङ्क हेर्दा, पश्चिमाञ्चलमा सबैभन्दा धेरै (४७९८) बालक्लवको स्थापना भएको देखिन्छ भने सुदूर पश्चिमाञ्चलमा सबैभन्दा कम बालक्लव स्थापना भएको पाइन्छ ।

### ५.१.३. बालक्लबमा आबद्ध बालबालिका

| क्र.सं. | जिल्ला | बालक्लबका बालबालिकाको संख्या | | |
|---|---|---|---|---|
| | | बालिका | बालक | जम्मा |
| | **नेपाल** | १८८५८३ | २१४९७० | ४०३५५३ |
| १ | ताप्लेजुङ | १५४० | १५४८ | ३०८८ |
| २ | पाँचथर | १४९० | १३७८ | २८६८ |
| ३ | इलाम | २८५ | ३९० | ६७५ |
| ४ | झापा | ३९७ | ३७५ | ७७२ |
| ५ | संखुवासभा | २२९२ | ३४३८ | ५७३० |
| ६ | धनकुटा | २१० | ३३० | ५४० |
| ७ | तेह्रथुम | ४१४ | ३९७ | ८११ |
| ८ | मोरङ | ११६९९ | १२४३३ | २४१३२ |
| ९ | सुनसरी | १५१३ | २८४१ | ४३५४ |
| १० | भोजपुर | ३५० | ४०० | ७५० |
| ११ | सोलुखुम्बु | ४८७ | ५८० | १०६७ |
| १२ | ओखलढुङ्गा | ५७ | ५३ | ११० |
| १३ | खोटाङ | १२४ | १२० | २४४ |
| १४ | उदयपुर | ३४९९ | ३६२५ | ७१२४ |
| १५ | सिराह | ६०५० | ९६४० | १५६९० |
| १६ | सप्तरी | १३०१८ | १३७११ | २६७२९ |
| १७ | रामेछाप | १४२५ | १७१० | ३१३५ |
| १८ | सिन्धुली | ५६० | ५२३ | १०८३ |
| १९ | सर्लाही | ३५७ | ५६३ | ९२० |
| २० | दोलखा | ४३५ | ५२२ | ९५७ |
| २१ | चितवन | ३२५४ | ३७२९ | ६९८३ |
| २२ | बारा | ३२३५ | ४९६८ | ८२०३ |
| २३ | पर्सा | ३७३६ | ४८५६ | ८५९२ |
| २४ | रौतहट | ४७६३ | ३११६ | ७८७९ |
| २५ | मकवानपुर | १०९९ | १०२२ | २१२१ |
| २६ | काठमाडौं | २०११ | २२७८ | ४२८९ |
| २७ | ललितपुर | २४६६ | २५९७ | ५०६३ |
| २८ | भक्तपुर | ६८६ | ५३७ | १२२३ |
| २९ | सिन्धुपाल्चोक | ३०१३ | ३१०२ | ६११५ |
| ३० | नुवाकोट | २५२३ | १८२७ | ४३५० |
| ३१ | धादिङ | १०८२ | १०९९ | २१८१ |
| ३२ | काभ्रे | ७८५० | ७६५० | १५५०० |
| ३३ | रसूवा | २१७ | १३२ | ३४९ |
| ३४ | अर्घाखाँची | ४६९२ | ५१९८ | ९८९० |
| ३५ | कपिलवस्तु | ४१४८ | ५८३१ | ९९७९ |
| ३६ | रुपन्देही | १३६६ | १२६६ | २६३२ |
| ३७ | नवलपरासी | ९६४५ | १६९८१ | २६६२६ |
| ३८ | पाल्पा | ९७६३ | ११३६४ | २११२७ |
| ३९ | गुल्मी | २१६३ | ३१६२ | ५३२५ |
| ४० | कास्की | ६३२५ | ५३२१ | ११६४६ |
| ४१ | गोरखा | ४२० | ४१० | ८३० |
| ४२ | लमजुङ | २३८२ | २३७६ | ४७५८ |
| ४३ | मनाङ | १६७ | १२४ | २९१ |
| ४४ | स्याङ्जा | २५५३ | २७४२ | ५२९५ |
| ४५ | तनहुँ | ७२१९ | ८१४१ | १५३६० |
| ४६ | मुस्ताङ | ४५३ | ४१८ | ८७१ |
| ४७ | म्याग्दी | ४१८ | ४०५ | ८२३ |

| | | | | |
|---|---|---|---|---|
| ४८ | बागलुङ | ७७० | ८८५ | १६५५ |
| ४९ | पर्वत | ६४७ | ८२२ | १४६९ |
| ५० | दाङ | ६००० | ६७५० | १२७५० |
| ५१ | रोल्पा | ६४० | ७९१ | १४३१ |
| ५२ | प्यूठान | २५६१ | २२२३ | ४७८४ |
| ५३ | रुकुम | ८०६ | १२०७ | २०१३ |
| ५४ | सुर्खेत | ३२६२ | ३०५९ | ६३२१ |
| ५५ | बर्दिया | १७३१ | १६७५ | ३४०६ |
| ५६ | जाजरकोट | ८५८ | १०४३ | १९०१ |
| ५७ | बाँके | ६५८० | ५७५४ | १२३३४ |
| ५८ | दैलेख | १८९ | ३५१ | ५४० |
| ५९ | हुम्ला | ११२६ | १५४२ | २६६८ |
| ६० | कालीकोट | २२४५ | ३१४० | ५३८५ |
| ६१ | मुगु | १०९८ | १४५७ | २५५५ |
| ६२ | डोल्पा | ७५० | ८४६ | १५९६ |
| ६३ | जुम्ला | ७४७ | ११४३ | १८९० |
| ६४ | कैलाली | १०१३० | ७१५० | १७२८० |
| ६५ | बझाङ | २९६ | २९८ | ५९४ |
| ६६ | बाजुरा | ५५८ | १९५० | २५०८ |
| ६७ | डोटी | २३८४ | ३९६२ | ६३४६ |
| ६८ | अछाम | ३३८८ | ४१०४ | ७४९२ |
| ६९ | दार्चुला | ३४५ | ३७५ | ७२० |
| ७० | बैतडी | ३५० | ४०० | ७५० |
| ७१ | डडेल्धुरा | ७८६ | १०३४ | १८२० |
| ७२ | कञ्चनपुर | ६४८५ | ७७८० | १४२६५ |
| जम्मा प्रतिशत | | ४६.७ | ५३.३ | १०० |

*स्रोतः ७५ जिल्ला बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत), २०७०*

जिल्लागत रुपमा ७२ जिल्लाबाट प्राप्त भएको जानकारीअनुसार बालक्लबमा १,८८,५८३ (४६.७ प्रतिशत) बालिका र २, १४,९७० (५३.३ प्रतिशत) बालक गरी जम्मा ४,०३,५५३ रहेको देखिन्छ। यो अवस्थालाई हेर्दा लैङ्गिक रुपमा बालकको तुलनामा बालिकाको बालक्लवमा आबद्धता हुने संख्या न्यून रहेको देखिन्छ।

### ५.१.४. क्षेत्रगत आधारमा आवद्ध भएका बालक्लबहरु

**तालिका नं. ५.४: क्षेत्रगत आधारमा आवद्ध भएका बालक्लबहरु**

| क्र स | क्षेत्र | बालक्लव संख्या | बालिका | % | बालक | % | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाञ्चल | ३९१५ | ४३४२५ | ४५.८६ | ५१२५९ | ५४.१३ | ९४६८४ |
| २ | मध्यमाञ्चल | ४१४३ | ३८७१२ | ४९.०३ | ४०२३१ | ५०.९६ | ७८९४३ |
| ३ | पश्चिमाञ्चल | ४७९८ | ५३१३१ | ४४.८० | ६५४४६ | ५५.१९ | ११८५७७ |
| ४ | मध्यपश्चिमाञ्चल | ३१८६ | २८५९३ | ४७.९९ | ३०९८१ | ५२.०० | ५९५७४ |
| ५ | सुदूर पश्चिमाञ्चल | १८२२ | २४७२२ | ४४७.७४ | २७०५३ | ५२.२५ | ५१७७५ |
| | जम्मा | १७८६४ | १८८५८३ | ४६.७३ | २१४९७० | ५३.२६ | ४०३५५३ |

*श्रोतः ७५ जिल्ला बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत), २०७०*

लैङ्गिक हिसाबमा बालकको तुलनामा बालिकाको बालक्लबमा आवद्धता हुने प्रतिशत अलि कमजोर छ । मध्यमाञ्चल क्षेत्रमा बालिकाको बालक्लबमा आवद्धता सवैभन्दा धेरै (४९.०३) भएको देखिन्छ साथै यो क्षेत्र बालक र बालिकाको आवद्धतामा समानता (सवैभन्दा कम प्रतिशतले फरक भएको) क्षेत्र पनि हो । बालक्लबमा आवद्ध बालबालिका तथा बालक्लवहरुको संख्या सवैभन्दा धेरै पश्चिमाञ्चलमा रहेको भएता पनि सवैभन्दा कम बालिका (४४.८० ५) बालक्लवमा आवद्ध भएको तथा बालक र बालिकाको आवद्धतामा सवैभन्दा धेरै असमानता (सवैभन्दा धेरै प्रतिशतले फरक भएको) क्षेत्र पनि पश्चिमाञ्चल नै हो ।

### ५.१.५. बालक्लबको आधार

बालक्लब विभिन्न जिल्लाका विभिन्न स्थानहरूमा गठन भई क्रियाशील रहेका छन् । सबैभन्दा बढी समुदायमा आधारित रहेका छन भने त्यसपछि क्रमश विद्यालयमा आधारित, संघ-संस्थाहरूमा वा निकायमा आधारित र केही आधार नखुलेको अवस्थामा छन् ।


**तालिका नं. ५.५: जिल्लामा सञ्चालनमा रहेका बालक्लबहरुको स्थापना वा सञ्चालन स्थानको आधारमा वर्गीकरण**

| | समुदायमा आधारित | विद्यालयमा आधारित | संस्था वा निकायमा आधारित | आधार नखुलेको | जम्मा बालक्लबको सङ्ख्या |
|---|---|---|---|---|---|
| | ८७४५ | ६१७८ | २३ | २९१८ | १७८६४ |
| **प्रतिशत** | ४८.९५ | ३४.५८ | ०.१३ | १६.३४ | १०० |

*स्रोतः ७५ जिल्ला बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत), २०७०*

बालक्लवको सञ्चालनको आधारलाई हेर्दा, सबैभन्दा बढी समुदायमा आधारित ४८.९५ प्रतिशत बालक्लबहरू रहेका छन् भने त्यसपछि क्रमशः विद्यालयमा आधारित ३४.५८ प्रतिशत, संघ-संस्थाहरूमा वा निकायमा आधारित ०.१३ प्रतिशत, र आधार नखुलेको १६.३४ प्रतिशत रहेको देखिन्छ ।

चित्र नं. ५.१: बालक्लबका आधारहरु




*स्रोतः ७५ जिल्ला बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत), २०७०*


## ५.१.६. बालक्लबको सहजीकरण

बालक्लवको सहजीकरण एक महत्वपूर्ण कार्य हो । यसको लागि बालक्लव गठन तथा सञ्चालनका लागि विभिन्न सरकारी निकाय, गैरसरकारी संस्थाहरुले काम गरिरहेका छन् । यसरी हेर्दा, गैरसरकारी संघ-संस्थाले सबैभन्दा धेरै (१०४९२) संख्यामा बालक्लवहरुको सहजीकरण गरिरहेका छन् । त्यसैगरी जिल्ला बालकल्याण समिति तथा जिल्ला विकास समितिहरुले सहजीकरण गरिरहेका बालक्लबहरुको संख्या पनि उल्लेख्य रहेको छ । स्वतःस्फूर्त रूपमा क्रियाशील रहेका बालक्लवको संख्या भने निकै कम रहेको छ ।

**तालिका नं ५.६: सहजीकरण गर्नेको विवरण**

| सहजीकरण/सहयोग गर्ने | | | | |
|---|---|---|---|---|
| जिल्ला विकास समिति | जिल्ला बालकल्याण समिति | अन्य | गैससहरु | स्वतःस्फूर्त |
| १५४४ | ३०७२ | २६३७ | १०४९२ | ११७ |

## चित्र ५.२: बालक्लबको सहजीकरण




*स्रोतः ७५ जिल्ला बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत), २०७०*

### ५.१.७ बालक्लबहरूको सञ्जाल

बालक्लबहरूको विभिन्न तहमा खासगरी गा.वि.स तथा नगरपालिका, इलाका तथा जिल्लास्तरमा सञ्जालहरु निर्माण भएका छन् । जसबाट उनीहरूको सरोकारका विषयलाई सामाजिक संरचना तथा राज्यका विभिन्न निकायमा प्रभावकारी ढङ्गले उठाउन र प्रतिनिधित्व गर्न सहज भएकोछ ।

**तालिका नं ५.७: बालक्लबहरूको सञ्जाल**

| जिल्लास्तरमा | | इलाकास्तरमा | | गाविस वा नपास्तरमा | |
|---|---|---|---|---|---|
| नेटवर्कको सङ्ख्या | आबद्ध बालक्लबको सङ्ख्या | नेटवर्कको सङ्ख्या | आबद्ध बालक्लबको सङ्ख्या | नेटवर्कको सङ्ख्या | आबद्ध बालक्लबको सङ्ख्या |
| ६१ | ५८९० | ५५ | २६९ | ११२४ | ६६०४ |

*स्रोतः ७५ जिल्ला बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत), २०७०*

तालिका नं. ५.३ अनुसार, जिल्ला स्तरमा ६१ वटा बालसञ्जालमा ५८९० बालक्लवहरु, इलाका स्तरका ५५ बालसञ्जालमा २६९ बालक्लवहरु र गा. वि. स. स्तरमा ११२४ बालसञ्जालमा ६६०४ वटा बालक्लव आवद्ध रहेको तथ्याङ्क पाइन्छ ।

## ५.२. विभिन्न संरचनामा बालसहभागिता

बालसहभागितालाई सम्वर्द्धन र प्रवर्द्धन गर्दै लैजानको लागि विभिन्न संरचनाहरुमा बालबालिकालाई सहभागी गराउने परिपाटीको थालनी भएको छ । फलस्वरुप २५३० तल उल्लिखित संरचनाहरुमा झण्डै ३५०० बालबालिका सहभागी भएको देखिन्छ । यसले बालबालिकाको विषयमा सामाजिक तथा राज्यका विभिन्न निकायहरुमा बालबालिकाको कुरा सुन्ने परम्पराको विकास भएको स्थितिलाई इङ्गित गर्दछ ।

**तालिका नं ५.८: विभिन्न संरचनामा बालसहभागिता**

| क्र.सं. | संरचना | संरचनाको सङ्ख्या | प्रतिनिधित्व गर्ने बालबालिकाको सङ्ख्या | | | |
|---|---|---|---|---|---|---|
| | | | बालिका | बालक | लिङ्ग नखुलेको | जम्मा |
| १ | जिल्ला बालकल्याण समिति | ७५ | २३ | ३७ | ० | ६० |
| २ | जिल्ला बाल संरक्षण तथा सम्बर्द्धन उपसमिति | ५९ | १९ | ३६ | ० | ५५ |
| ३ | गाउँ/नगर बालसंरक्षण तथा सम्बर्द्धन उपसमिति | १३१६ | ७४६ | १०५२ | ० | १७९८ |
| ४ | विद्यालय व्यवस्थापन समिति | ४०५ | २४९ | २६५ | ८४ | ५९८ |
| ५ | जिल्ला परिषद् | ३३ | १९ | २१ | ३ | ४३ |
| ६ | गाउँ/नगर परिषद् | ६४२ | ३९३ | ५०२ | ९० | ९८५ |
| | **जम्मा** | २५३० | १४४९ | १९१३ | १७७ | ३५३९ |

माथिको तालिका अनुसार, जिल्ला बालकल्याण समितिमा ६० जना, जिल्ला बालसंरक्षण तथा सम्बर्द्धन उपसमितिमा ५५ जना, गाउँ/नगर बालसंरक्षण तथा सम्बर्द्धन उपसमिति १७९८ जना, विद्यालय व्यवस्थापन समितिमा ५९८ जना, जिल्ला परिषद्मा ४३ जना र गाउँ/नगर परिषद्मा ९८५ गरी जम्मा ३५३९ बालबालिका विभिन्न संरचनाको सदस्य वा आमन्त्रित सदस्यको रुपमा सहभागी भएको पाइन्छ ।

## ५.३. सूचना तथा सञ्चारमा बालबालिकाको पहुँच

यो सूचना र प्रविधिको युग भएकोले यसको प्रयोग दिनानुदिन बढ्दै गइरहेको छ । प्रविधिको विकाससँगै तिनीहरुमा बालबालिकाको पहुँच हुनु बालबालिकाको अधिकार हो भने उनीहरू सुहाउँदो सूचना तथा जानकारीहरू उत्पादन, वितरण, प्रसारण गर्नु वयस्क तथा राज्यको दायित्व हो । हालैका वर्षहरूमा बालबालिकालाई लक्षित गरेर नेपालका सञ्चारमाध्यमले कार्यक्रमहरू सञ्चालन गरिरहेका र प्रकाशन गरिरहेका छन् । विद्युतीय सञ्चार माध्यमहरू रेडियो, एफ्.एम्, टिभीमध्ये अधिकांशमा बालबालिकाको प्रत्यक्ष सहभागितामा अथवा वयस्कद्वारा बालबालिकासम्बन्धी कार्यक्रममार्फत बालबालिकालाई सूचना, जानकारी तथा मनोरञ्जन प्रदान गर्ने कार्य भैरहेको अवस्था छ ।

देशका ७५ जिल्लामा नै स्थापना भएका एफ्.एम्मा बालबालिका स्वयम्ले कार्यक्रम सञ्चालन गर्ने क्रम पनि बढेकोछ । साथै, केही अनलाइन तथा इन्टरनेटका सञ्चालकहरूले आफ्नो साइटमा बालबालिकासम्बन्धी सूचना तथा जानकारीहरू राख्नेसमेत गरेको पाइएको छ । विद्युतीय सञ्चारमाध्यममा जस्तै छापा सञ्चारमाध्ममा पनि बालबालिकाको पहुँच बढ्दो रूपमा छ । नेपालमा दुई दर्जनभन्दा बढी बालपत्रिका नियमितरूपमा प्रकाशन भैरहेका छन् भने अधिकांश पत्रपत्रिकामा बालबालिकालाई सूचना, जानकारी तथा मनोरञ्जन प्रदान गर्ने प्रकारका स्तम्भ राख्ने, विशेष स्थान छुट्याउने गरिएको पाइएको छ ।

गाउँगाउँमा खुलेका बालक्लब तथा विद्यालयहरूमा बालबालिकाले बालभित्ते पत्रिका प्रकाशन गरी बालबालिकालाई सूचना तथा जानकारी प्रादान गर्ने प्रयास भैरहेको छ । बालबालिकालाई लक्षित गरेर विभिन्न प्रकाशक, लेखक तथा सामान्य ज्ञान, विशिष्ट व्यक्तित्वको जीवनी, वैज्ञानिक तथ्यहरू, बालसाहित्यसँग सम्बन्धित प्रकाशनहरू, विशेष बाल-पाठ्यसामग्री, मनोरञ्जनात्मक चुट्किला र कार्टुन चित्र प्रकाशन गरेर बालबालिकाको सूचना, सञ्चार र मनोरञ्जनमा पहुँचको अवस्थालाई वृद्धि गरेका छन् । यसरी उत्पादन हुने बालबालिकाका समाग्रीहरु बालबालिकाकालागि उपयोगी, बालमैत्री र बालअधिकार सम्मत हुनु आवश्यक छ ।

# अनुसूचि

# अनुसूचि १

## सन्दर्भ सामग्री


- आर्थिक सर्वेक्षण २०७०, नेपाल सरकार अर्थ मन्त्रालय
- कार्यालय अभिलेख तथा समितिद्वारा प्रकाशित विभिन्न प्रतिवेदन, पुस्तक तथा प्रकाशनहरू, केन्द्रीय बालकल्याण समिति, ललितपुर २०७०
- कार्यालय अभिलेख, नेपाल सरकार गृह मन्त्रालय २०७०
- कार्यालय अभिलेख, बालन्याय समन्वय समितिको सचिवालय, केन्द्रीय बालकल्याण समिति, ललितपुर, २०७०
- कार्यालय अभिलेख, नेपाल प्रहरी प्रधान कार्यालय २०७०
- कार्यालय अभिलेख, कारागार व्यवस्थापन विभाग २०७०
- कार्यालय अभिलेख, शान्ति तथा पुर्नस्थापना मन्त्रालय २०७०
- तेह्रौ योजना २०७० आधार पत्र, राष्ट्रिय योजना आयोग
- धर्मपुत्र, धर्मपुत्रीसम्बन्धी वार्षिक अभिलेख, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, २०७०
- नेपाल बालश्रम प्रतिवेदन, २०१२ केन्द्रीय तथ्याङ्क विभाग/आइएलओ
- नेपाल जनसङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०११, (NDHS 2011) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,
- नेपाल जीवनस्तर सर्वेक्षण, २०१०।११, २०११ के.त.वि.
- नेपालमा गैरद्वन्द्वात्मक सशस्त्र हिंसाको अवस्था बार्षिक प्रतिवेदन २०१२, इन्सेक नेपाल
- नेपालका बालबालिकाको अवस्था वार्षिक प्रतिवेदन, २०१२ राष्ट्रिय मानवअधिकार आयोग
- नेपालका बालबालिकाको स्थिति प्रतिवेदनहरू, केन्द्रीय बालकल्याण समिति
- नेपालको अन्तरिम संविधान, २०६३

- पञ्जीकरण (व्यक्तिगत घटना दर्ता) प्रतिवेदन, २०७०, संघीय मामला तथा स्थानीय विकास मन्त्रालय, जनसंख्या तथा पञ्जीकरण व्यवस्थापन शाखा
- बार्षिक विकास कार्यक्रम (२०७०/७१), राष्ट्रिय योजना आयोग २०७०
- बाल संरक्षण २०१०, केन्द्रीय बालकल्याण समिति, बालअधिकार अध्ययन प्रतिष्ठान
- बाल सुधार गृहसम्बन्धी कार्यालय अभिलेख २०७०, युसेप भक्तपुर
- बाल हेल्पलाइन १०९८ को प्रारम्भिक प्रतिवेदन, २०६९।०७०
- बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९
- बालबालिकासम्बन्धी कानुन (राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका प्रमुख व्यववस्था), केन्द्रीय बालकल्याण समिति, ललितपुर
- बालबालिकाका लागि राष्ट्रिय कार्ययोजना नेपाल, २०६१/६२-२०७१/७२
- बालअधिकार अनुगमन सूचकाङ्क फाराम (जिल्लागत) २०७०, के.बा.क.स.
- बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७, शिक्षा विभाग
- बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८, नेपाल सरकार स्थानीय विकास मन्त्रालय,
- मानवअधिकार वर्ष पुस्तक, २०१३, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
- राष्ट्रिय जनगणनाको प्रतिवेदन २०६८, केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं, २०६९
- लैङ्गिक तथ्याङ्क २०६९, नेपाल सरकार, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय
- वार्षिक प्रतिवेदन, २०६९/०७०, बालबालिका खोजतलास तथा समन्वय केन्द्र
- वार्षिक प्रतिवेदन, २०६८/०६९ (DOHS-2012) स्वास्थ्य सेवा विभाग कार्यालय
- विभिन्न प्रतिवेदनहरू, राष्ट्रिय एड्स तथा यौन रोग केन्द्र, टेकु
- Flash I Report, 2012/2013, Department of Education
- State of Children 2013, UNICEF

# अनुसूचि २

## तालिका तथा चित्र सूचि


| चित्र नं. | तालिका नं. | शीर्षक | पृष्ठ |
|---|---|---|---|
| | १.१ | महिला तथा बालबालिका तथा समाजकल्याण मन्त्रालय कार्यक्रम | |
| | १.२ | श्रम तथा रोजगार मन्त्रालय कार्यक्रम | |
| २.१ | | दक्ष स्वास्थ्य जनशक्तिबाट सुत्केरीको प्रतिशत | |
| २.२ | | पाँच वर्ष मुनिका बाल मृत्युदर | |
| | २.१ | स्थानका आधारमा मृत्युदर | |
| २.३ | | खोपको पहुँचको प्रतिशत | |
| २.४ | | कुपोषणबाट ग्रसित बालबालिकाको प्रतिशत | |
| २.५ | | स्वास-प्रश्वासका बालरोगीहरूले लिएका उपचारको स्तर | |
| | ३.१ | ५७ जिल्लाहरूमा जन्मदर्ताको स्थिति | |
| | ३.२ | बालश्रमिको संख्या | |
| | ३.३ | लिंग र उद्योगका आधारमा कामदार बालबालिकाको प्रतिशत | |
| ३.१ | | उमेर अनुसार जोखिमपूर्ण काममा लागेका बालबालिकाको प्रतिशत | |
| ३.२ | | उमेरका आधारमा बालश्रममा लागेका बालबालिकाको प्रतिशत | |
| | ३.४ | बालश्रमका क्षेत्र तथा बालश्रमिकहरूको लिंगगत तथा संख्यात्मक विवरण | |
| | ३.५ | बालयौन दुर्व्यवहार र शोषण सम्बन्धी प्रकाशमा आएको घटना विवरण | |

| | | | |
|---|---|---|---|
| | ३.६ | बालयौन दुर्व्यवहार र शोषण सम्बन्धी उजुरी परेको र मुद्धा चलेको विवरण | |
| | ३.७ | बलबालिका प्रतिवादी भएका घटना विवरण | |
| | ३.८ | यातना सम्बन्धी घटना सम्बन्धी स्थान र संख्या | |
| | ३.९ | प्रकाशमा आएका, उजुरी र अदालतमा मुद्धा परेका घटना | |
| | ३.१० | विभिन्न आधारमा बालबालिकामाथि भएका भेदभावका घटनाहरू | |
| | ३.११ | अदालतमा उजुरी परेका भेदभाव सम्बन्धी घटनाहरू | |
| | ३.१२ | हराएका, फेलापरेका र बेवारिस बालबालिका सम्बन्धी विवरण | |
| | ३.१३ | बेवारिसे फेला परेका बालबालिकाको पुर्नस्थापना सम्बन्धी बिबरण | |
| | ३.१४ | बालबिज्याँईको प्रकृति, जम्मा मुद्धा संख्या र फैसलाहरूको विवरण | |
| | ३.१५ | प्रतिवादी बालबालिकाको संख्या र लिंगगत विवरण | |
| | ३.१६ | प्रतिवादी बालबालिका र उमेर समूह | |
| | ३.१७ | जिल्लागत आधारमा मुद्धा संख्या विवरण | |
| | ३.१८ | बालबिज्याँई र फैसलाको विवरण | |
| ३.३ | | बालसुधार गृह सानोठिमिमा दर्ता भएका र पुनर्स्थापना भएका विवरण | |
| ३.४ | | बालसुधार गृह सराङ्कोटमा दर्ता भएका र पुनर्स्थापना भएका विवरण | |
| ३.५ | | मुद्धाका आधारमा बालसुधार गृह सानोठिमिमा दर्ता भएका बालन्यायका घटनाहरू | |

| | | | |
|---|---|---|---|
| ३.६ | | मुद्धाका आधारमा बालसुधार गृह सराङकोट कास्कीमा दर्ता भएका घटनाहरू | |
| ३.७ | | बालसुधार गृह सानोठिमीमा दर्ता भएका बालबालिकाको विवरण | |
| ३.८ | | बलसुधार गृह सरांगकोटमा दर्ता भएका बालबालिकाको जिल्लागत विवरण | |
| ३.९ | | लिंगको आधारमा बालसुधार गृहमा दर्ता भएका बालबालिकाको विवरण | |
| | ३.१९ | कारागारमा आश्रित बालबालिकाको बिबरण | |
| | ३.२० | सशस्त्र द्धन्द्धबाट प्रभावित बालबालिकालाई राहत तथा पुनर्स्थापना विवरण | |
| ३.१० | | बिदेशी नागरिकले धर्मसन्तान लगेको विवरण | |
| | ३.२१ | नेपाली नागरिकसँग धर्मसन्तान भई गएका बालबालिकाको बिबरण | |
| ३.११ | | शरणार्थी बालबालिकाको बिबरण | |
| | ३.२२ | अपाङ्गता परिचयपत्र लिएका बालबालिकाको बिबरण | |
| | ३.२३ | गार्म्भिएताको आधारमा अपाङ्गता परिचयपत्र लिएका बिबरण | |
| ३.१२ | | सडक बालबालिका बिबरण | |
| | ३.२४ | परिवारविहिन बालबालिकाको बिबरण | |
| | ३.२५ | बालबालिकाको उद्धार तथा पुर्नस्थापनाका विवरण | |
| | ३.२६ | आपतकालिन राहतकोषबाट लाभान्वित बालबालिका बिबरण | |
| | ३.२७ | बालगृह बिबरण | |
| | ३.२८ | बालसंरक्षण तथा सम्बर्द्धन समितिको बिबरण | |

| | | | |
|---|---|---|---|
| | ३.२९ | बालहेल्पलाईनबाट सेवा प्रदान गरेका विवरण | |
| | ३.३० | बालमैत्री गाविस गाविस तथा नगरपालिकाहरू | |
| | ३.३१ | बालमैत्री स्थानीय शासन अवलम्बन गरिएका स्थानीय निकायहरू | |
| | ४.१ | कक्षा १ भर्नामा प्रारम्भिक बालविकासको अनुभव दर | |
| | ४.२ | शैक्षिक तहका आधारमा विद्यालय संख्या | |
| ४.१ | | विद्यार्थी खुद भर्ना दर र विद्यालयतह | |
| | ४.३ | धार्मिक विद्यालयको संख्या तथा तह | |
| | ४.४ | शैक्षिकतहको आधारमा विद्यार्थी संख्या | |
| | ४.५ | विद्यार्थी भर्ना विवरण | |
| | ४.६ | तालिम प्राप्त शिक्षक विवरण | |
| | ४.७ | पुस्तकालयको विवरण | |
| | ४.८ | मनोरञ्जनस्थलहरू | |
| | ५.१ | जिल्लागत बालक्लव संख्या विवरण | |
| | ५.२ | क्षेत्रगत आधारमा आवद्ध बालक्लव विवरण | |
| | ५.३ | बालक्लवमा आवद्ध बालबालिका | |
| | ५.४ | क्षेत्रगत आधारमा बालक्लवमा आवद्ध बालबालिका विवरण | |
| | ५.५ | बालक्लव सञ्चालन स्थान वर्गीकरण विवरण | |
| ५.१ | | बालक्लवका आधारहरू | |
| | ५.६ | बालक्लव सहजिकरण विवरण | |
| ५.२ | | बालक्लव सहजिकरण विवरण | |
| | ५.७ | बालक्लवहरूको सञ्जाल | |
| | ५.८ | संरचनामा बालसहभागिता | |

♦






*"बालबालिकाका कुरा सुनौंः बाल दुव्यवहार अन्त्य गरौं"*

